# तामाङ्ग महिलाहरुको सामाजिक तथा आर्थिक अवस्था र परिवर्तन

**(काठमाडौं जिल्ला, गोकर्णेश्वर नगरपालिका वडा नं. ३, ४ र ५ का तामाङ्ग महिलाहरुको एक अध्ययन)**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता
परिपूर्ति गर्नका लागि प्रस्तुत
गरिएको शोधप्रत्र

**प्रस्तुतकर्ता**
विष्णु विष्ट (भण्डारी)
त्रि.वि. रजिष्ट्रेशन नं. : ६-१-३८-२२७-९८
सिम्बोल नं २८१७२२

**मानवीकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत**
**समाजशास्त्र केन्द्रिय विभाग**
**कीर्तिपुर, काठमाडौं**
२०७३

**त्रिभुवन विश्वविद्यालय**

**मानवीकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत**

**समाजशास्त्र केन्द्रिय विभाग**

**कीर्तिपुर, काठमाडौँ**

**सिफारिस पत्र**

त्रिभुवन विश्वद्यिालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गज समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपधि प्राप्तिको निमित्त आंशिक आवश्यकता पुरा गर्नका लागि मेरो निर्देशनमा **विष्णु विष्ट (भण्डारी) ले "तामाङ्ग महिलाहरुको सामाजिक तथा आर्थिक अवस्था र परिवर्तन (काठमाडौं जिल्ला, गोकर्णेश्वर नगरपालिका.वडा नं. ३, ४ र ५ का तामाङ्ग महिलाहरुको एक अध्ययन)"** शीर्षकमा तयार पार्नु भएको हो । प्रस्तुत शोधपत्रको आवश्यक अन्तिम मूल्यांकनको लागि सिफारिश गर्दछु ।

........................................

**डा. सुरेन्द्र मिश्र**

(शोध निर्देशक)

मिति : २०७३/०४/८

**त्रिभुवन विश्वविद्यालय**
**मानवीकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत**
**समाजशास्त्र केन्द्रिय विभाग**
**कीर्तिपुर, काठमाडौं**

## स्वीकृति पत्र

त्रिभुवन विश्वद्यिालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता पुरा गर्नका निमित्त **विष्णु विष्ट (भण्डारी)** द्वारा तयार पारिएको **"तामाङ्ग महिलाहरुको सामाजिक तथा आर्थिक अवस्था र परिवर्तन ( काठमाडौं जिल्ला, गोकर्णेश्वर नगरपालिका वडा नं. ३, ४ र ५ का तामाङ्ग महिलाहरुको एक अध्ययन)"** नामक शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर तहको लागि उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

| **शोध मूल्याङ्गन समिति** | **हस्ताक्षर** |
|---|---|
| **डा. तुलसीराम पाण्डे**<br>(विभागिय प्रमुख) | ................................... |
| **डा. सुरेन्द्र मिश्र**<br>(शोध निर्देशक) | ................................... |
| **डा. टिकाराम गौतम**<br>(वाह्य परिवेक्षक) | ................................... |

मितिः २०७३/०५/१

## विषय सूची


| | | पेज नं. |
|---|---|---|
| सिफारिस पत्र | | |
| स्वीकृति पत्र | | |
| कृतज्ञता ज्ञापन | | |
| विषय सूची | | |
| तालिका सूची | | |
| संक्षेप रुपको सूची | | |
| **अध्याय एक: परिचय** | | **१-४** |
| १.१ | अध्ययनको पृष्ठभूमी | १ |
| १.२ | समस्याको कथन | ३ |
| १.३ | अध्ययनको उद्देश्य | ४ |
| १.४ | अध्ययनको महत्व | ४ |
| **अध्याय दुई : साहित्यको अध्ययन** | | **५-१८** |
| २.१ | पूर्व साहित्य समीक्षा | ५ |
| २.२ | सैद्धान्तिक समीक्षा | ११ |
| २.३ | नीति तथा योजनागत समीक्षा | १३ |
| २.४ | अवधारणागत ढाँचा | १६ |
| **अध्याय तीन : अनुसन्धान विधि** | | **१८-२०** |
| ३.१ | अध्ययनको क्षेत्र र क्षेत्र छनौटको आधार | १८ |
| ३.२ | अनुसन्धान ढाँचा | १८ |
| ३.३ | समग्रता र नमूना छनौट | १८ |
| ३.४ | तथ्याङ्क संकलन विधि | १९ |
| ३.४.१ | अन्तर्वार्ता सूची | १९ |
| ३.४.२ | असहभागीमूलक अवलोकन | १९ |
| ३.४.३ | जानकार व्यक्तिसँगको अन्तर्वार्ता | २० |
| ३.४.४ | सामूहिक छलफल | २० |
| ३.५ | तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण | २० |

| | | |
|---|---|---|
| ३.६ | अध्ययनको सिमा | २० |
| **अध्याय चार : अध्ययन क्षेत्रको परिचय** | | **२१-३२** |
| ४.१ | अध्ययन क्षेत्रको परिचय | २१ |
| ४.१.१ | गा.वि.स.को जनसंख्या र घरधुरी संख्या | २२ |
| ४.१.२ | जातिगत आधारमा गा.वि.स.का घरधुरी संख्या | २२ |
| ४.१.३ | परिवारको कार्य | २३ |
| ४.१.४ | सामाजिक व्यवस्था | २४ |
| ४.१.५ | आर्थिक व्यवस्था | २४ |
| ४.१.६ | जीविको पार्जनका रणनीतिहरु | २५ |
| ४.१.७ | परम्परागत पेशा | २५ |
| ४.१.८ | वर्तमान पेशा | २६ |
| ४.१.९ | पेशा/व्यवसाय छनौटका आधारहरु | २६ |
| ४.१.१० | क्षमता अभिवृद्धीका उपायहरु | २७ |
| ४.१.११ | स्थानीय उत्पादन/वितरण/उपभोगको स्थिती | २७ |
| ४.१.१२ | यातायात | २७ |
| ४.२ | सांस्कृतिक सम्पदा तथा संस्कृति | २८ |
| ४.२.१ | भाषा | २८ |
| ४.२.२ | धर्म | २८ |
| ४.२.३ | चाडपर्वहरु | २८ |
| ४.२.४ | हावापानी | २९ |
| ४.२.५ | प्राकृतिक स्रोतहरु | २९ |
| ४.२.६ | जङ्गल (वन) | २९ |
| ४.२.७ | माटो | ३० |
| ४.२.८ | पानी | ३० |
| ४.२.९ | पशुपन्छी | ३० |
| ४.२.१० | शिक्षा | ३१ |
| ४.२.११ | स्वास्थ्य सेवा | ३१ |
| ४.२.१२ | सामाजिक सम्बन्धहरु | ३२ |

| | | |
|---|---|---|
| ४.२.१३ | सामाजिक भूमिकाहरु | ३३ |
| **अध्याय पाँच : तथ्याङ्कको विश्लेशण र प्रस्तुतीकरण** | | **३३-६२** |
| ५.१ | तामाङ्ग महिलाहरुको सामाजिक स्थिती | ३३ |
| ५.१.१ | उमेरगत विवरण | ३३ |
| ५.१.२ | परिवारको प्रकार | ३४ |
| ५.१.३ | वैवाहिक स्थिती | ३४ |
| ५.१.४ | विवाह गर्दाको उमेर | ३५ |
| ५.१.५ | शैक्षिक स्थिती | ३५ |
| ५.१.६ | चर्पीको प्रकार | ३६ |
| ५.१.७ | खानेपानीको स्रोत | ३७ |
| ५.१.८ | परिवार नियोजनका साधन | ३७ |
| ५.१.९ | बच्चा जन्माएको स्थान | ३८ |
| ५.१.१० | परिवारका सदस्य बिरामी हुँदा उपचार गराउने ठाउँ | ३९ |
| ५.१.११ | संघसंस्था सँग आवद्ध | ३९ |
| ५.१.१२ | घरको काममा महिला तथा पुरुषको सहभागिता | ४० |
| ५.१.१३ | निर्णय प्रकियाको स्थिती | ४० |
| ५.२ | महिलाहरुको आर्थिक स्थिती | ४१ |
| ५.२.१ | आम्दानीको स्रोत | ४१ |
| ५.२.२ | परिवारको मासिक आम्दानी | ४२ |
| ५.२.३ | भूमिको विवरण | ४३ |
| ५.२.४ | घरपालुवा पशुपन्छीको विवरण | ४४ |
| ५.२.५ | परिवारबाट विदेश गएकाको विवरण | ४४ |
| ५.२.६ | इन्धनका साधन प्रयोगको स्थिती | ४५ |
| ५.२.७ | दाइजो पेवा | ४५ |
| ५.२.८ | बचत | ४६ |
| ५.२.९ | घरको प्रकार | ४७ |
| ५.२.१० | धुम्रपान सम्बन्धीविवरण | ४७ |
| ५.२.११ | विवाह भएको किसिम | ४८ |

| | | |
|---|---|---|
| ५.३ | तामाङ्ग महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थामा परिवतर्न | ४८ |
| ५.३.१ | शिक्षा | ४८ |
| ५.३.२ | सञ्चार | ४९ |
| ५.३.३ | बजार | ५० |
| ५.३.४ | राजनीति | ५१ |
| ५.३.५ | चेतना | ५१ |
| ५.३.६ | पश्चिमीकरण | ५२ |
| ५.३.७ | बाह्य मानिससँगको सम्पर्क | ५२ |
| ५.३.८ | विश्वव्यापीकरण | ५२ |
| ५.३.९ | आधुनिकीकरण | ५३ |
| ५.४ | तामाङ्ग महिलाको सामाजिक स्थितीमा आएको परिवर्तन | ५३ |
| ५.४.१ | तामाङ्ग महिलाको पारिवारिक अवस्था् | ५४ |
| ५.४.२ | तामाङ्ग महिलाको सामाजिक अवस्था | ५४ |
| ५.४.३ | सामाजिक सम्बन्ध | ५४ |
| ५.४.४ | पारिवारिक संरचना | ५५ |
| ५.४.५ | पारिवारिक बनोट | ५५ |
| ५.४.६ | धर्म | ५५ |
| ५.४.७ | संस्कृति | ५६ |
| ५.४.८ | तामाङ्ग महिलाको वैवाहिक अवस्था | ५६ |
| ५.४.९ | तामाङ्ग महिलाको शैक्षिक स्थिती | ५६ |
| ५.४.१० | स्वास्थ्यको अवस्था | ५७ |
| ५.४.११ | तामाङ्ग महिलाको संघसंस्थामा संलग्नताको अवस्था | ५७ |
| ५.४.१२ | तामाङ्ग महिलाको निर्णयात्मक भूमिका | ५८ |
| ५.५ | तामाङ्ग महिलाको आर्थिक स्थितीमा आएको परिवर्तन | ५८ |
| ५.५.१ | तामाङ्ग महिलाको पेशा/व्यवसाय | ५९ |
| ५.५.२ | तामाङ्ग महिला र बजार | ५९ |
| ५.५.३ | तामाङ्ग महिला र रोजगारी | ५९ |
| ५.५.४ | तामाङ्ग महिला र दाइजो/पेवा | ६० |

| | | |
|---|---|---|
| ५.५.५ | तामाङ्ग महिला र कृषि | ६० |
| ५.५.६ | जीविको पार्जनका रणनीतिहरु | ६० |
| ५.५.७ | तामाङ्ग महिला र आम्दानी | ६१ |
| ५.५.८ | महिला र वचत | ६१ |
| ५.५.९ | महिला र लगानी | ६१ |
| ५.५.१० | महिला र ऋृण | ६२ |
| ५.६ | सामाजिक/आर्थिक संघसंस्था र त्यसकोप्रभाव | ६२ |
| **अध्याय छ : सारांश र निष्कर्ष** | | **६३-६८** |
| ६.१ | सारांश | ६३ |
| ६.२ | निष्कर्ष | ६५ |
| **सन्दर्भग्रन्थ** | | **७७-६८** |
| **अनुसूचीहरु** | | **६९-७२** |

# तालिका सूची


| तालिका नं. | शिर्षक | पेज नं |
|---|---|---|
| १ | गा.वि.स.को वडागत जनसंख्या तथा घरधुरी | २२ |
| २ | जातिगत आधारमा गा.वि.स.को घरधुरी संख्या | २२ |
| ३ | उत्तरदाताको उमेरगत विभाजन | ३३ |
| ४ | उत्तरदाताको परिवारको प्रकार | ३४ |
| ५ | उत्तरदाताको वैवाहिक स्थिती | ३४ |
| ६ | उत्तरदाताले विवाह गर्दाको उमेर सम्बन्धी विवरण | ३५ |
| ७ | शैक्षिक स्थिती | ३६ |
| ८ | चर्पीको प्रयोग गर्ने उत्तरदाताको विवरण | ३६ |
| ९ | खानेपानीको श्रोतको विवरण | ३७ |
| १० | उत्तरदाताको परिवार नियोजनका साधन प्रयोगको विवरण | ३८ |
| ११ | उत्तरदाताले बच्चा जन्माएको ठाउँ बारे विवरण | ३८ |
| १२ | उत्तरदाताको परिवारका सदस्य बिरामी हुँदा उपचार गराउने ठाउँको विवरण | ३९ |
| १३ | संघसंस्था सँग आवद्ध उत्तरदाताको विवरण | ४० |
| १४ | निर्णय प्रकियाको विवरण | ४१ |
| १५ | आम्दानीका स्रोतहरु | ४२ |
| १६ | उत्तरदाताको परिवारको मासिक आम्दानी सम्बन्धी विवरण | ४२ |
| १७ | भूमिको विवरण | ४३ |
| १८ | उत्तरदाताको घरपालुवा पशुपन्छीको विवरण | ४४ |
| १९ | उत्तरदाताले प्रयोग गर्ने इन्धनका साधनको विवरण | ४५ |
| २० | दाइजो/पेवा सम्बन्धी विवरण | ४६ |
| २१ | वचत गर्ने उत्तरदाताको विवरण | ४७ |
| २२ | उत्तरदाताको घरको प्रकार सम्बन्धी विवरण | ४७ |
| २३ | उत्तरदाताको विवाह भएको किसिमको विवरण | ४८ |
| २४ | सञ्चारका साधनप्रयोग सम्बन्धी विवरण | ५० |

## संक्षेप रुपको सूची

| | |
|---|---|
| क्र.सं. | क्रम संख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| वि.सं. | विक्रम संवत |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नं. | नम्बर (संख्या) |
| NGO | Non-Government Organization |
| INGO | International Non-Government Organization |
| के.त.वि. | केन्द्रिय तथाङ्क विभाग |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| जि.वि.स. | जिल्ला विकास समिति |

# कृतज्ञता ज्ञापन

सर्वप्रथम समाजसास्त्र बिषयको स्नातकोत्तर उपाधि प्राप्तिको प्रयोजनको लागी "तमाङ्ग महिलाको सामाजिक तथा आर्थीक अवस्था र परिवर्तन " काठमाण्डौ जिल्ला गोकर्णेश्वर नगरपालिका वडा नं. ३,४,५ का तामाङ्ग महिलाहरुको एक अध्ययन विषयमा शोधपत्र तयार गर्ने अवसर पाएकोमा समाजशास्त्र विभाग त्रिभूवन विश्वविद्यालय क्याम्पस प्रति ज्यादै आभार व्यक्त गर्दछु ।

यो शोधपत्र तयार गर्ने क्रममा नमुना छनौटमा परेका उत्तरदाताहरु जसले विभिन्न प्रश्न एवं जिज्ञासाहरुको सही उत्तर दिएर सहयोग गर्नु भएको छ । उहालाई धन्यवाद दिन चाहन्छु ।अध्ययन क्षेत्रको विभिन्न तथ्याङ्कको लागी गोकर्णेश्वर नगरपालिका ३,४,५को प्रतिवेदन उपलव्ध गराएर सहयोग गरीदिने गोर्कोश्वर नगरपालिका प्रति पनि आभार व्यक्त गर्न चाहान्छु ।अनुसन्धानको क्रममा विभन्न कार्यालयहरुको जान सल्लाह दिने र आवश्यक सन्दर्भ ग्रन्थहरु उपलव्ध गराउन सहयोग गर्ने मेरा सहपाठी साथीहरु प्रति आभार व्यक्त गर्न चाहान्छु ।

यो शोधपत्र मैले समाजशास्त्र विभागका संयोजक श्री सुरेन्द्र मिश्र ज्यूको निर्देशन र सुपरिवेक्षणमा तयार गरेको हुँ । अध्ययनको शुरुदेखी अन्तिम समयसंम्म सही निर्देशन दिई मार्गदर्शन गर्नुभएकोमा म उहाँ प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै सन्दर्भ ग्रन्थको रुपमा जसका विभिन्न सार्न्दर्भिक सामाग्रीहरु प्रयोग गरीएका छन, ती अग्रज विद्धानहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

अन्तमा यस शोधपत्र तयार गर्नको लागी आवश्यक सहयोग गर्ने मेरो परिवार र विषेश गरी शोधपत्र तयार पार्न प्रोत्साहन गर्नुहुने र कम्यूटर टाईपिङ्गका साथै आवश्यक हरतरहको सहयोग गरी पाईला पाईलामा साथ दिनुहुने मेरा श्रीमान श्री ऋिषव देव भण्डारीज्यू प्रति कृतज्ञ प्रकट गर्दछु ।

**विष्णु विष्ट भण्डारी**

# अध्याय एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

काठमाडौं उपत्यकाको वरिपरिका जिल्लाहरु खासगरी धादिङ्ग, काभ्रे, सिन्धुपाल्चोक, नुवाकोट,रसुवा, मकवानपुर, र सिन्धुली जिल्लामा बसोबास गर्ने तामाङ्ग जातिहरु हाल नेपाल अधिराज्य भरि नै छरिएर बसेको पाइन्छ । नेपाल बाहिर उत्तर पूर्वी भारतको बंगाल राज्यको दार्जिलिङ्ग, सिक्किम राज्य, आसाम राज्य, भुटान अधिराज्य, वर्मा र उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बतको कुरोड, सिंगारसेसम्म पनि तामाङ्ग बस्तीहरु पाइन्छन् । वि.सं.२०६८ को जनगणनाले नेपालमा तामाङ्गको जनसंख्या १५,३९,८३० देखाए पनि तामाङ्गको यो संख्यालाई सही तथ्याङ्क होइन भनि तामाङ्ग जातिको अध्ययन गर्ने लेखकहरु भन्छन्। तामाङ्ग जातिको जनसंख्या निश्चित रुपमा ३० लाख भन्दा माथि हुनुपर्दछ (तामाङ्ग, २०६४) । तुलनात्मक रुपमा अरु जातका महिलाको भन्दा पारिवारिक स्थिति उच्च देखिएका तामाङ्ग महिलाहरु पुरुषबाट पनि त्यति अपहेलित हुनु नपरी सम्मानित नै भएको पाइन्छ । घर परिवार र आफ्नो समुदायमा पुरुषकै तुलनामा अधिकार पाउन सफल तामाङ्ग जातका महिलाको आर्थिक स्थितिको पक्षमा पनि सबल भूमिका पाइन्छ । आफ्नो जात र समुदाय भित्र पुरुष सरह नै स्थिति बनाउन सफल भएपनि तामाङ्ग महिला ब्राम्हण र क्षेत्री जातका महिलाको तुलनामा आफूलाई पुऱ्याउन सकिरहेका छैनन् । तामाङ्ग महिलाको सामाजिक, आर्थिक र शैक्षिक स्थितिलाई सुधार्न सकेमात्र उनीहरु अन्य उच्च जात भनिने महिला सरह अगाडि बढ्न सक्नेछन् (के.त.वि.२०६८) ।

विश्वमा विभिन्न समाजशास्त्री/मानवशास्त्रीहरुबाट मानवीय उत्पति एवं यससँग सम्बन्धित विभिन्न पक्षका बारेमा अध्ययन अनुसन्धान हुँदै आएका छन् । यद्यपी यस बारेमा अनेकौं खोज हुन बाँकी छ । मानव जाति समाज भित्र समेटिएर बसेको हुन्छ । समाजमा मानव जातिहरु, अलग-अलग धर्म, सम्प्रदाय र भेषभूषामा समेटिएर बसेका हुन्छन् । पृथ्वीको उत्पतिसँग मानव समाजको सम्बन्ध जोडिएको छ । जब मानव जाति जंगली र घुमन्ते युगबाट विकास हुँदै एक स्थायी जीवन व्यतित गर्न थाले तब मानिसले आफ्नो दल, समूह र वर्गको निर्माण गर्न थाले । यही विकासको क्रममा अनेक रुप र रङ्गमा देखा पर्नुका साथै

विभिन्न वर्ग, जात, उपजात र थरहरु भएका मानिसहरु समाजमा देखा पर्न थाले । मानिसहरुले आफ्नो मौलिकता जोगाउनुका साथै आ-आफ्ना संस्कृतिको जगेर्ना गर्न थाले । नेपालको कूल जनसंख्या २,६४,९४,५०४ रहेको छ । जसमध्ये महिलाको जनसंख्या १,३६,४५,४६३ (५१.५%) र पुरुषको जनसंख्या १,२८,४९,०४१ (४८.५%) रहेको छ । नेपालमा तामाङ्गहरुको जनसंख्या १५,३९,८३० रहेको छ । गोकर्णेश्वर नगरपालिकाकामा तामाङ्गको जनसंख्या २,४५० छ जसमा पुरुषको १,१८८ र महिलाको १,२६२ रहेको छ । (के.त.वि.२०६८)

जातिय विविधता, भिन्न संस्कृति, भाषा, धर्म र रीतिरिवाज भएको नेपालमा १०० भन्दा बढी जातजाति, ५ भन्दा बढी धर्म र १०२ भन्दा बढी भाषा बोल्ने गरिन्छ । नेपालमा सबैभन्दा ठूलो समुदाय क्षेत्री समुदाय हो । जो हालको देशको कूल जनसंख्याको १६.६% छन् भने सबैभन्दा सानो समुदाय कुसुण्डा हो जो २७३ जना मात्र रहेका छन् (के.त.वि.२०६८) । नेपालका अधिकांश जाति तथा जनजातिहरु प्राचिन समयदेखि नै नेपाल बाहिरबाट आइ बसोबास गरेको पाइन्छ ।

राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज भएको, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूची बमोजिमको जाति वा समुदाय सम्झनुपर्छ भनिएको छ । उक्त अनुसूचीमा ५९ वटा जातिलाई आदिवासी जनजाति मानिएको छ । चौधौं शताब्दीमा राजा जयस्थिति मल्लद्वारा गरिएको जाति विभाजनलाई हेर्दा चार वर्ण (ब्राम्हण, क्षेत्री, वैश्य र शुद्र) मा जातलाई विभाजन गरिएको पाइन्छ । श्री ५ बडामहाराज पृथ्वी नारायण शाहले पनि नेपाललाई चारजात छत्तीस वर्णको साझा फूलबारी भनेका छन् (विष्ट, २०६४) । यी जातिहरु मध्ये पेशाको आधारमा तामाङ्ग जाति निम्न रुपमा रहन पुग्यो । तामाङ्ग जातिको मुख्य पेशाको रुपमा कृषि रहन पुग्यो । तामाङ्ग जातिहरुले उच्च जातिलाई कृषि काम गरी सेवा गर्नुपर्ने बाध्यता रहन गयो, जसको कारण उच्च जातिले आफ्नो अस्तित्वलाई अगाडि बढाउन सफल भए भने जनजातिहरु सामाजिक शोषणको सिकार भई माथि उठ्न सकेनन् । सामाजिक-आर्थिक शोषण र पछौटेपनका कारण ग्रस्त भएका तामाङ्ग जातिहरुले आफ्नो अस्तित्व गुमाउनु पऱ्यो ।

जनजातिको हिसाबले आफ्नो अस्तित्व अरु जातिको तुलनामा फैलाउन नसकेका तामाङ्ग महिलाहरुको अवस्था अन्य जातिको महिलाको तुलनामा परिवारमा भने माथि रहेको

पाइन्छ । शैक्षिक स्थिति र बाहिरी क्षेत्रसँगको पहुँचको स्थिति अन्य जातका महिलाको तुलनामा पछि परेको अवस्था छ, आफ्नै परिवार भित्र निर्णय गर्ने क्षमता, सञ्चय गर्ने काम, आदिमा तामाङ्ग महिलाहरु पुरुष सरह नै छन् । त्यसैले तामाङ्ग महिलाहरुको सामाजिक र आर्थिक स्थितिको अध्ययन गरी उनीहरुको स्थितिमा आएको परिवर्तन र ती परिवर्तनले पार्न सक्ने प्रभावको बारेमा यो शोधपत्र तयार गरिएको हो ।

### १.२ समस्याको कथन

वर्तमान युगमा नारीको पक्षमा कलम चलाएर पनि आज नारीको अवस्था जहाँको त्यहीं छ । उनीहरुसधैं कागजी पानामा मात्र विकासका पथमा देखिन्छन् । उनीहरुको जीवनस्तर एकदमै पछि परेको छ । कुल जनसंख्याको आधाभन्दा बढी ओगटेको नारीको अवस्था पुरुषको तुलनामा दुःखदायी छ । ग्रामीण क्षेत्रका महिलाहरु शहरी क्षेत्रका महिलाभन्दा निकै पछाडि परेका छन् । ग्रामीण क्षेत्रका महिलाहरु प्रायजसो कृषि पेशामा संलग्न छन् । कृषि पेशा र घरायसी कामलाई उत्पादनशील कामको रुपमा नहेर्ने परिपाटीले महिलाको स्थितिलाई पछाडि पारेको छ । नेपाली समाज पितृसतात्मक समाज भएकोकारणले गर्दा पनि नेपाली महिलाहरु हरेक क्षेत्रमा कमजोर रुपमा देखिन बाध्य छन् ।

वर्तमान समयमा विश्वव्यापी परिवर्तनको असर हरेक क्षेत्रमा परेबाट महिलाहरु पनि यसबाट टाढा छैनन् । परिवर्तित व्यवस्थालाई आत्मसाथ गर्दै उनीहरुको सामाजिक तथा आर्थिक अवस्था भित्र आएको परिवर्तनले महिलाहरुको स्थितीको बारेमा बुझ्न सकिन्छ । यद्यपी हाम्रो जस्तो परम्परावादी समाजमा विश्वव्यापी परिवर्तनको असरलाई समाजले ढिलो गरि स्वीकार्ने अवस्था रहेको छ ।

अन्य समुदायका महिलाको साथै तामाङ्ग महिलाहरुलाई विभिन्न प्रकारका बन्देजहरु लगाइएको छ । महिलासँग सम्बन्धित केही साझा समस्याहरुमा सम्पतिमा अधिकारको कमी, शिक्षामा अवसरको कमी, आय आर्जनका क्रियाकलापमा सहभागीताको कमी, सरकारी र अन्य बाह्य क्षेत्रमा अवसरको कमी, स्वास्थ्य सुविधाको कमी, निर्णय गर्ने अधिकारमा कमी, कानुनी अधिकारको कमी जस्ता सामाजिक र आर्थिक पक्षभित्र समेटिने विषयवस्तु पर्दछन् । सामाजिक र आर्थिक पक्षभित्र समेटिएका यिनै अवसर र सुविधाको पहुँच महिलाहरुसम्म नपुग्नाले उनीहरुलाई अगाडी बढ्न बाधा पुगेको छ ।

यस अध्ययनमा काठमाडौं जिला, गोकर्णेश्वर नगरपालिका स्थित वडा नं. ३, ४ र ५ का तामाङ्ग महिलाहरुको निम्नसमस्याहरुसँग सम्बद्ध भएर शोध तयार गरिएको छ । ३

- तामाङ्ग महिलाहरु सामाजिक र आर्थिक रुपमा पछाडी पर्नुका कारणहरु के के हुन् ?
- तामाङ्ग महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थामा के-कस्ता परिवर्तनहरु देखिएका छन् ?
- तामाङ्ग महिलाहरुको सामाजिक तथा आर्थिक पक्षहरुमा परिवर्तन देखिनुका कारणहरु के के हुन् ?

**१.३ अध्ययनको उद्देश्य**

प्रस्तुत अध्ययन काठमाडौं जिल्लाको गोकर्णेश्वर नगरपालिकाका वडा नं. ३, ४ र ५ मा बसोबास गर्ने तामाङ्ग महिलाको सामाजिक र आर्थिक स्थिति र त्यसमा आएको परिवर्तनको अध्ययनमा केन्द्रित रहेको छ । प्रस्तुत

अध्ययनका उद्देश्यहरु निम्न अनुसार छन् :

- अध्ययन क्षेत्रका तामाङ्ग महिलाको सामाजिक अवस्थाको अध्ययन गर्नु
- अध्ययन क्षेत्रका तामाङ्ग महिलाको आर्थिक अवस्थाको अध्ययन गर्नु
- अध्ययन क्षेत्रका तामाङ्ग महिलाको सामाजिक र आर्थिक अवस्थामा परिवर्तन ल्याउने कारक तत्वहरुको बारेमा उल्लेख गर्नु

**१.४ अध्ययनको महत्व**

कुनै पनि जातिको सांस्कृतिक, राजनैतिक, आर्थिक, सामाजिक आदि पक्षहरुको अध्ययनद्वारा उनीहरुको वास्तविक रुप झल्किन सक्छ । यस शोध कार्यमा तामाङ्ग महिलाको सामाजिक तथा आर्थिक पक्षको अध्ययन भइ उनीहरुको समस्याहरुलाई उजागर गरिएको हुनाले सरकारी स्तरका नीति निर्माण गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको गैरसरकारी संस्थाहरुको कार्यक्रम तय गर्नमा समेत यस अध्ययनको सैद्धान्तिक एवं व्यवहारिक महत्व रहेको छ । आफ्नो परम्परागत मूल्य र मान्यतालाई आवश्यक मात्रामा परिमार्जन गर्दै आफ्नो संस्कार र संस्कृतिलाई अगाडि बढाएको तामाङ्ग समाजको  सामाजिक र आर्थिक जीवनमा परिवर्तन आएको छ । समुदायमा बसोबास गर्ने अन्य जातिको सामाजिक स्थितिसँग मेल खाने सामाजिक क्रियाकलापमा आफूलाई समाहित गर्दै अगाडि बढिरहेको छ । सामाजिक दृष्टिले पिछडिएको तामाङ्ग जातिको महिलाको स्थितिको बारेमा अध्ययन गर्नु यो शोध कार्यको महत्वपूर्ण कार्य भएको छ ।

# अध्याय दुई
# साहित्यको अध्ययन

## २.१ पूर्व साहित्य समीक्षा

नेपालमा ग्रामीण महिलाहरुको स्थिती तिनीहरुको सहयात्री पुरुषको भन्दा निकै नराम्रो छ । महिला जसले कूल जनसंख्याको आधा हिस्सा ओगटेको छ उनीहरु सधैं तल्लो स्तरमा रहेका हुन्छन् । उनीहरु विकासका कुनै पनि क्रियाकलापमा अपलेहित भएका हुन्छन् अर्थात् सहभागिता पूर्णरुपमा लिन पाउँदैनन् । घरेलु कृषिकार्य अथवा जीविकाको श्रोतमा नै महिलाहरुको प्राथमिक समर्थन हुन्छ । (आचार्य, बेनेट, १९८१)

नेपाली पुरुषहरुको तुलनामा महिलाहरुको आर्थिक क्रियाशीलताको अनुपात कम उल्लेख गरिएको पाइन्छ । यहाँ अरु विकासोन्मुख देशहरुको तुलनामा सामान्यतया आर्थिक रुपमा क्रियाशील रहने जनसंख्या अधिक पाइएको छ । नेपाल लगायत अन्य विकासोन्मुख देशहरुमा बाल मजदुर र वृद्धहरु पनि क्रियाशील रहनु पर्ने बाध्यतालाई साझा समस्याको रुपमा लिन सकिन्छ । (आचार्य-१९७९)

“घर परिवार चाहे धनी होस् या गरिब घरेलु कार्यहरुको जिम्मा महिला माथि नै हुन्छ । बालीनाली थन्काउनु, खाना बनाउनु, सरसफाई एवं बालक तथा वृद्धहरुको हेरचाह गर्नु आदि जस्ता कार्यहरु पनि महिलाहरुले गर्नुपर्दछ । जबकी पुरुषहरुले अत्यन्तै थोरै समय मात्र घरायसी कार्यमा खर्च गर्दछन् । (आचार्य, १९८१)

नेपालका सबै जातिहरुमा आमाको भूमिकाको उच्च मूल्य भएता पनि महिलाहरुको रुपमा उनीहरुको भूमिकामा भने समुदाय पिच्छे व्यापक फरक पाइन्छ । जहाँसम्म हिन्दू धर्मका उच्च जातका महिलाहरुको सवाल छ, उनीहरुले श्रीमती र आमाको रुपमा मात्र आफ्नो सामाजिक हैसियत स्थापना गर्न सक्दछन् । तर भोट-बर्मेली भाषा बोल्ने परिवारमा भने विवाह नगरे पनि श्रीमतीका रुपमा सामाजिक हैसियत प्राप्त गर्न अन्य उपायहरु अवलम्बन गर्न सक्ने स्थिति देखिन्छ । (आचार्य, बेनेट, १९८१)

वयस्क पुरुषले दिनको आफूले गरिने कामको समयमा ६२.२% उत्पादनमूलक कामामाबिताउँछ भने महिलाहरुले मात्र ३८.८% मात्रै उत्पादनमूलक काममा बिताउँछन् । तर फेरि पनि महिलाहरुको काम पुरुषको भन्दा बढी हुन्छ । १० देखि १४ वर्षसम्मका

केटाहरुले दिनमा ७ घण्टा फुर्सदको समय बिताउँछन् भने त्यति नै वर्षको केटीहरुले मात्र ५ घण्टा आरामको समय बिताउँछन् । (आचार्य, १९७९)

देशको आधा जनशक्तिको रुपमा रहेका महिलाहरु देश विकासमा सदा सर्वदा संलग्न रहेपनि अशिक्षा, अस्वस्थता, गरिबी तथा परम्परागत सामाजिक रुढीबादी व्यवहारले गर्दा सम्पत्ति, आय, रोजगार जस्ता आर्थिक श्रोत एवं अन्य श्रोतका अवसरहरुको पहुँचबाट टाढा छन् । महिलावर्ग पुरुष वर्गका साथ साथै जबसम्म पूर्णरुपमा राष्ट्रको उत्थान कार्यमा संलग्न हुँदैनन् तबसम्म देशको आर्थिक सामाजिक स्थितिमा सुधार आउन सक्दैन । (योजना आयोग, २०५५)

महिलाद्वारा गरिने कार्यमा विशेष गरी घर र खेतको काम नै हुन्छ, यसमा पनि विभिन्न किसिमको अत्यन्तै कठिन कार्य समावेश भएका हुन्छन् । जस्तैः निकै टाढा गएर पानी ल्याउनु, ईन्धनको लागि दाउरा संकलन गर्नु, पशुहरुको हेरचाह गर्नु आदि छन्, यसको साथै अन्य सामान्य कामहरु खाना पकाउनु, घर सफा गर्नु, परिवारको सदस्यहरुको हेरविचार गर्नु, घरको यी सबै कामहरु गर्नुका साथै महिलाहरु पूर्ण रुपमा कृषि कार्यमा सहभागी भएको हुन्छन् । (सेडन, १९८७)

तामाङ्गहरुको उत्पति सम्बन्धी कसैकसैले तामाङ्गलाई मुर्मी पनि भन्दछन् । जसको अर्थ सिमानाका बासिन्दा हुन्छ । जर्ज एन रोरिकले तामाङ्गको अर्थ 'घोडचढी सैन्य' हो भन्नुभएको छ । सन्तवीर तामाङ्गले आफ्नो "तम्बा कइतेन ब्वाइ रिमठिन" (तामाङ्गका पुर्ख्यौली रीतिरिवाज र गीत) नामक पुस्तकमा उल्लेख गरे अनुसार तामाङ्गहरु तिब्बती राजा स्रोङचङ गम्पोले नेपालमा आक्रमण गर्दा उनीसँग नेपाल आएका तर तिब्बत नफर्की नेपालको विभिन्न इलाकामा बसोबास गरेका घोडचढी फौज (तामाङ्ग)को नाउँबाट यो शब्द प्रचलित भएको हो भन्ने बुझिन्छ । तामाङ्गहरुको वंशावलीमा स्रोङचङ गम्पोसँग तामाङ्गहरु आएको उल्लेख नभएकोले लामाजी स्वयं चाहिँ यो कथालाई सत्य मान्नु हुन्न र तामाङ्गहरु नेपालकै आदिम निवासी हुन् भन्ने तर्क पेश गर्नु हुन्छ । अर्को भनाइमा तामाङ्गको अर्थ घोडचढी सैन्य होइन, घोडाको धनी हो, तर यसमा पनि सबैको सहमति छैन । (सूचना विभाग-२०३१)

धेरै विद्वानहरुले काठमाडौं उपत्यकाको पहिलो बासिन्दा तामाङ्ग हुन् र उपत्यकामा पछि प्रवेश गरेका समुदायहरुसँग पराजित भए पश्चात् तामाङ्गहरुले काठमाडौं उपत्यकाको काँठ र वरिपरिको पर्वतीय क्षेत्रमा बसोबास गर्न थालेका हुन् भनेका छन् । अहिले पनि तामाङ्गहरुको घना आवादी यसै क्षेत्रमा रहेको छ । बाह्रौं शताब्दीको ऐतिहासिक अभिलेख

अनुसार तामाङ्ग जातिको नाम समेत यहीं क्षेत्र (वर्तमान नेपाल)मा प्रचलित भएको थियो ।" (तामाङ्ग, २०५१)

"तामाङ्ग जातिको समृद्ध भाषा, संस्कृति र परम्परा छ । तेस्रो शताब्दीको ऐतिहासिक अभिलेखहरुमा पनि तामाङ्ग जाति शक्तिशाली रहेको दर्शाइएकोले यो जातिको प्राचिनकालदेखि नै सभ्यता विकास भएको पाइन्छ । यो जाति बौद्ध धर्म मान्दछन् । तामाङ्गहरुको लिपि तिब्बती लिपि हो । भोट बर्मेली परिवार तामाङ्ग भाषा बोल्दछन् । धर्म ग्रन्थहरु थुप्रै छन् । राजा, पुरेत, इतिहास बाचक आदि उच्च बौद्धिक श्रम विभाजन समेत यो जातिमा भएको पाइन्छ । ल्होसार, माघे संक्रान्ति, वैशाख पूर्णिमा, श्रावण पूर्णिमा विशेष पर्वको रुपमा मनाइन्छ । फापरको रोटीको परिकार खाइन्छ र नाचगानमा पनि तामाङ्गहरुको संस्कृति समृद्ध छ । तामाङ्गहरुको थुप्रै थर हुन्छ । (अधिकारी-२०५७)

"तामाङ्गहरुको थर यति नै हुन्छ भनेर किटान गर्न सकिँदैन । थरको आविष्कार स्थान विशेष र अरु यस्तै कारणहरुबाट हुन्छ । उदाहरणका लागि तिनको मूल कारण खोजेको खण्डमा भिरालो ठाउँमा बस्ने मिलेनदेन, भीरको छेऊमा बस्ने चौदेन कठलाए जस्तै अरु थरको पनि केही अर्थ हुन सक्दछ । एउटा थरका मानिसहरु एक गोत्रका मानिन्छन् । तर कुनै ठाउँमा यसको अपवाद पनि पाइन्छ । जस्तै गोले र दोङ एउटै गोत्रका मानिन्छन् । एकै गोत्रका तामाङ्गहरु आपसमा विवाह गर्दैनन् ।"(शर्मा,२०४९)

"तामाङ्गहरु एकै ठाउँमा घर बनाएर गुजुमुज्ज बस्न रुचाउँछन् । काठका फल्याक, चेप्टो खरी, ढुंगा आदिले छाएका घरहरु साधारणत दुई तले हुन्छन् । माथिल्लो तल्लाले भकारी र भण्डारको काम दिन्छ भने भान्साघर, सुत्ने कोठा आदि भुइँ तल्लामा हुन्छन् । सिकुवालाई बैठकको रुपमा प्रयोग गरिन्छ ।" (सूचना विभाव, २०३१)

"बिहे गर्दा फुपु-चेली, मामा-चेली वा फुपु-चेला, मामा-चेला दुबै थरी गर्ने चलन छ । तर केटा र केटीहरु आपसी भेटघाट, खेलवाड र माया प्रीति बसाउनमा पुरै स्वतन्त्र हुनाले आफ्नो जातिभित्र जो सुकैसँग बिहे गर्न सक्छन् । धेरैजसो बिहे उमेर पुगेका केटा र केटीले आपसको माया प्रीति बसालेर नै गर्ने गर्दछन् । बिहे नगर्दै पेट बोकेर छोराछोरी पाइहाले पनि फेरि अर्को केटा खोजेर बिहे गर्न खास गाऱ्हो पर्दैन । त्यसैले छोरीलाई बेलैमा कम उमेरमा केटो खोजेर बिहे गरिदिइ हालेपछि निर्धक्क मान्ने बाहुन, क्षेत्री बाबु-आमालाई जस्तो तामाङ्ग बाबुआमालाई तरुणी छोरी बारे पीर गर्नुपर्ने स्थिति छैन । तर समय-समयमा बाहुन क्षेत्रीकै नक्कल गरेर सानै उमेरमा केटा र केटीको बन्दोबस्त मिलाई बिहे गर्ने चलन

पनि एक दुई सम्पन्न तामाङ्गहरुले बसाल्न खोजेको देखिन्छ । बिहे गरी नसकेको भाइले आफ्नो दाजु मरे पछि भाउजु स्याहार्ने चलनले घर र पैतृक सम्पत्ति धेरै टुक्रिन नपाउने राम्रो चलन बसेको छ । साधारण अवस्थाको बिहेमा जन्ती, भोज, दाइजो, गोडधुवा, पेवा आदि सबै अरु नेपाली जातसँग मिल्दो नै हुन्छ ।" (विष्ट-२०६४)

"देशमा आफ्नो भाषा, संस्कार, संस्कृतिले अवसर नपाउँदा र राज्यले तामाङ्ग मूल्य र मान्यताको उपेक्षा गर्नाले आर्थिक, राजनैतिक कारण उत्पीडनमा परेकाले मातृभाषामा शिक्षा-दिक्षाको अभावमा चेतनाको स्तर विकास नभएकोले लोभ तथा विभिन्न कारणले तामाङ्गहरु गैर परम्परागत धर्मतर्फ आकर्षित हुन बाध्य भएका छन् । लगभग ई.१९७० को दशकपछि नेपालमा तामाङ्गहरु पनि आफ्नो परम्परागत धर्मबाट इसाई धर्ममा प्रवेश गरेका छन् ।" (तामाङ्ग जातिको चिनारी, २०६९)

"नेपालमा ८००८ महिला सरकारी निजामती सेवाको विभिन्न तहमा सेवारत छन् । त्यसमध्ये ५०२० (६२.७%) बाहुन, क्षेत्री महिला, १७६२ (२२%) नेवार महिला र बाँकी १०४३ (१३.३%) जनजाति छन् । तर तामाङ्ग महिला नेपालको निजामति सेवाको विशिष्ट, सहसचिव, उपसचिव र अधिकृतस्तरमा एकजना पनि पुगेको देखिदैन । सहायक स्तरका कर्मचारीमा रा.प्र.अ.प्रथम श्रेणीमा ४ जना, द्वितीय श्रेणीमा ३३, चतुर्थ श्रेणीमा १ जना, टाइपिष्ट ५ जना र पियन सरहमा ३७ जना जम्मा १०० सेवारत छन् जो कूल निजामती कर्मचारीहरुको १.२४ प्रतिशत हुन्छ ।" (तामाङ्ग,२०६८)

"तामाङ्ग समाजमा मुख्यतया अर्थको सञ्चय गरेर राख्ने काम अहिले पनि घरको आमाले नै गरिरहेको हुन्छ । खासगरी आय-आर्जन हुने काममा पनि आमा नै बढी सक्रिय भएको हुन्छ । त्यसरी नै खेती किसानहरुको मुख्य आयका आधार घरमा सञ्चित खाद्यान्न भण्डारमा यावाङ 'हात लगाउन पाउने मुख्य अधिकार' घरको आमाको नै रहेको हुन्छ । आमाको स्वीकृति बेगर म्हारबाट अन्न झिक्न पाइँदैन । त्यसकारण बजारमा बिक्री वितरण लैजाने र बिक्रीबाट आएको रकम आमाले राख्ने र आमाले नै घर घरायसी लुगा-फाटा, मरमसला आदि लगायत अन्य आवश्यक खर्चबर्चको जोहो गर्ने गरेको हुन्छ । आमाले गर्ने यस्तो खर्चमा बचत गर्नुलाई 'आमासे आमासे क्रिमलाबा' भनिन्छ । यसरी नै तामाङ्ग महिलाहरुले नै घरमा अतिरिक्त आयको लुगा बुन्ने, अैराग पार्ने, बनमा गएर अन्य वनजन्य निउरो, कन्दमूल, प्रुमो, स्यामो 'च्याउ' सङ्कलन गरी बिक्री गरेर नगद आम्दानीका स-साना थप कामहरु गरिरहेको हुन्छ ।" (तामाङ्ग जातिको चिनारी, २०६९)

“तामाङ्ग समुदायमा उपल्ला जातिय समाजमा जस्तो जातिय संरचना छैन । जहाँ शुद्धता र अशुद्धताको भावनाबाट समाज निर्देशित भएको होस् । तामाङ्ग समुदायमा सम्बन्ध पनि स्तरिकृत रुपमा रहेको पाइँदैन । बौद्ध परम्पराबाट सञ्चालन हुने तामाङ्ग समाजमा उचता र निचताको भावना पनि रहेको पाइँदैन । तर पनि तामाङ्ग महिलाहरु अभाव र दुःखको प्रक्रियाबाट अघि बढिरहेका छन् । पर्वते समुदायको प्रभाव रहेका तामाङ्ग समुदायहरु र मूल बौद्धमार्गी तामाङ्गहरुबीच सामान्य फरक देखिन्छ । पर्वतीयहरुको प्रभाव परेका महिलाहरुभन्दा अन्य महिलाहरुमा लैङ्गिक विभेद कम छ । हिन्दु समुदायका अन्य जातका महिलालाई भन्दा तामाङ्ग जातका महिलालाई स्वतन्त्रता छ । तर तामाङ्ग महिलाहरुको कम उमेरमा गरिने विवाहले सामाजिक समायोजनमा अप्ठेरो परेको देखिन्छ । हिन्दु समाजको जस्तो पवित्रताका अवधारणाबाट नभई नातागत सम्बन्धलाई बढी बलियो बनाउन र खासगरी धनी घरमा कामकाजी श्रमलाई सहज बनाउनका लागि कम उमेरमा विवाह गर्ने चलन तामाङ्ग समुदायमा देखिन्छ ।” (March, 2002)

“तामाङ्ग समाजमा विभिन्न संस्कारहरु केन्द्रित भएर व्यवहार र सम्बन्धहरु अघि बढाइएको हुन्छ । तामाङ्ग समुदाय पनि पितृरेखीय आधारबाट नै सञ्चालन हुन्छ । बाबुको थर, गोत्र तथा सम्पत्तिबाट बच्चाहरुको वंश र सामाजिक जीवनको विकास हुन्छ । भाग्यमा विश्वास गर्ने प्रकृतिका तामाङ्ग समुदायको दुःख, सुख, विवाह, धन सम्पत्ति आदि सबै भाग्य अनुसार नै सिर्जना हुन्छ भन्ने मान्यता रहेको छ । लैङ्गिक सामाजिकीकरणले महिला र पुरुषको सामाजिक भूमिकामा पारेको असर तामाङ्ग समुदायमा पनि देख्न सकिन्छ । तामाङ्ग महिलाहरु घरायसी कार्यका अलावा कृषिकार्य र बुनाईमा पनि संलग्न हुने गर्छन् भने बौद्ध ग्रन्थ र त्यस भित्रको लामा ग्रन्थले पुरुषलाई बढी भूमिका दिएको छ ।” (आचार्य,२०६८)

“तामाङ्ग समाजमा कन्यादान भन्ने हुँदैन र गरिँदैन । तामाङ्ग समाजको बिहे प्रणालीको विशिष्टता भनेको नै यही हो । यसैकारण बिहेमा ताम्वाले आजदेखि दूध, मासु र रगतले बनेको हाम्रो छोरीको शरीर ज्वाँइलाई सुम्पियौं तर छोरीको हाड भने हामीले हामीसँगै राख्यौं भन्ने गर्दछन् । अतः चेलीको माइती पट्टीको हाडनाता चाँहि तामाङ्ग समाजमा यथावत् नै रहने परम्परा छ । यसै कारणले गर्दा तामाङ्ग चेलीको बिहेपछि क्षेत्री बाहुनको जस्तो थर बदलिँदैन । जो सुकैसँग बिहे गरेपनि मोक्तानस्या मोक्तानस्या नै रहने वा योञ्जनस्या योञ्जनस्या नै रहने चलन छ । यहीं कारणले गर्दा तामाङ्ग समाजमा बिहेपछि चेलीको मृत्यु हुँदा उसको माइती उपस्थित नभई दाहसंस्कार गरिँदैन । त्यसै कारण तामाङ्ग समाजमा

लोग्नेको थर स्वास्नीले लेख्नुहुँदैन । तर आजकाल हिन्दु प्रभावका कारण कतिपय स्वास्नी मान्छेले लोग्नेकै थर लेख्ने गरेको पाइन्छ ।" (छार म्हेन्दो, २०६९)

विभिन्न समयमा विभिन्न वैचारिक तथा रणनितिक पक्षका साथ महिला आन्दोलनहरु अघि बढेका छन् । जुन कुरा महिला आन्दोलन शीर्षकमा उल्लेख गरिएको छ । यस क्रममा सन् १९३० तिर महिलावादमा पहिलो धारको विकास भयो जहाँ सर्वप्रथम अमेरीकी महिलाहरुले अमेरीकी दासताका विरुद्धमा आवाज उठाएका थिए भने दोस्रो धार सन् १९६० को दशकमा विकास भयो । जसमा विशेषगरी सन् १९६३ मा वेटी फ्रिडनको 'The Feminist Mystique' प्रकाशन शुरु भए पछि समाजको प्रत्येक तहका लैङ्गिक विभेदलाई उठाईन थाल्यो । यस समयमा विभिन्न महिलावादी सिद्धान्तको विकास भएको छ । विशेषगरी आमुल नारिवाद र समाजवादी नारीवादी विश्लेषण यस अन्तर्गत पर्दछन् । खासगरी सन् १९८० को दशकपछि विकास भएको महिलावादी विश्लेषणलाई तेस्रो धार अन्तर्गत राखेर व्याख्या र विश्लेषण गरिएको छ । जसमा महिला विषयलाई सरोकार राखेर हेर्न विद्वतवर्गको महत्वपूर्ण योगदान रहेको छ । यस तेस्रो धारको महिलावादी व्याख्या आधुनिक महिलावादी आन्दोलन सँग सरोकारित छ । यस धारले विश्वव्यापी रुपमा रहेका महिलाको अवस्थालाई अन्तर सम्बन्धित गरी महिला मुद्धाहरुलाई उठाउनु पर्ने तथ्यमा जोड दिएको छ । विश्वव्यापी रुपमा विकास भएको उत्पादन व्यवस्था, वितरणको परिपाटी र त्यसले समाजमा पारेको प्रभावका सन्दर्भमा बसेर लैङ्गिक व्याख्या र विश्लेषण गर्नु पर्दछ भन्ने व्याख्या यसमा पाईन्छ । यसैगरी महिला-महिलाबीच रहेका फरक अवस्थाका बारेमा चित्रण गर्नुपर्ने तथ्यमा यसले जोड दिएको छ । यसैगरी विभिन्न वर्ग, समूह, जाति, जनजाति आदिमा केन्द्रित रहेर लैङ्गिक सम्बन्धलाई व्याख्या गरी लैङ्गिक स्तरीकरणका प्रकृतिलाई बुरुन सकिने महिलावादी तेस्रो धारको मान्यता रहेको छ ।

महिलावादी तेस्रो धारले समाजमा बढी दमित, शोषित र मुल प्रवाहबाट बाहिरिएका समुदायलाई वा विशेषगरी महिलाको अवस्थालाई जोड दिन्छ । लैङ्गिक सम्बन्ध  र अवस्थिति का बारेमा विविधताको खोजलाई यसले जोड दिन्छ । यसका साथै समाजमा हुने प्रत्येक प्रकृतिका दमन, शोषण र अधिनताको संरचना बुझे पछि लैङ्गिक सम्बन्ध र त्यसको अवस्थितिलाई बुरुन सकिने तर्क राखिएको छ । यसरी महिलामाथी हुने दमन, शोषण जस्ता पक्षलाई पनि समुदाय सापेक्ष ढङ्गबाट बुरुनु पर्ने तथ्यमा यिनीहरुले जोड दिएका छन् । यसका लागि सामाजिक व्यवस्था भित्रको अन्तर सम्बन्धको पक्षलाई बुरुनु नितान्त आवश्यक

छ । समाजमा महिलामाथि हुने पिडाको तह पनि फरक-फरक हुन्छ । यसैले वृहत संरचना भित्र बसेर समुदायमा जात, प्रजाति, लिङ्ग, अर्थव्यवस्था आदि सबैको प्रभावलाई लैङ्गिक असमानताका सबालमा बुझ्न पर्दछ । महिलावादी तेस्रो धारले लैङ्गिक विश्लेषणका परम्परागत मान्यता, सिद्धान्त, दृष्टिकोणलाई आलोचना गर्दै विविधता, दमन र विशेषाधिकारका बाहककहरु र आलोचना जस्ता पक्षको व्यख्या र विश्लेषणलाई जोड दिएको छ । (आचार्य,२०६८)

सन् ६४० तिर तिव्बतेली पहिलो राजा सङ्सेन गाम्पोले नेपालको उत्तरी भेगमा प्रभाव जमाएको थिए भन्ने इतिहासमा पाइन्छ । उनका सेनाहरु केही वर्षसम्म त्यहाँ बसेका र त्यसको प्रभाव तामाङ्गमा परेको भनिएको छ । तामाङ्गहरु जहाँबाट आए पनि उनीहरु तिब्बतेली मूलका मानिसहरु हुन् । शारीरिक, भाषिक र सांस्कृतिक रुपमा तामाङहरु उत्तरी क्षेत्रका बासिन्दासँग मिल्दा जुल्दा छन् । तामाङ्गहरुको धर्ममा तिब्बतेली बुद्धमार्ग, हिन्दू र तान्त्रिकवादको मिश्रण रहेको छ । तामाङ्गहरु गोत्रभित्र विवाह गर्दैनन् तर उनीहरु विचमा मामा चेली-फुपू चेला विवाह हुने गर्छ ।

तामाङ्गहरुको गुजरामुखी अर्थतन्त्र स्थानीय वातावरणमा नै सीमित रहेको छ । सम्पूर्ण जनसङ्ख्यालाई भूमि उपयोगको अधिकार रहेको छ । समायोजनका लागि बैकल्पिक रुपमा तिम्लिङका मानिसहरु भरिया, श्रमिक वा भारतीय तथा बेलायती सैन्यमा भर्ना भएका छन् । कृषि योग्य जमिनमा खेतीपाती गर्छन् । वन पैदावरको उपयोग दाउरा बाल्नका लागि हुन्छ । सम्पूर्ण परिवारका सदस्यहरु काममा खटिने गर्छन् । तामाङ्ग अर्थतन्त्र कृषिप्रधान रहेको छ । करिब ६२% घरधुरीको सम्पत्ति भनेको नै भूमि हो । अन्य जीविको पार्जनका ढाँचाहरुमा दुध, ऊन र मासुका लागि पशुपालन गर्छन् । सम्पतिको हस्तान्तरण पुस्तागत रुपमा हुन्छ। विवाह पश्चात छोरा छुट्टिन पुग्दा अर्को चुल्होका लागि अन्न, आलु, काठ लगायत बाडफाँड गरिन्छ । तामाङ्गहरुको उत्पादन प्रणालीको प्रकृति घरेलु वा पारिवारिक रहेको छ । घरपरिवारमा घरमूलीले निर्णय गर्ने गर्छन् । (Fricke,1986)

## २.२ सैद्धान्तिक समीक्षा

युगौंदेखि समाजमा महिला र पुरुषबीच विभेद हुँदै आएको छ । जसले वर्तमानको युगसम्म आइपुग्दा पनि महिला र पुरुषबीच प्रशस्तै विभेद देखाइएको छ । जबकी समान किसिमको अवसर प्राप्त गर्न सके प्राकृतिक रुपमा नै निर्धारित भएका कार्यभन्दा बाहेकका कार्यमा महिला र पुरुषले समान कार्य गर्न सक्दछन् । “सन् १८३० मा सर्वप्रथम अमेरिकी महिलाहरु

दासताका विरुद्ध संगठित भएर आवाज उठाएको पाइन्छ । अमेरिकाको न्यूयोर्क शहरमा कपडा मिलका महिला मजदुरहरुले काम गर्ने समय, ज्याला तथा स्वतन्त्रताको लागि आन्दोलन गरे । महिला आन्दोलनका विभिन्न दबाबहरुकै कारण सर्वप्रथम न्यूजिल्याण्डले सन् १८९३ मा महिलालाई मताधिकार दियो । यसपछि सन् १९५० सम्म युरोपियन, अमेरिकन तथा अन्य राष्ट्रमा महिलालाईमताअधिकार दिइयो ।

सन् १९५० पछिका समयमा महिला सम्बन्धी विभिन्न सिद्धान्तहरुको विकास भयो । उक्त सिद्धान्तहरुले समाजको समग्र परिवर्तन र रुपान्तरका साथै लैङ्गिक भूमिकाको खोज गर्ने सम्बन्धमा काम गर्‍यो । विशेषगरी Kate Millet,1970, Juliet Mitchell, Shella Rowbotham,1973,लगायतका विश्लेषकहरुले महिलाको मनोवैज्ञानिक, ऐतिहासिक तथा प्रजातिय अवस्थिति र सम्बन्धका बारेमा उल्लेख गरी महिलावादी सिद्धान्तको विकासमा टेवा दिए ।

महिलावादी सिद्धान्तको विकासक्रममा तीनवटा धार देखिन्छ । सर्वप्रथम १९ औं शताब्दीको मध्येतिर वैचारिक आन्दोलनको विकास भयो जसलाई पहिलो धार मानियो । जसमा पहिलोपटक महिलाको समस्याका बारेमा आवाज उठाएको देखिन्छ । उक्त आन्दोलनमा Elizabeth Cady, Stanton, Lucretia, Mott जस्ता महिलावादीहरुले महिलाका समस्याहरुका बारेमा बोलेका थिए । यसपछि २०औं शताब्दीको मध्येतिर महिलाको काम, ज्याला, समस्याहरु, भूमिका आदिका बारेमा संगठित रुपले कमल चलाउने प्रयास भयो । जसलाई महिलावादी दोश्रो धार भनिन्छ । जसमा मूख्य गरी Betty Fridan को महत्वपूर्ण योगदान रह्यो । यसैगरी सन् १९८० को दशकसँगै विभिन्न महिलावादी आन्दोलनहरुले समाजमा रहेको लैङ्गिक शोषण, विभेद र दमनका बारेमा विश्लेषण गर्न लैङ्गिक सम्बन्धलाई विश्लेषण गर्न तर्क राखेको पाइन्छ । यसैलाई महिलावादी आन्दोलनको तेस्रो धार भनिन्छ ।

महिलावादी सिद्धान्तले विशेषगरी महिलाका बारेमा उनीहरुको आर्थिक, सामाजिक तथा राजनैनिक अवस्था के कस्तो छ ? महिलाको किन त्यस्तो अवस्था छ ? महिलाहरु बीचमा के-कस्ता फरकहरु छन् ? भन्ने प्रश्नको उत्तर प्राप्त गर्ने गरी अध्ययन तथा अनुसन्धानलाई अघि बढाएको पाइन्छ । यस सिद्धान्तले महिलाको अवस्था कमजोर र असमान रहेको र यसको प्रकृति समाज अनुसार फरक-फरक हुने र यस्तो लैङ्गिक असमानतालाई बुझ्न महिला र पुरुषबीचको शक्ति सम्बन्धलाई बुझ्न आवश्यक ठान्छ । (आचार्य,२०६८)

नेपालको सन्दर्भमा कुरा गर्दा नेपाली समाज परम्परादेखि नै हिन्दुवर्ग व्यवस्थामा आधारित समाज भएकोले यस पृष्ठभूमिमा नेपाली महिलाको स्थान त्यति राम्रो पाउन सकिँदैन । विकासका दृष्टिले अझैं भन्दा शिक्षाका दृष्टिले नेपाली समाज निकै पछाडि परेको छ । आर्थिक क्रियाकलाप, घरायसी काम तथा कृषिको काममा महिलाको भूमिका महत्वपूर्ण भएपनि महिलाको यी कार्यलाई नगन्य रुपमा लिइने कारण नेपाली महिलाको विकास हुन सकेको छैन । महिला विकास, मुक्ति र समानताका लागि विभिन्न समयमा आन्दोलनहरु हुँदै आइरहेको छ । ती आन्दोलनका फलस्वरुप नेपाली समाजका महिलाहरुको विभिन्न क्षेत्रमा सुधार भएका छन् । वि.सं. २०४६ सालमा बनेको नेपाल अधिराज्यको संविधानले लिङ्गका आधारमा महिला र पुरुषलाई कुनै भेद्भाव नगर्ने कानुनी मान्यताको प्रतिस्थापन गरायो । वि.सं.२०६२/६३ सालको जनआन्दोलनपछि बनेको नेपालको अन्तरिम संविधन २०६३ ले महिलाको भेदभाव विरुद्धको हक, प्रजनन स्वास्थ्य सम्बन्धी हक, हिंसा विरुद्धको हक र पैतृक हकको व्यवस्था गरेको छ । यसमा परम्परागत रुपमा रहँदै आएका विभेदको अन्त्य गरिएको छ । लैङ्गिक समानता कायम गर्ने ऐन २०६३, घरेलु हिंसा, कसुर र सजाय ऐन २०६६ पछिल्लो समयमा जारी भएको अवस्था छ । यी सबै महिला आन्दोलनका परिणामका रुपमा लिन सकिन्छ । (आचार्य,२०६८)

### २.३ नीति तथा योजनागत समीक्षा

नेपाल बहुजातिय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक हो । यो मुलुकमा २३७ वर्षदेखि एकल सांस्कृतिक नीति भएको एकात्मक शासनव्यवस्था निरन्तररुपमा चलिरहेछ । नेपालभरि हिन्दु खस अतिराष्ट्रवाद सवार गरिरहेछ । वर्तमान नेपालको सुरुवातको राज्यसत्ता शाह राजा र ६ थरघर केन्द्रित थियो । जंगबहादुर राणाले सत्ता हत्याएपछि शासनको बागडोर  थरघरबाट राणा परिवारमा केन्द्रित भयो । २००७ सालको परिवर्तनपछि राजा वा प्रधानमन्त्रीबाट हुने थमौती र पजनी प्रथामा परिवर्तन ल्याइयो तर शाह र राणाप्रतिको बफादारी र बाहुन क्षेत्रीको आधिपत्यलाई उत्तराधिकारका रुपमा अहिलेको सत्ताले पनि जस्ताका तस्तै कायम गरिराखेको छ । तामाङ्गहरु नेपालको राष्ट्रिय विकासको औसत विकास दरभन्दा धेरै तल र  बाहुन, क्षेत्री र नेवारभन्दा धेरैपछि परेका छन् । हालसम्म तामाङ्ग जातिले राष्ट्रिय विकासबाट लाभ लिएको देखिँदैन । तामाङ्गहरु राष्ट्रिय विकासको कुनै पनि सूचाङ्कहरुमा राष्ट्रिय औषतको बराबरीमा पुगेको देखिँदैन । नेपालमा सर्वप्रथम सन् १९५६ मा प्रथम पञ्चबर्षीय योजना(१९५६-१९६०) लागू गरियो । प्रथम योजना सुरु भएपछि

त्यसको रस चुहिएर तल परेका समुदायहरुमा पुग्दछ र विपन्न वर्गहरु समेत लाभान्वित हुन्छ भन्ने मान्यताका आधारमा एकपछि अर्को योजना बनाउने र लागू गर्ने गरियो । नेपालको नियोजित विकासको इतिहासमा पहिलो पल्ट नवौं योजनामा आदिवासी जनजातिको लागि छुट्टै विकास कार्यक्रम आयो । उक्त कार्यक्रमले 'विकासमा आदिवासी एवं जनजातिको क्रियाशील भूमिका'को नीति र सिद्धान्तलाई अगाडि बढाउने भनिएको उक्त पत्रमा स्थानीय विकासको प्रकृति र स्वरुप तयार भइनसकेकोले जनजाति विकासका लागि संस्थागत परिपाटीको विकास नभएको हो । जनजाति विकास कार्यक्रम केन्द्रबाट ल्याइने प्रकृति भएको, जनजातिलाई विकासको सहयात्रीभन्दा दयाको पात्रको रुपमा लिइएको, कार्यक्रमहरुले जनजातिको सशक्तिकरणको समग्र पक्षलाई समेट्न नसक्नु, मानव संसाधन विकासलाई उचित ध्यान नपुग्नु र आदिवासी तथा जनजातिको ज्ञान, सीप र जीवन प्रणालीको सही मूल्याङ्कन र उपयोग नहुनु इत्यादि नेपालको लक्षित कार्यक्रम तर्जुमा र कार्यक्रमका कमजोरी हुन् भन्ने कुरा स्वीकार गरिएको छ ।

वास्तवमा नवौं योजनाको 'विकास कार्यक्रममा आदिवासी जनजाति कार्यक्रम' कार्यान्वयन भएन । दशौं योजना (सन् २००२-२००७)को आदिवासी जनजाति कार्यक्रममा नवौं योजनाको विकास कार्यक्रममा आदिवासी जनजाति कार्यक्रमको समीक्षामा जनजातिहरुको वास्तविक स्थिति सम्बन्धी सूचना र तथ्याङ्कको अभाव, सामाजिक आर्थिक विकास कार्यक्रम अति सीमान्तकृत र पिछडिएको समुदायलाई सहभागी गराउन नसक्नु, संकटमा परेको समुदायका लागि विशेष कार्यक्रम नहुनु, लक्षित समूह कार्यक्रम संचालन गर्न मन्त्रालयहरुलाई उत्तरदायित्व नदिइनु, स्थानीयस्तरमा जनजाति संस्था नहुनु, असक्षमता आदि कमजोरीहरु नवौं योजनामा भएकोले कार्यक्रमबाट आदिवासी जनजातिले फाइदा लिन सकेन ।

सन् १९९०मा ८ वटा जनजातिय संगठनहरु मिलेर नेपाल जनजाति महासंघ गठन भयो । नेपाल तामाङ्ग घेदुङ्ग, नेपाल जनजाति महासंघको मातृसंस्थाहरुमध्ये एक हो । जनआन्दोलनपछि संविधान मस्यौदाका अवधिमा समान धर्म, भाषा, र जात-जनजातिका लागि ३१७ वटा जनजाति तथा धार्मिक संस्थाहरु मिलेर 'विविध धर्म, भाषा तथा जनजाति संघर्ष समिति २०४७ गठन भयो । उक्त संघर्ष समितिको आयोजनामा दुई लाखको संख्यामा धर्म निरपेक्ष राज्य, मातृभाषाको समान मान्यता र शिक्षा, सबै क्षेत्रमा जनजातिलाई

आरक्षण, पहुँच र प्रतिनिधित्वको माग लिएर जनजाति र विभिन्न धार्मिक समुदायहरु काठमाडौंको सडकमा उत्रिए ।

दशौं योजना (सन् २००२-२००७) को गरिबी घटाउ रणनीति पत्र अनुसार नेपालमा गरिबीको अधिकतम छ मात्र भनेको होइन, गरिबी र असमानताको क्षेत्रीय, लैङ्गिक, जातिय र जात आयामहरु पनि छन् । जनजातिका बीचको भिन्नता (खाडल) खासगरी भौतिक स्रोतसाधन माथिको पहुँचको आधारमा देखाएको छ । जस्तो नेपालको औसत मानव विकास सूचाङ्कलाई १०० मान्दा बाहुन तथा नेवारको सूचाङ्क १३५.९ र १४०.७ छन् भने पहाडे जनजाति र दलितको ९२.२ र ७३.७% छन् । जनजातिहरुमध्ये भारत र ब्रिटिस फौजमा जाने गुरुङ्ग, लिम्बु र राईको शैक्षिक तथा आयको सूचक राम्रो देखिन्छ भने व्यापार तथा अन्य व्यवसाय गर्ने शेर्पा, नेवार र थकालीको आम्दानी पनि उच्च छ । यी समुदायहरुलाई जनजाति सूचीमा गणना नगरेमा बाँकी समुदायहरुलाई जस्तै तामाङ्ग, थारु तथा खाम मगरका साथै अन्य १६ वटा साना समुदायको मानव विकास सूचाङ्क झन् तल झर्दछ । सन् २००४ को गरिबीको प्रभाव र आघात तामाङ्ग समुदायमा सबभन्दा बढी ६१% देखिन्छ । तामाङ्गको त्यस्तै स्थिति शैक्षिक उपलब्धी, सरकारी सेवा र राजनैतिक नेतृत्वमा समेत पाइन्छ ।

वि.सं.२०४२ मा सीताराम तामाङ्गको संयोजकत्वमा सर्वजातिय अधिकार मञ्च गठन भएको थियो । त्यसबेला ६ वटा मात्र जातिय संस्थाहरु थिए जस्तै : नेपाल तामाङ्ग घेदुङ्ग (तामाङ्ग भाषा, संस्कृति र विकास समिति), नेपाल लाङघाली संघ, नेपालभाषा मंका खल, किराँत याक्थुङ्ग, चुम्लुङ्ग थकाली सेवा समिति र थारु कल्याणकारी सभा । अन्य जातिका जातिय संस्थाहरु बनिसकेका थिएनन् । जनजातिहरु मिलेर बनेका पूर्वाञ्चल उत्थान मञ्च, मंगोल जनजाति सम्मेलन, किराँत धर्म उत्थान साहित्य संघजस्ता केही संस्थाहरु थिए । वि.सं.२०४६ को जनआन्दोलनको कुरा चलेपछि प्रजातन्त्रका लागि जनजाति संघसंस्थाहरुलाई परिचालजन गर्ने कुरा स्वभाविक थियो । २०४६ सालको जनआन्दोलनको झण्डै एक महिना पछि नै २०४७ बैशाख २२गते 'नेपाल जनजाति महासंघ'को स्थापना गरियो । (तामाङ्ग, २०६३)

## २.४ अवधारणागत ढाँचा

यस अध्ययनमा तामाङ्ग महिलाहरुको विभिन्न पक्षको बारेमा अध्ययन गरिएको छ । तामाङ्ग जातिको आर्थिक र सामाजिक पक्षभित्र समेटिने केही कुरा र ती पक्षमा वर्तमान अवस्थामा परिवर्तन गर्ने पक्षहरु के-के हुन सक्छन् भनि निम्न चार्टबाट देखाउने प्रयास गरिएको छ । यस अध्ययन तामाङ्ग महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थाको पारिवारिक संरचनामा फरक देख्न सकिन्छ । कतिपय महिलाहरु संयुक्त परिवारमा छन्, कतिपय महिलाहरु एकल परिवारमा बस्ने गर्दछन् । बालकदेखि वृद्धसम्म हरेक उमेर समूहका महिलाहरु अध्ययनक्षेत्रमा रहेका छन् । अध्ययन क्षेत्रका महिलाहरु विभिन्न महिला समूह, सहकारी आदि जस्ता संघसस्थामा संलग्न हुन थालेका छन् । वर्तमान अवस्थामा शैक्षिकस्तरमा वृद्धि भएपनि महिलाहरुको शिक्षामा पुरुषको तुलनामा कमजोर देखिन्छ । परिवारमा पुरुष सरह महिलाको पनि निर्णयात्मक भूमिका रहने हुँदा पारिवारिक स्थिति सन्तोषजनक नै देखिन्छ । आर्थिक पक्षमा तामाङ्ग महिलाहरु केही पेशामा संलग्न हुन थालेका छन् । आम्दानीको लागि महिलाले व्यवसायहरु गर्न थालेकाछन् । कृषि कार्यमा पुरुषको भन्दा महिलाको सहभागिता धेरै देखिन्छ । भूमिको हकमा पनिमहिलाहरुको अधिकार कम देखिन्छ । वर्तमान समयमा शिक्षा, बजार, मिडिया, राजनीति, चेतना, पश्चिमीकरणको प्रभाव, विश्वव्यापीकरण, आधुनिकीकरण, बाह्य मानिससँगको सम्पर्क आदि कारणले गर्दा अध्ययन क्षेत्रका महिलाहरुको सामाजिक र आर्थिक अवस्थामा निकै परिवर्तन आएको छ ।

तामाङ्ग महिलाको सामाजिक तथा आर्थिक अवस्था र परिवर्तन

| सामाजिक पक्ष | आर्थिक पक्ष | परिवर्तन गर्ने पक्ष |
|---|---|---|
| परिवार<br>उमेर<br>विवाह<br>नातेदारी<br>समुदाय<br>शिक्षा<br>स्वास्थ्य<br>संघसंस्था<br>निर्णयात्मक भूमिका | पेशा/व्यवसाय<br>बजार<br>रोजगारी<br>आम्दानीको श्रोत<br>दाइजो/पेवा<br>कृषि<br>भूमिको विवरण<br>बचत<br>लगानी | शिक्षा<br>संचार<br>बजार<br>राजनीति<br>चेतना<br>पश्चिमीकरण<br>बाह्य मानिससँगको<br>सम्पर्क<br>विश्वव्यापीकरण<br>आधुनिकीकरण |

यस अध्ययनमा नेपालका तामाङ्गहरु बसोबास रहेको सम्पूर्ण क्षेत्रलाई नलिएर काठमाडौं जिल्लाको गोकर्णेश्वर नगरपालिकाका वडा नं. ३, ४ र ५ लाई मात्र लिइएको छ जहाँ तामाङ्गहरुको बाहुल्यता रहेको छ । यस अध्ययनमा तामाङ्ग जातिको सम्पूर्ण पक्षलाई नलिएर तामाङ्ग महिलाको सामाजिक तथा आर्थिक पक्षलाई मात्र अध्ययनको विषय वस्तु भित्र समेटिएको छ र महिलाको सामाजिक र आर्थिक स्थितिमा के-कस्तो परिवर्तन देखिएको छ भन्ने बारेमा अनुसन्धान गरिएको छ । यो अध्ययनले देशको अन्य भूभागमा बसोबास गर्ने तामाङ्ग महिलाहरुको प्रतिनिधित्व नगर्न सक्छ । फरक भौगोलिक एवम् वाह्य सामाजिक, आर्थिक परिवेशका कारण यस अध्ययनबाट निस्केका निष्कर्षहरु देशभरिका तामाङ्ग महिलाहरुसँग मेल नखान सक्छ ।

# अध्याय तीन
# अनुसन्धान विधि

## ३.१ अध्ययनको क्षेत्र र क्षेत्र छनौटको आधार

प्रस्तुत अनुसन्धानको क्षेत्र काठमाडौं जिल्लाको उत्तरी भागमा अवस्थित गोकर्णेश्वर नगरपालिकाका वडा नं. ३, ४ र ५ लाई छनोट गरिएको छ । यो गा.वि.स. राजधानीबाट करिब १० कि.मि. उत्तर तर्फ गोकर्णेश्वर मन्दिरबाट करिब २०० मिटर पूर्व तर्फ रहेको छ । अध्ययनको लागि गोकर्णेश्वर नगरपालिकाका यी वडाहरुलाई छनोट गर्नुको मुख्य कारण उक्त वडाहरुमा तामाङ्ग जातिको बाहुल्यता भएकोले, यहाँका तामाङ्ग जातिमा अन्य क्षेत्र र जातिहरुभन्दा पिछडिएको,महिलाहरुको स्थितिमा पहिले भन्दा वर्तमान अवस्थामा देखिएका परिवर्तन र त्यसले पारेको असरको बारेमा अध्ययन अनुसन्धान नभएकोले र यस अध्ययनले तामाङ्ग जातिको प्रमुख बसोबासका क्षेत्रहरु काठमाडौं, रसुवा, धादिङ्ग, नुवाकोट, सिन्धुपाल्चोक, दोलखा, काभ्रेपलाञ्चोक, आदि जिल्लाहरु लगायत नेपालभरिका तामाङ्ग महिलाहरुको धेरथोर प्रतिनिधित्व गर्न सक्ने भएकाले यस क्षेत्रलाई नमुनाको रुपमा छनौट गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

यस शोधपत्रका लागि वर्णनात्मक र अन्वेषणात्मक दुवै अध्ययन विधिको प्रयोग गरिएको छ । वर्णनात्मक अध्ययन विधिबाट तामाङ्ग महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थाको बारेमा वर्णन गरिएको छ भने अन्वेषणात्मक विधिद्वारा तामाङ्ग महिलाहरुको सामाजिक र आर्थिक अवस्थामा आएको परिवर्तनको बारेमा अध्ययन गर्दै परिवर्तन गर्ने पक्षहरु र परिवर्तनले पारेका असर र प्रभावका बारेमा अन्वेषण गर्ने कार्य गरिएको छ । यो अध्ययन मूलतः गुणात्मक र संख्यात्मक तथ्याङ्कमा आधारित तथा वर्णनात्मक भएका कारण अध्ययनका क्रममा कुनै परिकल्पना परीक्षण गरिएको छैन ।

## ३.३ समग्रता र नमूना छनौट

प्रस्तुत अध्ययनको लागि काठमाडौं जिल्ला गोकर्णेश्वर नगरपालिकाका वडा नं. ३, ४ र ५ लाई अध्यनको समग्रता मानिएको छ । तामाङ्ग जातिको बाहुल्यता भएको कारण उक्त वडाहरुलाई अध्ययनको लागि छनौट गरिएको छ । तीन वटा वडामा जम्मा १४४ तामाङ्ग घरधुरी भएकोमा ५० घर परिवारका ५० जना तामाङ्ग महिलाहरुको सामाजिक तथा

आर्थिका उद्देश्यमूलक नमूना छनौट विधि अनुसार छनौट गरी उनीहरुको सामाजिक तथा आर्थिक स्थितीको बारेमा अध्ययन गरी ती स्थितीमा आएको परिवर्तन र परिवर्तन गर्ने पक्षका बारेमा उल्लेख गरिएको छ । वडाका १४४ घरधुरी मध्ये एक तिहाई भन्दा बढी समेट्ने गरी ५० घरधुरीलाई अध्ययनको लागि छनौट गरिएको हो । पचास घरधुरीमा पनि प्रत्येक घरबाट एक/एक जना उत्तरदाता पर्ने गरी उमेर समूह, पेशा, योग्यताको आधारमा उत्तरदाता छनौट गरिएको छ । ती बाहेक केही मुख्य जानकार व्यक्तिलाई पनि अध्ययनको लागि छनौट गरिएको छ ।

### ३.४ तथ्याङ्क संकलन विधि

यो अध्ययनको क्रममा अन्तर्वार्ता सूची, असहभागीमूलक अवलोकन, जानकार व्यक्तिसँगको अन्तर्वार्ता, सामूहिक छलफल आदि विधि अपनाई अध्ययनलाई सफल बनाउने प्रयास गरिएको छ । उत्तरदाताले दिएको उत्तरलाई गुणात्मक तथा संख्यात्मक रुपमा प्रस्तुत गरिएको छ ।

### ३.४.१ अन्तर्वार्ता सूची

प्रस्तुत शोधकार्यको लागि अनुसन्धानकर्ताले प्रश्नावली तयार गरी अध्ययन क्षेत्र भित्र छनोटमा परेका प्रत्येक घरपरिवारका महिलासँग प्रत्यक्ष भेटी उनीहरुको सामाजिक तथा आर्थिक पक्षका तथ्याङ्कहरु संकलन गरिएको छ । सामाजिक तथा आर्थिक पक्षमा देखापरेको परिवर्तनको बारेमा सोधपुछ गरी परिवर्तन आउनका कारणहरु वा परिवर्तन निम्त्याउने पक्षहरुका बारेमा पनि तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.२ असहभागीमूलक अवलोकन

अनुसन्धानकर्ताले आफै अध्ययन क्षेत्रमा गई प्रत्यक्ष रुपमा उत्तरदातालाई भेटी तामाङ्ग जातिको सामाजिक, सांस्कृतिक, शैक्षिक, आर्थिक, धार्मिक आदि कार्यको बारेमा सोधपुछ गरी कुनै-कुनै कार्यमा सहभागी भई उनीहरुको बानी ब्यहोरा, खानपान, दिनचर्या, रहनसहन, सरसफाई, घरको प्रकार, खेतीपाती तथा घरायसी काममा महिला र पुरुषको सहभागिता जस्ता पक्षको अवलोकन गरी आवश्यक जानकारी प्राप्त गरिएको छ । साथै ती पक्षहरुमा अनुसन्धानगरी महिलाहरुको स्थितीमा परिवर्तन भएको छ छैन र परिवर्तन पछि कस्ता प्रभाव र असरहरु देखिएका छन् भन्ने बारेमा पनि जानकारी बटुल्ने प्रयास गरिएको छ ।

### ३.४.३ जानकार व्यक्तिसँगको अन्तर्वार्ता

यस अध्ययन विधिमा तामाङ्ग महिलाहरुको सामाजिक र आर्थिक अवस्थासँग सम्बन्धित कुराहरु र हाल शिक्षा, संचार, बजार, यातायत, राजनिति, पश्चिमीकरण, आधुनिकीकरण, अन्य मानिससँगको सम्पर्कबाट तामाङ्ग

परिवारहरुको सामाजिक र आर्थिक अवस्थामा आएको परिवर्तनहरुको बारेमा समुदायका मानिस, जनप्रतिनिधि, सामाजिक, राजनैतिक कार्यकर्ता, समाजसेवी लगायत अन्य जानकार व्यक्तिहरुसँग छलफल गरेर तथा अन्तवार्ता लिएर तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.४ सामूहिक छलफल

अनुसन्धानको क्रममा सम्बन्धित व्यक्तिसँग अन्तर्वार्ता लिएर मात्र आवश्यक सूचना तथा तथ्याङ्क उपलब्ध नहुन सक्छ । त्यसैले सामूहिक छलफल प्रक्रियाको पनि प्रयोग गरिएको छ । सामुहिक छलफल प्रक्रिया अपनाउँदा तामाङ्ग महिलाको सामाजिक अवस्था र आर्थिक अवस्था कस्तो छ, पहिले कस्तो थियो, अहिले परिवर्तन भएको छ की छैन, परिवर्तन के कारणले गर्दा भएको छ र परिवर्तनले प्रभाव पारेको छ/छैन भन्ने विषयमा केन्द्रित रहेरे छुट्टाछुटै समूह बनाइ महिलाहरुबाट सूचना संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण

यस अध्ययनमा तथ्याङ्क संकलन गरिसकेपछि संकलन गरिएका तथ्याङ्कहरुलाई सुव्यवस्थित तरिकाले विभिन्न शीर्षकमा विभाजन गरी अलग-अलग तालिकामा प्रस्तुत गरिएको छ । प्राप्त सूचनाहरुलाई आवश्यकता अनुसार व्याख्या र वर्णन गरी तथ्याङ्क बोधगम्य बनाउन त्यसलाई विश्लेषण र विस्तार गरिएको छ । तालिकीकरण गरिएका तथ्याङ्कको प्रतिशत निकाल्ने काम पनि गरिएको छ ।

## ३.६ अध्ययनको सीमा

यो अध्ययनको त्रि.वि.वि. को मानविकी संकायतर्फ समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधी प्राप्तीको लागि गरिएको अध्ययन भएको हुदा यसले ठूलो क्षेत्र समेट्न नसक्नु स्वभावाविकै हो । यो अध्ययन गोकर्णेश्वर नगरपालिका वडा नं ३,४ र ५ का तामाङ्ग महिलाहरुको  सामाजिक तथा आर्थिक अवस्थाको वारेमा केन्द्रित भइ अध्ययन गरिएको हुनाले यस अध्ययनले सम्पूर्ण तामाङ्ग महिलाको प्रतिनिधित्व गर्छ भन्न सकिदैन । कतिपय कुराहरु मेल नखान पनि  सक्छ । यस अनुसन्धानमा विभिन्न तथ्याङ्क गोकर्णेश्वर नगरपालिका बाट अभिलेखहरु विभिन्न पत्र पत्रिकाहरु, पुस्तकालयमा भएका अनुसन्धान कृर्तिहरु, शोधपत्रहरुमा निर्भर भएका छन् ।

# अध्याय चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ अध्ययन क्षेत्रको परिचय

काठमाण्डौ उपत्यकाको उत्तर पूर्वमा अवस्थित रहेको काठमाण्डौ जिल्ला गोकर्णश्वर नगरपालीका मध्येमाञ्चल विकास क्षेत्र अर्न्तगतको पश्चिम उत्तर भागमा पर्दछ । यस जिल्लाको पूर्वमा भक्तपुर तथा काभ्रेपलाञ्चोक, पश्चिममा नुवाकोट र धादिङ, उत्तरमा सिन्धुपाल्चोक र दक्षिणमा मकवानपुर तथा ललितपुर जिल्ला पर्दछन् । काठमाण्डौ जिल्लामा जम्मा ९ वटा नगरपालिका , रहेको छ भने महानगरपालिका १, र १० निर्वाचन क्षेत्रमा विभक्त रहेको सबैभन्दा बढी जनघनत्व भएको नेपालको राजधानी समेत भएको जिल्ला हो । गोकर्णश्वर नगरपालीका वडा नं ८ तारेभिरमा तामाङ्ग जातिहरु बसोबास गर्ने गर्दछन् । यो वडामा ९८ प्रतिसत तामाङ्गहरुको बाहुल्यता रहेको स्थानलाई तामाङ्ग जातिको अध्ययन क्षेत्र छनौट गरिएको छ । यस वडाको पूर्वमा गोकर्णश्वर नगरपालीका वडा नं ४, ५, ६ , पश्चिममा बुढानिलकण्ठ नगरपालिका., उत्तरमा शिवपुरी राष्ट्रिय निकुञ्ज दक्षिणमा पबित्र धाम गोकर्णश्वर महादेवस्थान पर्दछ ।

कुनै पनि विषयमा गरिने अध्ययन अनुसन्धान कार्य निश्चित रुपले उद्देश्यमूलक रहेको हुन्छ । यस शोध कार्य तामाङ्ग महिलाको सामाजिक र अबस्था र परिर्वतनको बारेमा गर्न लागेको छु । तामाङ्ग जातिको प्रमुख बसोबास क्षेत्रहरुमा काठमाडौं, रसुवा, धादिङ्ग, नुवाकोट, सिन्धुपाल्चोक, दोलखा, काभ्रेपलाञ्चोक आदि जिल्लाहरु पर्दछन् । यी सबै क्षेत्रलाई समेटेर अध्ययन गर्न असम्भव देखिन्छ । त्यसैले यस अध्ययनको क्षेत्र काठमाडौं जिल्लाको उत्तरी पूर्वि भागमा अवस्थित गोकर्णेश्वर नगरपालीका वडा नं.८ तारेभिरलाई छनोट गरेको छु । यो स्थान राजधानीबाट करिब १५ कि.मि. उत्तर तर्फ गोकर्णेश्वर महादेव मन्दिरबाट करिब ३०० कि.मि पूर्व तर्फ रहेको छ । यो वडालाई अध्ययनको क्षेत्र छनौट गर्नुको आधारहरु यस प्रकार छन् :

१. उक्त वडाहरुमा तामाङ्ग जातिको बाहुल्यता भएकोले ।

२. उक्त क्षेत्रमा तामाङ्ग जातिका महिलाहरुको सामाजिक ,आर्थिक अवस्था का बारेमा अध्ययन गर्नु पर्ने भएकोले ।

३. उक्त क्षत्रे.काठमाण्डौकै एक विकट ग्रामिण क्षेत्र भएकोले ।

### ४.१.१ गा.वि.स.को जनसंख्या र घरधुरी संख्या

वि.स. २०६८ को जनगणना अनुसार गोकर्णेश्वर नगरपालिकाकाको जम्मा जनसंख्या १०८२७ रहेको छ। जसमध्ये पुरुषको संख्या ५३३७ र महिलाको संख्या ५४९० रहेको छ। (के.त.वि.२०६८) गा.वि.स.को जनसंख्याको वडागत अवस्था हेर्दा सबैभन्दा बढी जनसंख्या वडा नं. ८ मा छ। उक्त वडाकोघरधुरी संख्या

**तालिका नं. १: गा.वि.स.को वडागत जनसंख्या तथा घरधुरी**

| क. स. | वडा नं. | घरधुरी संख्या | महिला संख्या | पुरुष संख्या | जम्मा |
|---|---|---|---|---|---|
| १ | १ | १२९ | ३८२ | ३९२ | **७७४** |
| २ | २ | २८३ | ८९५ | ८०३ | **१६९८** |
| ३ | ३ | ११८ | ३८३ | ३२० | **७०३** |
| ४ | ४ | ११६ | ३७२ | ३२७ | **६९९** |
| ५ | ५ | १११ | ३५८ | ३२० | **६७८** |
| ६ | ६ | ८७ | २८४ | २४० | **५२४** |
| ७ | ७ | ३१० | ९६० | ९१४ | **१८७४** |
| ८ | ८ | ४०५ | १३१२ | १२४७ | **२५५९** |
| ९ | ९ | १०५ | ३०३ | ३०३ | **६४६** |
| | **जम्मा** | **१६६४** | **५२८९** | **४८६६** | **१०१५५** |

(स्रोत: गोकर्णेश्वर नगरपालिकाकाको प्रतिवेदन-२०६७)

४०५ र जनसंख्या २५५९ रहेको छ। सबैभन्दा कम जनसंख्या वडा नं. ६ मा छ। उक्त वडाको घरधुरी संख्या ८७ र जनसंख्या ५२४ रहेको छ।

### ४.१.२ जातिगत आधारमा गा.वि.स.का घरधुरी संख्या

गोकर्णेश्वर नगरपालिकाकामा धेरै जातिहरु बसोबास गर्छन्। यस गा.वि.स. मा ब्राह्मण, क्षेत्री, नेवार, तामाङ्ग,

**तालिका नं. २: जातिगत आधारमा गा.वि.स.को घरधुरी संख्या**

| जति | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ७ | वडा ८ | वडा ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **ब्राह्मण** | ५५ | ११२ | १२ | ६ | ३ | ५ | ३६ | १९२ | १७ | **४३८** |
| **क्षेत्री** | ३६ | ७९ | १९ | ५ | ८ | ४ | ११९ | २१८ | ५१ | **५३९** |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **नेवार** | ३ | ३५ | २ | २ | १ | ३ | ८१ | ३५ | २४ | **१८६** |
| **तामाङ्ग** | ४ | ६ | ४८ | ६० | ३६ | ३७ | ५ | ६ | ७ | **२०९** |
| **कामी** | २ | ० | ० | ० | ० | १० | ० | ४ | ० | **१६** |
| **सार्की** | १ | २ | ० | ० | ० | ० | ० | २ | १ | **६** |
| **दमाइ** | २ | ११ | ० | ० | ० | ० | २ | ३ | २ | **२०** |
| **मगर** | ६ | ७ | ० | १ | १ | ० | ० | ५ | ८ | **२८** |
| **राइ** | १ | ५ | २ | ० | १ | ० | ३ | २५ | ३ | **४०** |
| **गुरुङ** | २ | ८ | २ | २ | ० | १ | ४ | ९ | ६ | **३४** |
| **सुनुवार** | ० | ० | १ | २ | ० | ९ | ० | ० | १ | **१३** |
| **लिम्बु** | १ | २ | ० | ० | ० | ० | ० | ५ | ० | **८** |
| **शेर्पा** | १ | ४ | २ | २ | ० | ० | ० | ५ | १० | **२४** |
| **लामा** | ० | ६ | १० | १८ | २१ | १३ | ४ | २ | ३ | **७७** |
| **विविध** | १५ | ८ | ० | २ | ० | ० | ० | ० | १ | **२६** |
| **जम्मा** | **१२९** | **२८५** | **९८** | **१००** | **७१** | **८२** | **२५४** | **५११** | **१३४** | **१६६४** |

(स्रोतः गोकर्णेश्वर नगरपालिकाकाको प्रतिवेदन-२०६७)

कामी, सार्की, दमाइ, मगर, राई, सुनुवार, लिम्बु, शेर्पा, लामा आदि जातिहरुको बसोबास रहेको छ भने ७, ८ र ९ वडाहरुमा बाहुन, क्षेत्री र नेवारहरुको बाहुल्यता पाइन्छ । अरु जातिहरुको भने न्यून संख्या रहेको छ ।

### ४.१.३ परिवारको कार्य

तामाङ्ग समुदायमा परिवारहरु मिलेर काम गर्छन् । घर परिवारका कामहरु परिवारका सबै सदस्यहरु मिली गर्छन् । आमा/हजुरआमा वस्तुभाउ, खेतबारी हेर्छन् भने बुबा/हजुरबुबा घरबाहिरको काम भए घरबाहिरको काममा जान्छन् । नभए घरमै दाउरा चिर्ने, वस्तुभाउ गोठालो लाग्ने, खेतबारीमा काम गर्ने गर्छन् । छोरा- छोरी, नाति-नातिनि विद्यालय जान्छन् । खेतबारीको काम घरका सबै परिवार मिलेर गर्छन् । तामाङ्ग महिलाहरु परम्परा देखि नै जाँड-रक्सी बनाउने काममा आफुलाई व्यस्त राख्ने हुनाले अध्ययनको सिलसिलामा अनुसन्धान गर्ने क्रममा कतिपय महिलाहरु रक्सी पारिरहेको पनि भेटियो । रक्सी पारेर घरमा चाडवाडमा खाने र व्यापार पनि गर्ने गरेको उनीहरुले बताए । आजकलका युवाहरु भने खेतबारी, वस्तुभाउ भन्दा पनि अन्य कुरामा बढी चासो राख्न थालेको पाइन्छ ।

### ४.१.४ सामाजिक व्यवस्था

अध्ययन क्षेत्र भित्र प्राय गरेर तामाङ्ग परिवारहरुको बसोबास रहेको छ । अध्ययन क्षेत्रको दक्षिणी भागमा भने अन्य जातका परिवारहरु पनि भेटिएको छ, जुन परिवारहरुमा कतिपय अन्यत्रबाट बसाइँ सरेर आएका पनि छन् । उत्तरी भागका मानिसहरुको खेतीपाती दक्षिणी भागमा भएकोले दक्षिणी भागका मानिससँग खेतीपातीकै सिलसिलामा छिमेकी सरह नै सम्बन्ध रहेको छ । समाजमा सबै मिलेर काम गर्नुपर्छ भनिए पनि टाठाबाठाले सामाजिक व्यवस्थाको जिम्मा आफ्नो हातमा लिन्छन् । गाउँघरमा झै-झगडा हुन नदिने, अवाञ्छित क्रियाकलाप हुन नदिने, गाउँ विकासको लागि बजेट माग गर्नुपर्ने जस्ता काम समाजका अगुवाहरुले नै गरिरहेको पाइन्छ । आजकल परिवर्तित समाजका युवा र महिलाहरु सचेत भएर समुदायको विकासका नाममा आफ्नो पेट भर्ने व्यक्तिहरु अगाडी बढेर खान सकिरहेको अवस्था देखिँदैन । चाडपर्व, रितिरिवाज, धर्म, संस्कृतिलाई परम्परागत मान्यता अनुरुप नै परिमार्जन गरी मनाउने गरेको पाइन्छ । सबै मिली गाउँ-गाउँमा क्लब स्थापना गरेर बेला-बेलामा बैठक बसी गाउँलाई आवश्यक सुविधा पुऱ्याउँदै आएको पाइन्छ । वन जङ्गलको फँडानी जथाभावी हुन छोडेको छ, घर-घरमा सबैले ग्याँस, हिटर बाल्न थालेका छन् । छोरा-छोरी सबै शिक्षित हुनु पर्छ भन्ने मान्यता पहिल्यै देखि भए पनि तामाङ्ग समुदायमा शिक्षित महिला कम हुने गर्दथे तर अचेल महिला पुरुष बराबर शिक्षित हुन थालेका छन् । अध्ययन क्षेत्रको सामाजिक व्यवस्था व्यवस्थित पाइएको छ ।

### ४.१.५ आर्थिक व्यवस्था

आर्थिक व्यवस्था भित्र समुदायका व्यक्तिहरुको पेशा, आम्दानी, वचत, लगानी, खर्च, ऋण आदि पर्दछन् । अध्ययन क्षेत्र भित्रका तामाङ्गहरुको आफ्नो-आफ्नो पेशा छ । आफ्नो आम्दानीबाट बचत गर्ने, आम्दानी बढी छ भने लगानी गर्ने, व्यापार/व्यवसाय गर्न संस्थाहरु बाट ऋण लिने काम अध्ययन क्षेत्रका तामाङ्गहरु गर्छन् । यस्तो कार्यमा अहिले महिलाहरु पनि अगाडी  बढेका देखिन्छन् । विस्तारै शहरीकणको प्रभाव पर्न थालेको अध्ययन क्षेत्रमा स-साना पसलहरु, होटलहरु सञ्चालन हुन थालेका छन् ।

गा.वि.स., विभिन्न संघसंस्था, व्यत्तिबाट प्राप्त रकमले बाटोघाटो, खानेपानी, बिजुलीको अध्ययन क्षेत्र भित्र सुविधा छ । धेरैजसो युवाहरु रोजगार छन् । सबैका आम्दानीको स्रोत भएकोलेचाडपर्व, धर्म संस्कृती आदि मनाउन गाऱ्हो भएको पाइँदैन । समुदायमा सरसापटी, लेनदेनले एक आपसमा आर्थिक सहयोगको काम गरेको छ । महिलाहरुको आर्थिक अवस्था

सुध्रिएको पाइएको छ । बेला-बेलामा सञ्चालन हुने पशुपालन, तरकारी खेती, अन्य सीप सम्बन्धि तालिमले घरमै बसेर दिन बिताउने महिला/पुरुषलाई जागरुक बनाएको छ। केही काम नगर्ने महिलाहरु पनि जाड रक्सी बनाएर बेच्ने र आम्दानी गर्ने गरेको अध्ययनको क्रममा पाइएको छ ।

### ४.१.६ जीविको पार्जनका रणनीतिहरु

तामाङ्ग समुदाय जिविको पार्जनका लागि विभिन्न तरिकाहरु अपनाउँछन् । परम्परागत जीवन उपार्जनको स्रोत खेती नै भएकाले तामाङ्गहरु खेतीपाती गरेर धान, मकै, गहुँ, कोदो जस्ता अन्नहरु उत्पादन गदर्छन् । कतिपयको खेतबारीमा उत्पादन भएका खाद्यान्नले वर्षभरी नपुग्ने भएकाले जीवन निर्वाह गर्न खेतीपाती बाहेक अन्य पेशा पनि अपनाउँछन् । गाई, भैँसी पालेर दुध विक्री गर्ने, जाँड-रक्सी बनाएर बेच्ने, साना किराना पसलहरु, चिया पसलहरु चलाउने जस्ता कार्यहरु गरेर तामाङ्ग समुदाय जीवन निर्वाह गदर्छन् । प्रायजसो तामाङ्ग महिलाहरुले जीविको पार्जनका लागि जाँड-रक्सी बनाएर बेच्ने र स-साना होटल पसलहरु चलाउने गरेको पाइन्छ । पुरुषहरु जागिर खान जाने र खेतबारीको काम गर्ने गरेको पाइन्छ ।

### ४.१.७ परम्परागत पेशा

तामाङ्ग समुदायको परम्परागत पेशा भनेको खेती पाती र पशुपालन हो । खेतीपातीबाट उत्पादित अन्नहरुमा धान, मकै, गहुँ, कोदो, फापर विशेष गरी तामाङ्गहरुले उब्जाउँथे । यी बाहेक भटमास, मास, सिलाम जस्ता गेडागुडी पनि परम्परागत खेतीबाली थियो । पशुहरुमा भैंसी, गोरु, बाख्रा र पन्छीहरुमा कुखुरा, हाँस, आदि पाल्ने गरेको भेटियो । पशुपन्छीबाट उत्पादित दही, मही, घिउ, नौनी, अण्डा, मासु बेचेर तामाङ्गहरु आफ्नो जीवन निर्वाह गर्थे । खेतीपाती र पशुपालन बाहेक अध्ययन क्षेत्रका तामाङ्ग समुदायको अन्य पेशामा वनबाट दाउरा काटी ल्याएर बेच्ने, बाँस-निगालो आदिबाट डोको, भकारी, थुन्चे, डालो, आदि बुन्ने, पाट चुटेर डोरी, नाम्लो बाट्ने र बेच्ने, धानको परालबाट गुन्द्री, सुकुल बुनेर बेच्ने, आदि पराम्परागत पेशा थिए । गाउँका एक दुई जना आर्मिमा भर्ती भएका, एक दुई जना वन पालेमा र कोही खानेपानी विभागमा जागिरे भएका भेटियो । घर बनाउने, काठको काम गर्ने पेशा अंगालेका तामाङ्गहरु पनि अध्ययन क्षेत्रमा भेटिएको छ ।

### ४.१.८ वर्तमान पेशा

तामाङ्ग समुदायको परम्परागत पेशामा वर्तमान समयमानिकै परिवर्तन आएको छ ।खेतीपाती गरे पनि धान, गहुँ, कोदो, आदि छोडेर तत्काल नगद आम्दानी हुने तरकारी खेती, कुखुरा पालन गर्न थालेका छन् । आधुनिकिकरणको प्रभाव, बजारको विस्तार, चेतनामा वृद्धि, शैक्षिक योग्यता आदिले तामाङ्ग समुदायको परम्परागत पेशालाई बदलिदिएको छ । अहिलेका पुस्ता विभिन्न उद्योग, विद्यालय,संस्थासँग आवद्ध भएर आफ्नो पेशालाई मर्यादित बनाएका छन् । कोही व्यापारी, दलाली, व्यवसायी बनेका छन्, पाका उमेरका पुरुषहरु भने परम्पराकै पेशा गरिरहेका छन् । पाले बस्ने, सिकर्मी, डकर्मी काम गर्नेहरुको पेशा भने परिवर्तन भएको छैन । धेरै जसो युवापुस्ताको वर्तमान पेशा भनेको व्यापार व्यवसाय र नोकरी नै रहेको छ ।

### ४.१.९ पेशा/व्यवसाय छनौटका आधारहरु

परम्परागत समुदायमा तामाङ्गहरु खेतीपाती र पशुपालन जस्ता पेशा अँगाल्दथे । खेतीपाती गर्ने नयाँ तरिका, बीउ-बीजन, मेसिन, औजारहरु थिएनन् । उत्पादन कम हुन्थ्यो, आय आर्जन हुने कामका क्षेत्रहरु कम थिए । आम्दानी कम हुने  भएकाले तामाङ्गहरु गरिब थिए । व्यापार, व्यवसायको लागि पनि बजारहरु थिएनन् । खेतीपातीको काममा नै व्यस्त हुनुपर्ने भएकोले विद्यालय जाने चलन नै थिएन । विस्तारै समयको परिवर्तन सँगै शहरीकरण बढ्दै गयो, चेतनाको लहर फैलिँदै गयो । मानिसहरु शिक्षित बन्दै गए । सञ्चारका साधनहरुको प्रयोगले मानिसलाई विश्वका प्राकृतिक, साँस्कृतिक, आर्थिक, सामाजिक, भौगोलिक लगायतका विभिन्न पक्षसँग परिचित गराउँदै लग्यो । विश्वव्यापकिरण, आधुनिकीकरण र पश्चिमीकरणको प्रभावले मानिसको जीवनमा परिर्वत ल्याइदियो । उनीहरु शिक्षित हुदै गए, चेतनाको वृद्धि भयो । व्यापार/व्यवसाय गर्न थाले, आम्दानीका बाटोहरु खुले । यसरी शिक्षा, चेतना, संचार, बजार, आदिको कारणले वर्तमान समयका अध्ययन क्षेत्रका तामाङ्गहरु परम्परागत पेशा छोडेर नयाँ पेशा अपनाउन सक्ने स्थितीमा पुगे । कुन पेशा अपनाउँदा आफूलाई फाइदा हुन्छ, सजिलो हुन्छ भनेर बुझेर वर्तमान समयमा तामाङ्गहरु नयाँ पेशा व्यवसाय छनौटमा लागिपरेका छन् । सधैं परम्परागत तरिकाले खेती पाती र पशुपालनलाई मात्र आफ्नो पेशा बनाएर सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि अवस्था परिवर्तन नहुने देखे पछि तामाङ्गहरुले पनि आफुलाई सुहाउँदो पेशा व्यवसाय छनौट गरेका छन् ।

### ४.१.१० क्षमता अभिवृद्धीका उपायहरु

अध्ययन क्षेत्रका तामाङ्ग समुदायको क्षमता अभिवृद्धिको लागि विभिन्न कार्यक्रमहरु, संचार माध्यम, बाह्य मानिससँगको सम्पर्क आदिले सहयोग गरेको देखिन्छ । गा.वि.स. बाट सञ्चालन हुने विभिन्न सीपमूलक तथा कृषि तालिमहरु, स्वास्थ्य सम्बन्धी विभिन्न बैठकहरु, बेला-बेलामा शैक्षिक संस्था र अन्य गैरसरकारी संस्थाबाट अभिभावक वा सदस्यहरुको लागि गरिने बैठकहरु, विभिन्न राजनीतिक, सांस्कृतिक कार्यक्रमहरुबाट क्षमता अभिवृद्धिका धेरै कुराहरु सिक्ने अवसर तामाङ्ग समुदायका महिला पुरुषले पाएको देखिन्छ । यस्ता भेला, बैठक, कार्यक्रममा सहभागी भएर आफुले धेरै कुरा सिकेको बताउने व्यक्तिहरु थुप्रै भेटियो ।

### ४.१.११ स्थानीय उत्पादन/वितरण/उपभोगको स्थिती

अध्ययन क्षेत्रको तामाङ्ग समुदाय ग्रामिण क्षेत्रमा अवस्थित रहेकोले पाखा बारीहरुमा मकै, कोदो, भटमास, सिमी, फापर उत्पादन हुन्छ भने दक्षिणी भेगका खेतमा धान र गहुँ उत्पादन गरिन्छ । धेरैजसो तामाङ्गहरुले आफ्नो पुख्यौली खेत बिक्री गरिसकेपनि उत्तरी भागमा गाउँ घर सँगै भएका बारीहरु अझै छन् । बारीबाट उत्पादित अन्न मध्ये कसै कसैलेमकै बेच्छन् भने कोदो र फापर आफैं उपयोग गर्छन् । तामाङ्ग समुदायमा चाडवाडमा जाँड रक्सी नभइ नहुने भएकोले गहुँ, कोदो, चामलबाट, जाँड रक्सी बनाउनु पर्ने हुनाले खेतबाट उत्पादन हुने धान, गहुँ र बारीबाट उत्पादन हुने कोदो आफ्नै प्रयोगको लागि राख्छन् । तामाङ्ग महिलाहरु जाँड र रक्सी उत्पादन गरेर त्यसको विक्री वितरण गरेर आम्दानी गर्छन् । तामाङ्ग समुदायमा जाँड रक्सीको उपभोग गर्ने देखिए पनि लतको रुपमा जथाभावी खाएर होहल्ला गर्ने, झगडा गर्ने गरिएको पाइँदैन । कसैले भैंसी पालेर दूध उत्पादन गरी गाउँमा र नारायणथानको बजारमा विक्री गर्छन् । त्यस्तै बारीमा तरकारी उत्पादन गरी बिक्री वितरण गर्ने पनि देखिन्छन् ।

### ४.१.१२ यातायात

चपली भद्रकाली गा.वि.स. काठमाडौं जिल्ला भित्र पर्ने भएकोले गा.वि.स. मा सबैठाउँमा बाटोको सुविधा भैसकेको छ । पक्की सडक, ग्राभेल सडक, कच्ची सडक गरी तीन किसिमका सडक रहेका छन् । हाल प्रायजसो सडक पक्की भैसकेको छ भने गा.वि.स. का भित्री कच्ची सडकहरु पक्की बनाउने काम भइरहेको छ । यस गा.वि.स. बाट रत्नपार्कसम्म सार्वजनिक यातायात सेवाका साधनहरुको उपयोग प्रशस्त बढेको छ ।

## ४.२ सांस्कृतिक सम्पदा तथा संस्कृति

नेपालका अन्य ठाउँका जस्तै चपली भद्रकाली गा.वि.स.का बासिन्दाहरुको पनि आ-आफ्नो संस्कृति र रहनसहन रहेका छन् । यहाँका बासिन्दाहरु आ-आफ्ना जाति विशेषका चाडपर्वहरुका अतिरिक्त राष्ट्रिय चाडपर्वहरु पनि मान्ने गर्दछन् । तामाङ्गहरुले बौद्ध धर्म परम्परा अनुसार ल्होसार पर्व मान्दछन् र अन्य राष्ट्रिय पर्व पनि मनाउने गर्दछन् ।

परम्परागत रुपमा मानिने चाडपर्वहरुमा दशैं, तिहार, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, चैते दशैं, हरिबोधनी एकादशी, गाईजात्रा, जनैपूर्णिमा, फागुपूर्णिमा, आदि मनाउने गर्दछन् । हरिबोधनी एकादशीमा बुढानिलकण्ठमा मेला लाग्दछ, चैत मसान्तको रातमा बागद्धार यात्रा गरिन्छ । त्यस्तै पञ्चकन्या रथयात्रा ३ दिन पुजा र भोज गरेर मनाइन्छ । बुद्ध जयन्ती र चण्डी पूर्णिमामा रुद्रेश्वर महादेवस्थानमा पूजा र जाग्राम बसी बत्ती बाल्ने चलन छ । यस गा.वि.स. मा धार्मिक, ऐतिहासिक, पर्यटकीय स्थल तथा पुरातात्विक महत्वका मुर्ति र देवस्थलहरु रहेका छन् । बागद्धार वडा नं. ३, ४ र ५ सँग जोडिएको शिवपुरी डाँडामा छ, रुद्रेश्वर महादेव वडा नं. ८ मा पर्छ । वडा नं. ८ मै नीलवाराही, महाङ्काल भैरव, भंगालेश्वर महादेव र गणेश मन्दिर पनि अवस्थित छन् । त्यस्तै गरी वडा नं. ९ मा गणेश मन्दिर र वडा नं. ७ मा पञ्चकन्या मन्दिर रहेको छ ।

### ४.२.१ भाषा

नेपाल बहुभाषि राष्ट्र हो । अरु मानिससँग कुराकानी गर्दा नेपाली भाषा बोलेपनि अध्ययन क्षेत्रका तामाङ्गहरुको मुख्य भाषा भनेकै तामाङ्ग भाषा हो । अहिलेका नयाँ पुस्ता भने नेपाली भाषा बढी बोल्ने गर्छन् ।

### ४.२.२ धर्म

अध्ययन क्षेत्रका अधिकांश तामाङ्ग जाति बौद्ध धर्म मान्दछन् । बौद्ध धर्म मानेपनि उनीहरु हिन्दु धर्मलाई आत्मसाथ गर्दछन् । अहिले कोही क्रिस्चियन धर्ममा पनि लागेको पाइन्छ ।

### ४.२.३ चाडपर्वहरु

चाडपर्वहरुले मानिसलाई कामबाट छुटकारा दिएर रमाइलो गराउने मात्र नभएर धार्मिक र ऐतिहासिक महत्व पनि बोकेका हुन्छन् । चपली गा.वि.स. क्षेत्रका तामङ्गहरु प्रायजसो बौद्ध धर्म मान्ने भए पनि हिन्दू धर्म अनुसार मनाइने चाडपर्वहरुमा पनि उतिकै संलग्न हुने गरेको पाइन्छ । नयाँ वर्षको रुपमा बैशाख १ गते अध्ययन क्षेत्रका तामाङ्गहरु घ्याङ र गुम्बामा गई

बुद्धको पूजाआजा गरि मनाउँछन् । साउने संङ्क्रान्ति, नागपञ्चमी, मातातिर्थ औंसी, कुशे औंसी, जनै पूणिमा, तीज, दशैं, तिहार, एकादशी, चैते दशैं आदि चाडपर्व
पनि तामाङ्गहरु आफ्नो रिती अनुसार मनाउँछन् । ल्होसार भने तामाङ्गहरुको चाड भए पनि अध्ययन क्षेत्रका तामाङ्गहरु ल्होसारलाई दशैं-तिहार जस्तो महत्वका साथ लिंदैनन् । ल्होसारको दिन विभन्न कार्यक्रमहरु गर्ने र ऱ्यालीमा जाने अनि काठमाडौंको टुँडिखेलमा हुने ल्होसार कार्यक्रममा सहभागी हुने गर्दछन् ।

### ४.२.४ हावापानी

अध्ययन क्षेत्रको हावापानी समशितोष्ण प्रकारको छ । गर्मी पनि धेरै नहुने र जाडो पनि धेरै नहुने भएपनि हिउँद याममा बाक्लो हुस्सुले ढाकिदिने हुँदा बिहान एकदमै चिसो हुन्छ । यस क्षेत्रको नजिकै वन र अग्ला डाँडाहरु भएको कारण हिउँदमा बिहानको र बेलुकाको समयमा अलि चिसो भएको अनुभव गर्न सकिन्छ । वर्षा याममा यस क्षेत्रमा धेरै जसो पानी परिरहन्छ । बस्नको लागि उपयुक्त वातावरण र हावापानी भएको कारणनै विगत ४, ५ वर्षयता यस क्षेत्रमा बँसाई सरेर आउने मानिसको संख्या दिनानुदिन बढीरहेको छ ।

### ४.२.५ प्राकृतिक स्रोतहरु

चपली गा.वि.स. शिवपुरी राष्ट्रिय निकुञ्जको काखमा रहेको र शिरतर्फ शिवपुरी जंगल हुँदै काठमाडौं भू-भाग सम्म फैलिएकोले धेरै प्राकृतिक विविधता यहाँ पाउन सकिन्छ । उत्तरतर्फ घना जंगल, त्यसपछि पातलो बुट्यान, भिरालो आकारमा बस्ती, पाखा, पखेरा र तल समथर उर्वर भूमी र विस्तारित क्षेत्र रहेको छ । शिवपुरी राष्ट्रिय निकुञ्जले छोपेका हरिया वनबाट निस्केका पानीका मुहानहरु उत्तर बाट दक्षिणतर्फ बगेका छन् । शिवपुरी राष्ट्रिय निकुञ्ज भित्र बाघ, भालु, बँदेल, चितुवा, मृग, जस्ता वन्यजन्तु र धेरै जातका चरा-चुरुङ्गीको बसोबासले उक्त क्षेत्रलाई रमणीय बनाएको छ । यस गा.वि.स.को शिवपुरी लेकबाट काठमाडौं उपत्यकाको मनोरम दृश्यावलोकन गर्न सकिन्छ । प्रसिद्ध वाग्मती नदीको उद्‌गम बिन्दु बागद्धार र धोवी खोलाको उद्‌गम विन्दु यसै शिवपुरीको लेक भएकाले यसै गा.वि.स. भएर ती प्रसिद्ध नदि बगेको छन् । जसले गर्दा यहाँका जमिन उर्वर भएका छन् ।

### ४.२.६ जङ्गल (वन)

मानिसहरुका आधारभूतआवश्यकताका वस्तुहरु जस्तै दाउरा, घाँस, स्याउला, आदिका स्रोतवनजङ्गलहो । वनजङ्गलबाट उत्पादित काठहरुबाट फर्निचर, कागज उद्योग संचालित

भइरहेका छन् । त्यस्तैगरी जङ्गलको बिस्तारले वातावरणीय प्रदुषणलाई केही मात्रामा घटाउन सहयोग गरिरहेको छ । अध्ययन क्षेत्रका वनजंगलले

यस क्षेत्रका मानिसलाई धेरै कुरामा सहयोग पुऱ्याइरहेको छ । वनजङ्लको संरक्षणले पानीको मुहान पनि बढेको छ । अध्ययन क्षेत्रका उत्तरतर्फ शिवपुरी राष्ट्रिय निकुञ्ज र पूर्व पश्चिममा सामुदायिक वन भएकोले यहाँका मानिसलाई वनजन्यकुराहरु प्राप्त गर्न सजिलो भएको छ । यहाँका वनमा सल्ला, उत्तीस, चिलाउने, लालीगुराँस, कटुस, पैंयौ, काफल, आदिका रुखहरु पाइन्छन् ।

### ४.२.७ माटो

बालिको उत्पादन माटोको गुणस्तरमा भर पर्ने हुन्छ । माटोबाट बोटबिरुवाले पनि आफ्नो खाना प्राप्त गर्ने हुन्छ भने बालिनालि पनि उपयुक्त किसिमको माटोमा राम्ररी फस्टाउन सक्छ । माटोको गुणस्तर उक्त माटोमा उत्पादन हुने बालिनालीको उत्पादनको परिमाण हेरेर पनि पत्ता लगाउन सकिन्छ ।

अध्ययन क्षेत्रको उत्तरी भागमा बलौटे माटो भएको पाइएको छ । बलौटे माटो भएकोले यी जग्गा जमिनमा प्रायजसो मकै, कोदो, फापर मात्र लगाइन्छ । भिरालो जग्गाको कारण यस क्षेत्रका उत्तरी भागमा वर्षाको समयमा मलिलो माटो पानीले बगाएर लैजाने गर्छ । दक्षिणी भागमा भने मलिलो माटो पाइन्छ । मलिलो माटो भएको कारण दक्षिणी भागमा उत्पादन पनि बढी हुन्छ । दक्षिणी भागमा धान,गहुँ, आलु, काउली, गोलभेडा, लसुन, प्याज, आदि जस्ता अन्न तथा तरकारी राम्रो मात्रामा उत्पादन हुन्छ । यस क्षेत्रको उत्तरमा भोगटे, निबुवाआरु, आरुबखडा, अम्बा, लप्सी र दक्षिणी भागतिर पनि त्यस्तै खालका फलफूलहरु पाइन्छन् ।

### ४.२.८ पशुपन्छी

अध्ययन क्षेत्रका मानिसहरु गाई, भैंसी, बाख्रा, बंगुर, आदि घरपालुवा जनावर पाल्छन् भने हाँस, कुखुरा जस्ता पन्छी पनि प्रायको घरमा देखिन्छ । शिवपुरी राष्ट्रिय निकुञ्ज आरक्षण पनि भएकोले यहाँ बाघ, भालु, चितुवा, मृग, स्याल, आदि जनावर पाइन्छन् भने कालिज, ढुकुर, सारौं, आदि जातका चराचुरुङ्गी पाइन्छन् ।

### ४.२.९ शिक्षा

मानिसको जीवनमा शिक्षा महत्वपूर्ण रहेको छ र शिक्षा बिना मानिस अन्धो सरह नै हुन्छ । यहाँका मानिसमा पहिलेको तुलनामा अहिलेका पुस्ता शिक्षामा निकै अगाडी रहेको पाइन्छ ।

यस गा.वि.स. भित्र वडा नं. ५ मा मात्र एउटा नि.मा.वि. रहेको छ। ती बाहेक विद्यालयहरु अध्ययन क्षेत्रबाट नजिकै रहेको कारण अहिलेका पुस्ता शिक्षाबाट वञ्चित हुनु परेको छैन। प्रायजसो विद्यार्थी सामुदायिक भन्दा संस्थागत विद्यालय तर्फ आकर्षित भएको देखिन्छ।

### ४.२.९ स्वास्थ्य सेवा

स्वास्थ्य सेवा क्षेत्रको हिसाबले चपली गा.वि.स.मा एउटा उपस्वास्थ चौकी मात्र छ। सो स्वास्थ्य चौकीबाट

प्राथमिक उपचारका साथै आवश्यक सामान्य औषधीको व्यवस्था, मातृशिशु स्वास्थ्य, परिवार नियोजनका साधन वितरण र सरसल्लाह दिने काम भैरहेको छ। बाक्ला बस्ती भएका ठाउँमा निजीस्तरका क्लिनिक समेत संचालनमा छन्। मानिसहरुलाई उपचारका लागि एउटा मात्र स्वास्थ्य चौकीको ब्यवस्था भएका कारणले पनि यहाँबाट ठूला सरकारी अस्पतालमा जानेको संख्या बढी छ। अहिले सम्मको स्थितिमा त्यति वातावरण प्रदूषण नभएपनि प्रदूषण बढ्ने कममा छ। बेलैमा सचेत नहुँदा भविष्यमा विकराल स्थिति आउन सक्ने देखिन्छ।

### ४.२.१० सामाजिक सम्बन्धहरु

अध्ययनको लागि छनौट गरिएको वडा नं. ३, ४ र ५ मा बसोबास गर्ने तामाङ्ग समुदायका महिलाहरुबाहेक उक्त वडाहरुका अन्य जात-जातिलाई छनौट भित्र राखिएको छैन। आफ्नो जातिमा वा समुदायमा केही समस्या पर्दा सबै मिली समाधान गर्ने कोशिस गर्छन्। तामाङ्ग समुदाय भित्रकै कति युवा-युवतीले आपसमा विवाह सम्बन्ध जोडेका छन्। समुदायमा एक आपसमा राम्रो सम्बन्ध भएको भेटिएको छ। पहिले जस्तो मेलापात, घाँसदाउरा गर्नु पर्ने नभए पनि एक आपसमा सापट, अैंचो पैंचो, सरसल्लाह, सहयोग भने अहिले पनि रहेको छ। कहिलेकाहीँ राजनितिक कारणले गर्दा भने सामाजिक सम्बन्धमा असर पुगेको पाइएको छ। बेला-बेलामा सञ्चालन हुने तालिममा महिला/आमा समूहका, यूवा क्लवका, सहकारी संस्थाका बैठकहरु, विभिन्न कार्यकमहरुले पनि समुदाय भित्रको सामाजिक सम्बन्धलाई बलियो बनाउन मदत गरेको पाइन्छ। आफ्नो समुदाय भन्दा बाहिरका अन्य समुदायसँग पनि तामाङ्ग समुदायको सामाजिक सम्बन्ध राम्रो देखिन्छ। क्षेत्री, बाहुन, नेवार समाजमा तामाङ्गहरु घुलमिल हुने, उनीहरुका सामाजिक, सांस्कृतिक कार्यकमहरुमा सहभागी हुने गरेको अध्ययनको कममा भेटियो।

### ४.२.११ सामाजिक भूमिकाहरु

मानिस जन्मने बितिकै लिङ्गको आधारमा परिवार र समाजले उसको भूमिका निर्धारण गरिदिएको हुन्छ र त्यहि भूमिकाअनुसार सिक्दै जान्छन् । छोरा भए जन्मेको ६ महिनामा पास्नी गर्नुपर्ने र छोरी भए ५ महिनामा पास्नी गर्नुपर्ने चलन समाजले नै बनाएको हो । छोराले सर्ट, पाइन्ट, भोटो, सुरुवाल लगाउनुपर्ने र छोरीले घाँघर, सुरुवाल, जामा लगाउनुपर्ने, छोराले मोटर, गाडी, बन्दुक, साइकल खेल्ने र छोरीले गुडिया, भाँडाकुटी खेल्ने, आदि जस्ता कुराहरु परिवार र समाजले सिकाउँदै आएको छ । छोराले गुडिया, भाँडाकुरी खेल्ने, छोरीले गाडी, बन्दुक जस्ता खेलौना खेल्यो भने त्यसलाई अनौठो रुपमा लिइन्छ । त्यसैले महिला र पुरुषलाई सानो बेला देखि नै भूमिका निर्धारण गरिदिएको हुन्छ । एउटी महिलाले समाज भित्र रहेर छोरी, बुहारी, दिदी, बहिनी, आमा, सासु, फूपू, भाउजू, नन्द, आमाजू, माइजू, काकी, आदि जस्ता नाता भित्र बसेर आफ्नो भूमिका निभाउनु पर्छ भने पुरुषले पनि त्यसै अनुसारका नाता पाएको हुन्छ र उसले पनि नाता अनुसार आफुले गर्नुपर्ने कर्तव्य र भूमिका पूरा गर्नुपर्छ । परिवार र समाजले तोकिदिएको नातास्थान भित्र बसेर आफ्नो भूमिका निर्वाह गर्न नसक्ने महिला वा पुरुषलाई समाजले राम्रो मान्दैन ।

अध्ययन क्षेत्रका महिलाहरुको पनि पारिवारिक र समाजिक भूमिका समाजले तोकिदिएको छ । हरेक समुदायका महिलाहरुलाई जस्तै तामाङ्ग महिलाहरुलाई पनि पारिवारिक जिम्मेवारी बढी  छ । रोजगारको क्षेत्रमा काम अनुसार आफ्नो भूमिका निर्वाह गरेर महिलाहरु अगाडी बढी रहेका छन् । समाजलाई चेतनशील र विकसित बनाउन वर्तमान समयमा महिलाहरु राजनितिक कार्यकर्ता,स्वयं सेविका,सामजसेवी, आदि आफ्नो भूमिका निर्वाह गरिरहेका छन् ।

# अध्याय पाँच

# तथ्याङ्कको विश्लेशण र प्रस्तुतीकरण

## ५.१ तामाङ्ग महिलाहरुको सामाजिक स्थिती

मानिस चेतनशील सामाजिक प्राणी हो । त्यसैले उसले विविध सामाजिक अवस्था बोकेको हुन्छ । परम्परादेखि वर्तमान स्थितीसम्म आइपुग्दा समाज निकै परिवर्तन भइसकेको छ । तर परम्परादेखि नै समुदायमा पुरुषले महिलालाई हरेक काममा प्रभावमा राख्ने अवस्थामा भने सोचे जस्तो परिवर्तन आउन सकेको छैन । बहुजातीय मुलुक भएको कारण धेरै जातजातिका मानिस बसोबास गर्ने नेपालभित्र जनजाति अन्तर्गत पर्ने तामाङ्ग जाति भित्र महिला पनि परम्परागत मान्यताबाट टाढिन सकेका छैनन् । तर पनि नेपाली समाजमा ब्राह्मण, क्षेत्री समुदायका महिलाहरुको भन्दा तामाङ्ग महिलाहरुको सामाजिक अवस्थामा सुधार देखिन्छ । तामाङ्ग महिला तामाङ्ग पुरुषबाट अपहेलित हुनु नपरेको तथ्याङ्कले देखाएको छ । वर्तमान समयमा तामाङ्ग महिलाहरुमा पनि अन्य महिलाहरुमा जस्तै परिवर्तन देखिएको छ ।

### ५.१.१ उमेरगत विवरण

उमेर एउटा महत्वपूर्ण सामाजिक विशेषता हो । उमेरले महिलाहरुको सामाजिक, आर्थिक विकासमा निकै ठूलो प्रभाव पार्दछ । उमेरले कामको अवधी, प्रकार, निर्णय गर्ने प्रक्रिया आदिमा फरक पार्दछ । यस अध्ययन अनुसार नमुना छनोटमा परेका महिलाहरुको उमेर १५ वर्ष देखी ५४ वर्ष भन्दा माथि सम्म रहेको छ । यस अध्ययनमा १५ वर्ष भन्दा तलका महिलालाई लिइएको छैनकिनकी १५ वर्षभन्दा तलका महिलालाई परिवर्तनका कुरा थाहा नहुन सक्छ ।

**तालिका नं. ३ः उत्तरदाताको उमेरगत विभाजन**

| क. सं. | उमेर समूह | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १५-२४ | ९ | १८ |
| २ | २५-३४ | १५ | ३० |
| ३ | ३५-४४ | ८ | १६ |
| ४ | ४५-५४ | ११ | २२ |
| ५ | ५५ भन्दा माथि | ७ | १४ |
| **जम्मा** | | **५०** | **१००** |

(स्रोतः स्थलगत अध्ययन, २०७२)

माथिको तालिका नं ३ अनुसार नमुना छनौटमा परेका महिला मध्ये सबैभन्दा बढी १५ जना (३०%) महिला २५-३४ वर्ष उमेर समूहमा परेका छन् । त्यस्तै गरी ११ जना (२२%) महिला

४५-५५ वर्ष उमेर समूहका परेका छन् । ९ जना (१८%) महिला १५-२४ वर्ष उमेर समूहका परेका छन् । ८ जना (१६%) र ७ जना (१४%) महिला ३५-४४ वर्ष उमेर समूह र ५४ भन्दा माथि रहेका छन् । सबै उमेर समूहलाई समेट्दा परिवर्तनका बारेमा जानकारी हुन उद्देश्यले यसो गरिएको हो ।

### ५.१.२ परिवारको प्रकार

परिवारको प्रकारले पनि महिलाहरुको कामको अवस्था निर्धारण गर्दछ । परिवारको प्रकारमा संयुक्त र एकात्मक परिवार हुन्छन् ।

**तालिका नं. ४: उत्तरदाताको परिवारको प्रकार**

| क. सं. | परिवारको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल | ३० | ६० |
| २ | संयुक्त | २० | ४० |
| **जम्मा** | | **५०** | **१००** |

(स्रोतः स्थलगत अध्ययन, २०७२)

माथिको तालिका नं ४ अनुसार अध्ययनका लागि छनोट गरिएका ५० महिलामध्ये ३० जना (६०%) महिलाहरु एकल परिवारमा बसेको पाइयो भने २० जना (४०%) महिलाहरु संयुक्त परिवारमा बसेको पाइयो । संयुक्त परिवारमा भन्दा एकल परिवारमा बस्ने महिलाहरुको संख्या बढी हुनुमा अहिलेको पुस्ता बढी दुःख गर्न नचाहने, घर बाहिरको काममा संलग्न हुने, आधुनिकीकरणको प्रभाव आदिले गर्दा हो ।

### ५.१.३ वैवाहिक स्थिती

वैवाहिक स्थितीले गर्दा पनि महिलाको सामाजिक स्थितीमा असर पार्छ । विवाहित, अविवाहित, विधुवा, छुट्टिएर बसेका महिलाहरुको समाजिक अवस्था एकै किसिमको हुँदैन । तलको तालिकाले उत्तरदाताको वैवाहिक स्थितीको अवस्था देखाउँछ ।

**तलिका नं. ५: उत्तरदाताको वैवाहिक स्थिती**

| क. सं. | वैवाहिक स्थिती | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अविवाहित | ८ | १६ |
| २ | विवाहित | ३९ | ७८ |
| ३ | विधुवा | २ | ४ |
| ४ | छुट्टिएर बसेको | १ | २ |
| **जम्मा** | | **५०** | **१००%** |

(स्रोतः स्थलगत अध्ययन, २०७२)

माथिको तालिका नं ५ अनुसार उत्तरदाताहरुको सामाजिक कारणले गर्दा वैवाहिक स्थिती हेर्दा सबैभन्दा बढी ३९ जना (७८%) महिला विवाहित देखिन्छन् । त्यसैगरी अविवाहित ८ जना (१६%), विधुवा २ जना (४%) र छुट्टिएर बसेको १ जना (२%) महिला देखिन्छन् ।

### ५.१.४ विवाह गर्दाको उमेर

तामाङ्ग समुदायका महिलाहरु धेरैजसो आफुले केटा मनपराएर विहे गर्ने हुँदा सानै उमेरमा विवाह गर्नेको संख्या धेरै भेटियो । उत्तरदाताले विहे गरेको उमेर सम्बन्धमा तलको तालिकाले प्रष्ट पार्दछ ।

**तालिका नं. ६: उत्तरदाताले विवाह गर्दाको उमेर सम्बन्धी विवरण**

| क. सं. | विवाह गर्दाको उमेर | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १०-१५ | ५ | ११.९ |
| २ | १६-२० | ३० | ७१.४ |
| ३ | २१-२५ | ७ | १६.७ |
| **जम्मा** | | **४२** | **१००** |

(स्रोतः स्थलगत अध्ययन, २०७२)

माथिको तालिका नं ६ अनुसारनमुना छनौटमा परेका ५० जना उत्तरदातामध्ये विवाहित ४२ जना मा विवाह गर्दाको उमेर सम्बन्धमा १०- १५ वर्ष भित्र विवाह गर्ने उत्तरदाताहरु ५ (११.९%) जना भएको पाइयो भने १६-२० वर्ष भित्र विवाह गर्ने सबैभन्दा बढी ३० (७१.४%) जना र २१-२५ वर्ष भित्र विवाह गर्ने ७ (१६.७%) जना भएको पाइयो । १६-२० वर्ष भित्र विवाह गर्नेको संख्या बढी हुनुमा तामाङ्ग महिलाहरु आफु खुसी विवाह गर्ने भएकोले हो भन्ने उत्तर पाइयो । आफुखुसी विवाह गर्ने कारणले गर्दा १०-१५ वर्षभित्र विवाह गर्ने पनि भेटिएको छ । बुबा-आमाले विवाह गरिदिदा पनि छिटो विवाह गरिदिने चलनले उमेर धेरै गएर विवाह गर्ने महिलाहरु त्यति भेटिएन ।

### ५.१.५ शैक्षिक स्थिती

शिक्षाले मानिसलाई परिवर्तन गराउँछ । अध्ययन क्षेत्रका तामाङ्ग महिलाहरुको शैक्षिक स्थिती बुझ्न नमुना छनौटमा परेका महिलाहरुसँग उनीहरुको शैक्षिक स्थितीको बारेमा सोध्दा निम्न विवरण पाइएको छ ।

**तालिका नं. ७: शैक्षिक स्थिती**

| क. सं. | शैक्षिक योग्यता | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | १२ | २४ |
| २ | १ देखि ५ सम्म | ७ | १४ |
| ३ | ६ देखि १० सम्म | १५ | ३० |
| ४ | एस. एल. सी | ७ | १४ |
| ५ | प्रविणता प्रमाणपत्र तह | ६ | १२ |
| ६ | स्नातक तह | २ | ४ |
| ७ | स्नातकोत्तर तह | १ | २ |
| **जम्मा** | | **५०** | **१००%** |

(स्रोतः स्थलगत अध्ययन, २०७२)

माथिको तालिका नं ७ अनुसार छनौटमा परेका महिला मध्ये सबैभन्दा बढी ५-१० सम्मको शैक्षिक योग्यता भएका महिलाको संख्या १५ जना (३०%) देखियो । निरक्षर महिलाहरुको संख्या १२ जना (२४%) देखियो । यस्तो हुनुमा पहिलेको समयमा छोरीलाई पढाउने चलन नभएर वा कामको बोझले पढ्न नपाएर, शिक्षा लिनबाट बञ्चित भएका तामाङ्ग महिलाको संख्या बढी भएर पनि हो । त्यसैगरी १-५ सम्म पढ्ने महिलाको संख्या र एस्.एल.सी सम्म पढेर छोड्नेको संख्या क्रमश ७ जना (१४%) र ७ जना (१४%) रहेको छ । प्रविणता प्रमाणपत्र तह, स्नातक तह, स्नातकोत्तर तह पढ्ने महिलाहरुको संख्या क्रमश ६ जना (१२%), २ जना (४%) र १ जना (२%) रहेको पाइयो । यसबाट के बुझिन्छ भने नमुना छनौटमा परेका महिलाहरु समयको परिवतर्न संगै बिस्तारै साक्षर बन्दै गएका छन् ।

### ५.१.६ चर्पीको प्रकार

चर्पीको प्रयोग गर्ने तरिका र चर्पीको प्रकारले अध्ययन क्षेत्रका महिलाको सामाजिक स्थिती बुभन मदत गर्दछ । अध्ययन क्षेत्रका महिलाहरुले प्रयोग गर्ने चर्पीको प्रकार निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८: चर्पीको प्रयोग गर्ने उत्तरदाताको विवरण**

| क. सं. | चर्पीको प्रकार | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कच्ची | १० | २० |
| २ | पक्की | ४० | ८० |
| **जम्मा** | | **५०** | **१००** |

(स्रोतः स्थलगत अध्ययन, २०७२)

तालिका ८ अनुसार ४० जना (८०%) ले पक्की चर्पी प्रयोग गर्ने बताएका छन् । १० जना (२०%) ले कच्ची चर्पीको प्रयोग गर्ने बताएका छन् । महिलाको शैक्षिक स्थितीमा आएको

परिवर्तन, आर्थिक स्थितीमा आएको सुधार, आधुनिकीकरण आदिले पक्की चर्पी प्रयोग गर्ने उत्तरदाताको संख्या धेरै देखिन्छ ।

### ५.१.७ खानेपानीको स्रोत

खानेपानीको प्रयोगको सहजताले महिलाहरुको सामाजिक स्थितीमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । पुरानो समयमा खोला, कुवा, इनार जस्ता स्रोतबाट खानेपानीको प्रयोग गरिन्थ्यो भने अहिले घर-घरमा धारा जडान गरेर घरमै पानीको सुविधा भएको छ । यसले गर्दा टाढा-टाढा गएर खानेपानी ल्याउँदा लाग्ने समयको बचत भएको छ र यसले सहज पनि बनाएको छ । अध्ययन क्षेत्रका तामाङ्गले प्रयोग गर्ने खानेपानीको स्रोत तलको तालिकाबाट प्रष्ट देख्न सकिन्छ ।

**तालिका नं. ९: खानेपानीको स्रोतको विवरण**

| क. सं. | खानेपानीको स्रोत | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | धाराको पानी प्रयोग गर्ने | ४५ | ९० |
| २ | कुवाको | ५ | १० |
| **जम्मा** | | **५०** | **१००** |

(स्रोतः स्थलगत अध्ययन, २०७२)

माथिको तालिका ९ अनुसार खानेपानीको लागि धाराको पानी प्रयोग गर्ने उत्तरदाताको संख्या ४५ जना (९०%) देखियो । त्यस्तै गरी कुवाको पानी प्रयोग गर्ने संख्या जम्मा ५ जना (१०%) देखियो । अध्ययन क्षेत्रका गाउँमा ट्याङकीबाट जम्मा भएको पानी सिधै धारामा जाने हुनाले प्रायजसो सबैका घरमा धाराको पानी प्रयोग गरेको पाइन्छ । कुवा अथवा मूलको पानी भने कसै-कसैले प्रयोग गर्ने गरेको पाइयो ।

### ५.१.८ परिवार नियोजनका साधन

तामाङ्ग समुदायमा परिवार नियोजनका साधनको प्रयोगबारे पहिले त्यति जानकारी थिएन । त्यस्ता साधन प्रयोग गर्नुपर्छ भनेर थाहा भएकाले पनि प्रयोग गर्न पाउँदैनथे । कसै-कसैले मात्र प्रयोग गरेका बताउँछन् । अहिले भने परिवार नियोजनका अस्थायी र स्थायी दुवै साधन प्रयोग गर्नेको संख्या बढेको छ । यसले पनि महिलाको सामाजिक स्थितीमा परिवर्तन गर्न सहयोग गर्छ । तलको तालिकाले उत्तरदाताले प्रयोग गरेका परिवार नियोजनका साधनबारे प्रष्ट पार्छ ।

नमुना छनौटमा परेका ५० जना उत्तरदातामध्ये ४२ (८४%) जना उत्तरदाता विवाहित छन् र ८ (१६%) जना अविवाहित छन् । ४२ जना विवाहित महिला उत्तरदातामध्ये २७ (६४.३%)

जनाले अस्थायी परिवार नियोजनका साधन प्रयोग गर्ने गरेको पाइयो र ८ (१९%) जनाले स्थायी परिवार नियोजनको साधन प्रयोग ।

**तालिका नं. १०: उत्तरदाताको परिवार नियोजनका साधन प्रयोगको विवरण**

| क. सं. | परिवार नियोजनका साधन | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अस्थायी साधन प्रयोग गर्ने | २७ | ६४.३ |
| २ | स्थायी साधन प्रयोग गर्ने | ८ | १९ |
| ३ | कुनै पनि साधन प्रयोग नगर्ने | ७ | १६.७ |
| **जम्मा** | | **४२** | **१००** |

(स्रोतः स्थलगत अध्ययन, २०७२)

गरेको पाइयो । आफुले वच्चा जन्माउने बेलामा कुनै पनि परिवार नियोजनको साधन नअपनाएको र श्रीमान् विदेश गएको हुनाले परिवार नियोजनका साधन नअपनाएको कुरा बताउने उत्तरदाताको संख्या भने ७ (१६.७%) जना रहेको पाइयो । परिवार नियोजनका साधन अपनाउनु पर्छ भन्ने मान्यता अध्ययन क्षेत्रका तामाङ्गहरुको छ । धेरै बच्चा भयमा दुःख हुन्छ भन्ने उनीहरुले बुझेका छन् । आमा/हजुरआमाले पनि हाम्रो पालामा प्रयोग गरेनौं र अहिले धेरै सन्तान भए अब हाम्रा छोरी/बुहारीले प्रयोग गरुन् भन्ने मान्यता राखे ।

### ५.१.९ बच्चा जन्माएको स्थान

अध्ययन क्षेत्रका उत्तरदाताहरुमा चेतना आएको छ । बच्चा जन्माउँदा सुरक्षित तरिकाले नजन्माए आमाको स्वास्थ्यमा असर पर्ने उनीहरुको विचार छ । पाका उमेरका महिलाहरु आफुले कुनै बच्चा घरमा र कुनै अस्पतालमा जन्माएको बताउँछन् ।

**तालिका नं. ११: उत्तरदाताले बच्चा जन्माएको ठाउँ बारे विवरण**

| क. सं. | बच्चा जन्माएको ठाउँ | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अस्पताल | ११ | २६.२ |
| २ | घर | १५ | ३५.७ |
| ३ | दुवै | १६ | ३८.१ |
| **जम्मा** | | **४२** | **१००** |

(स्रोतः स्थलगत अध्ययन, २०७२)

५० जना उत्तरदातामध्ये ८ (१६%) जना उत्तरदाता अविवाहित भएकाले ४२ (८४%) जनालाई मात्र समेटिएको छ । अस्पतालमा बच्चा जन्माउनेको संख्या ११ (२६.२%) जना देखियो, घरमै बच्चा जन्माएको बताउने १५ (३५.७%) जना र कुनै बच्चा अस्पतालमा र कुनै बच्चा घरमा जन्माएको बताउने १६ (३८.१%) जना देखियो । अहिलेका पुस्ताहरुमा

अस्पतालमा बच्चा जन्माउने दर पहिलेका पुस्तामाभन्दा बढेको देखिन्छ । अस्पतालमा बच्चा जन्माउँदा सुरक्षित हुन्छ भन्ने चेतना विस्तारै तामाङ्ग समुदायमा विकसित हुँदै छ ।

### ५.१.१० परिवारका सदस्य बिरामी हुँदा उपचार गराउने ठाउँ

अध्ययन क्षेत्रका तामाङ्गहरु आफ्ना घरका सदस्य बिरामी हुँदा कहाँ उपचार गराउँछन् भन्ने सन्दर्भमा स्थलगत अध्ययनको बेला लिइएको प्रतिक्रिया तलको तालिकाबाट बुझ्न सकिन्छ ।

**तालिका नं. १२: उत्तरदाताको परिवारका सदस्य बिरामी हुँदा उपचार गराउने ठाउँको विवरण**

| क. सं. | बिरामी भएमा लैजाने ठाउँ | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | डाक्टर | १५ | ३० |
| २ | धामी/झाँक्री | ५ | १० |
| ३ | दुवै | ३० | ६० |
| **जम्मा** | | **५०** | **१००** |

(स्रोतः स्थलगत अध्ययन, २०७२)

५० जना उत्तरदातामध्ये १५ (३०%) जना उत्तरदाता घरका सदस्य बिरामी हुँदा सिधै डाक्टरकहाँ लैजान्छन् । ५ (१०%) जना धामी/झाँक्रीकोमा जान्छन् र ३० (६०%) जना धामी/झाँक्री र डाक्टर दुवै लगाउँछन् । अध्ययन क्षेत्र ग्रामिण क्षेत्र भएकाले अझैपनि धामी/झाँक्रीमा विश्वास गरीन्छ । धामी/झाँक्रीले ठिक पारेनन् भने अस्पताल लैजाने चलन छ । कतिपय अवस्थामा डाक्टरले उपचार गरेका बिरामी निको नभएर धामी/झाँक्रीको उपचारले निको भएको सत्यता पनि उत्तरदाता बताउँछन् तर धामी/झाँक्री मात्र पनि भनेर हामी बस्दैनौं भन्ने उत्तर उत्तरदाताको छ ।

### ५.१.११ संघसंस्था सँग आवद्ध

विश्वव्यापिकरण र आधुनिकीकरणले गर्दा संघसंस्थाहरु खुलिरहेका छन् । शहरी क्षेत्रमा मात्र नभएर महिला शसक्तिकरणको लागि ग्रामिण क्षेत्रमा पनि विभिन्न संघसंस्था खुलेका छन् । ती संघसंस्थाले महिलाको सामाजिक स्थिीमा असर पारेको छ । तलको तालिकाबाट विभिन्न संघसंस्थासंग आवद्ध महिलाहरुको संख्या कति छ थाहा पाउन सकिन्छ ।

तलको तालिका अनुसार ५० जना उत्तरतदाता मध्ये ८ जना (१६%) कुनै संस्थासंग आवद्ध नरहेको पाइयो ।

१७ जना (३४%) महिला/आमा समूहमा, १० जना (२०%) परम्परागत समूहमा, ३ जना ( ६%) सरकारी संस्थामा, ५ जना (१०%) गैरसरकारी संस्थामा र ७ जना (१४%) अन्य

संस्थामाआवद्ध रहेको पाइयो । अध्ययन क्षेत्र ग्रामिण क्षेत्र भएको कारण अन्य सरकारी र गैरसरकारी संस्था भन्दापरम्परागत संस्था र महिला/आमा समूहमा संलग्न रहने महिलाको संख्या बढी देखियो। कतिपय महिलाहरुले इच्छा नभएर अथवा घर भन्दा बाहिरका क्षेत्रमा रुचि नराख्ने भएर संस्थासंग आवद्ध नभएको बताए ।

**तालिका नं. १३: संघसंस्थासँग आवद्ध उत्तरदाताको विवरण**

| क. सं. | संस्थाको किसिम | संस्थामा आवद्ध उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | संस्थासंग आवद्ध नभएका | ८ | १६ |
| २ | महिला/आमा समूह | १७ | ३४ |
| ३ | परम्परागत समूह | १० | २० |
| ४ | सरकारी संस्था | ३ | ६ |
| ५ | गैरसरकारी संस्था | ५ | १० |
| ६ | अन्य | ७ | १४ |
| **जम्मा** | | **५०** | **१००** |

(स्रोतः स्थलगत अध्ययन, २०७२)

### ५.१.१२ घरको काममा महिला तथा पुरुषको सहभागिता

घरका काममा पुरुषले सघाउने र नसघाउने अवस्थाको अध्ययन गरेर पनि महिलाको सामाजिक स्थितीको बारेमा थाहा पाउन सकिन्छ । हाम्रो नेपाली समाज पुरुष-प्रधान समाज भएको हुनाले घरका सबै काम महिलाले मात्र गर्नुपर्छ भन्ने मान्यता पाइन्छ । घरका काममा मात्र सिमित भएर बस्नुपर्ने बाध्यताले गर्दा महिलाहरु बाहिरी वातावरणमा घुलमिल हुन पाउँदैनन्, फलस्वरुप सामाजिक स्थितीमा असर पर्न जान्छ ।

अध्ययन क्षेत्रका महिलालाई घरका काम-खाना बनाउने, भाँडा माऊने, कपडा धुने, घर सफा गर्ने आदि मा पुरुष र महिलामध्ये को बढी सहभागी हुन्छ भनेर सोध्दा ३१ (६२%) जनाले महिलाले मात्र घरका काम गर्ने गरेको बताए भने १९ (३८%) जनाले दुवैजना मिलेर घरका काम गर्ने बताए । पुरुषहरु प्राय घर बाहिरको काममा बढी सक्रिय रहने र समय भएपनि घरका काममा चासो नराख्ने हुनाले महिलामात्र घरका काममा बढी खटिनुपर्ने अवस्थाको सिर्जना भएको स्थलगत अध्ययनको क्रममा जानकारी भयो ।

### ५.१.१३ निर्णय प्रकियाको स्थिती

घरपरिवारमा घरायसी वा अन्य कुरामा परिवारका सदस्यबीच छलफल हुन्छ । यस्तो छलफलले गर्दा घरकासबै सदस्यले आफ्नो विचार राख्न पाउँछन् र निर्णय गर्ने कुरामा पनि सल्लाह दिन सक्छनन् ।

तलको तालिका अनुसार उत्तरदाताको परिवारमा निर्णय गर्ने व्यक्तिमा सासु/आमाको संख्या १५ जना (३०%) देखियो । १५ जना (३०%) ले आफै निर्णय गर्ने, १० जना (२०%) ले ससुरा/बुबाले निणर्य गर्ने र १० जना (२०%) ले श्रीमान्ले निणर्य गर्ने बताए । तामाङ्ग समुदायमा अन्य समुदायमा भन्दा परिवारमा महिलाको स्थान उच्च रहने भएकोले अध्ययनको क्रममा पनि घरमा निर्णय गर्ने अधिकार सासु तथा आमाको बढी देखिएको हो । घरायसी काममा महिलाको बढी भूमिका हुने भएपनि अन्य काममा भने महिलासँग सरसल्लाह गरिएपनि

**तलिका नं. १४: निर्णय प्रकियाको विवरण**

| **क. सं.** | **निर्णय गर्ने व्यक्ति** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | सासु/आमा | १५ | ३० |
| २ | ससुरा/बुबा | १० | २० |
| ३ | श्रीमान् | १० | २० |
| ४ | आफै | १५ | ३० |
| **जम्मा** | | **५०** | **१००** |

(स्रोतः स्थलगत अध्ययन, २०७२)

निर्णय गर्ने काम भने ससुरा/बुबा र श्रीमान्ले नै गरिएको देखियो । आफै घरको मुली भएका महिलाहरुले भने घरका सबै काममा आफैले निर्णय गर्ने बताए ।

## ५.२ महिलाहरुको आर्थिक स्थिती

### ५.२.१ आम्दानीको स्रोत

आम्दानीको स्रोतले परिवारको आर्थिक स्थितीमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । आम्दानीको स्रोतले शिक्षासँग पनि सम्बन्ध राख्छ किनकी शिक्षित मानिसले उच्चस्तरको काम पाउन सक्छन् जहाँकी अशिक्षित मानिसले थोरै आम्दानी हुने निम्न स्तरको काम गर्नुगर्ने हुन्छ । यसले के देखाउँछ भने अशिक्षित मानिसको कमाई शिक्षित मानिसको भन्दा कम हुन्छ । कमाई भन्ने कुरा कामको प्रकृति र काम गर्ने समय अनुसार हुन्छ । तलको तालिकाले उत्तरदाताहरुको आम्दानीको स्रोतको स्थिती देखाउँछ ।

तलको तालिका अनुसार कृषि तथा पशुपालनमा संलग्न उत्तरदाता १५ जना (३०%) देखियो । व्यापार/उद्योग व्यवसायलाई आफ्नो आम्दानीको स्रोत बनाएका उत्तरदाता १३ जना (२६%) रहेको पाइयो । त्यसैगरी नोकरी गरेर आम्दानी गर्ने १२ जना (२४%), ज्याला मजदुरी गरेर आम्दानी गर्ने ५ जना (१०%) भएको पाइयो । अध्ययन क्षेत्रका महिलाहरु शिक्षामा पुरुषभन्दा पछाडी नै रहेका र घरबारीका काममा अल्झिनुपर्ने बाध्यताले राम्रो

आम्दानी हुने पेशामा संलग्न हुन सकिरहेका छनैन् । पहिलेको तुलनामा भने महिलाहरुको आम्दानीका

**तलिका नं. १५: आम्दानीका स्रोतहरु**

| क. सं. | विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि तथा पशुपालन | १५ | ३० |
| २ | व्यापार, उद्योग व्यावसाय | १३ | २६ |
| ३ | नोकरी (सरकारी/प्राइभेट/वैदेशिक) | १२ | २४ |
| ४ | ज्याला मजदुरी | ५ | १० |
| ५ | अन्य | ५ | १० |
| **जम्मा** | | **५०** | **१००** |

(स्रोतः स्थलगत अध्ययन, २०७२)

स्रोतमा परिवर्तन भएको छ । १३ जना उद्योग/व्यवसाय र १२ जना नोकरी गर्ने सक्ने अवस्थामा पुगेका छन् । यस्ता घरबाहिरका कामबाट आम्दानी गरेर आर्जन गर्ने महिलाको संख्या बढ्दै गइरहेको देखिन्छ ।

### ५.२.२ परिवारको मासिक आम्दानी

अध्ययनका लागि छनौटमा परेका ५० जना उत्तरदाताको परिवारको मासिक आम्दानी फरक-फरक छ । व्यापार/व्यवसाय गर्नेको मासिक आम्दानी बढी छ, नोकरी गर्नेहरुको कम छ भने खेतीपातीको काम गर्नेहरुको अझै न्यून छ । अहिलेको समयमा आम्दानी हुने पेशा अंगाल्ने तामाङ्ग परिवारको मासिक आम्दानी आफ्नो परिवार धान्न सक्ने भएको अध्ययनबाट थाहा हुन आएको छ । तलको तालिकाबाट उत्तरदाताको
मासिक आम्दानीको विवरण थाहा पाउन सकिन्छ ।

**तलिका नं. १६: उत्तरदाताको परिवारको मासिक आम्दानी सम्बन्धीविवरण**

| क. सं. | परिवारको मासिक आम्दानी | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ५०००-१०००० | १२ | २४ |
| २ | १००००-१५००० | १४ | २८ |
| ३ | १५०००-२०००० | १५ | ३० |
| ४ | २०००० भन्दा माथि | ९ | १८ |
| **जम्मा** | | **५०** | **१००** |

(स्रोतः स्थलगत अध्ययन, २०७२)

माथिको तालिका अनुसार परिवारको मासिक आम्दानी ५,०००-१०,००० हुने उत्तरदाताको संख्या १२ (२४%) जना, १०,०००-१५,००० हुने उत्तरदाताको संख्या १४ (२८%) जना, १५,०००-२०,०००हुने उत्तरदाताको संख्या १५ (३०%) जना र २०,००० भन्दा माथि

मासिक आम्दानी हुनेको संख्या ९ (१८%) जना देखियो । १५,०००-२०,००० मासिक आम्दानी हुनेको संख्या सबैभन्दा बढी हुनुको कारण धेरै परिवारहरु नोकरी गर्ने र साना-तिना पसलहरु चलाएर बस्ने हुनाले हो । मासिक आम्दानी २०,००० भन्दा माथि देखिनुको कारण व्यापार/व्यवसाय गर्ने र परिवारको सदस्य विदेश जाने परिवारको संख्या थोरै भएकोले हो ।

### ५.२.३ भूमिको विवरण

गाउँका मानिसहरु खेतीपातीमा निर्भर हुन्छन् । उनीहरु खेतीबारीमा विभिन्न बालिनाली उब्जाउन मिहिनेत गर्छन् । अध्ययन क्षेत्रका उत्तरदाताहरुको पनि खेतीपाती छ तर पहिलेको भन्दा धेरै कम देखिन्छ । अहिले आधुनिकीकरण र विश्वव्यापीकरणको प्रभावले अध्ययन क्षेत्रलाई पनि छोएको छ । प्रायजसोले आफ्ना खेतीपाती बेचेर पक्की घर बनाएका छन् । त्यसैले खेतीपातीको मात्रा घट्दो छ ।

तालिका अनुसार अध्ययनका क्रममा १-२ रोपनी सम्म आफ्नो जग्गा जमिन भएका उत्तरदाताको संख्या १५ जना (३०%), २-४ रोपनी जमिन भएका १३ जना (२६%), ५ रोपनी भन्दा माथि जमिन भएका १२ जना  पाइयो ।

**तलिका नं. १७: भूमिको विवरण**

| क. सं. | जग्गाको परिमाण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-१ रोपनी | ५ | १० |
| २ | १-२ रोपनी | १५ | ३० |
| ३ | २-४ रोपनी | १३ | २६ |
| ४ | ५ रोपनी भन्दा माथी | १२ | २४ |
| ५ | जग्गा/जमिन नभएका | ५ | १० |
| **जम्मा** | | **५०** | **१००** |

(स्रोतः स्थलगत अध्ययन, २०७२)

२४%), १ रोपनी भन्दा कम जमिन भएका ५ जना (१०%) देखियो । जग्गा/जमिन नभएकाको संख्या ५ जना (१०%) देखियो । अन्य ठाउँबाट बसाँई सरी अध्ययन क्षेत्रमा आएका हुनाले उनीहरुको घर बाहेक अरु जग्गा/जमिन नभएको अध्ययनको क्रममा पता लगाइयो । जग्गा जमिन हुनेहरु मध्ये आफ्ना जग्गा/जमिन बेचेर खर्च गरेकाको जमिन थोरै र नबेची राख्नेको जग्गा जमिन धेरै भएको अध्ययनको क्रममा भेटियो ।

### ५.२.४ घरपालुवा पशुपन्छीको विवरण

अध्ययन क्षेत्रका महिलाहरु पहिले जस्तो घरपालुवा पशुपन्छी त्यति पाल्दैनन् । बजार नजिकै भएको कारण घरपालुवा पशुपन्छीबाट उत्पादन हुने दुध,मासु, घिउ आदिजस्ता परिकार बजारबाटै ल्याउन सजिलो छ । आफ्ना खेतबारीमा मलजल हुनेहिसाबले रआम्दानी हुने हिसाबले पालिएका घरपालुवा पशुपन्छीको विवरण तलको तालिकाबाट बुझ्न सकिन्छ ।

तलको तालिका अनुसार १५ (३०%) जनाले कुखुरा पालेको पाइयो भने १२ (२४%) जनाले बाखा पालेको पाइयो । त्यसैगरी गाई/गोरु पाल्ने ४ (८%) जना, भैंसी/राँगो पाल्ने ५ (१०%) जना र हाँस पाल्ने ४ (८%) जना पाइयो । कुनै पनि पशुपन्छी नपाल्नेको संख्या भने १० (२०%) जना रहेको छ । अध्ययन क्षेत्रमा गाई/गोरु, भैंसी/राँगो भन्दा कुखुरा र बाखा बढी मात्रामा पालेको देखिन्छ । बाखा र कुखुरालाई अन्य पशुपन्छीलाई जस्तो बढी दाना, पानी र स्याहार सुसारको आवश्यकता नपर्ने हुनाले बढी मात्रामा पालिएको

**तालिका नं. १८: उत्तरदाताको घरपालुवा पशुपन्छीको विवरण**

| क. सं. | घरपालुवा पशुपन्छी | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गाई/गोरु | ४ | ८ |
| २ | भैंसी/राँगो | ५ | १० |
| ३ | कुखुरा | १५ | ३० |
| ४ | बाखा | १२ | २४ |
| ५ | हाँस | ४ | ८ |
| ६ | छैन | १० | २० |
| | **जम्मा** | **५०** | **१००** |

(स्रोतः स्थलगत अध्ययन, २०७२)

पाइयो । घरपालुवा पशुपन्छी नपाल्ने महिलाहरुको संख्या धेरै हुनुको कारण उनीहरु घरबाहिरको काममा संलग्न भएर र कसैलाई पाल्न मन नलागेर हो भन्ने कुरा पनि अध्ययनको क्रममा उत्तरदाताले बताए ।

### ५.२.५ परिवारबाट विदेश गएकाको विवरण

अध्ययन क्षेत्रका तामाङ्गहरु अन्य क्षेत्रका तामाङ्गहरु भन्दा अगाडी देखिन्छन् । आफ्नो जग्गा-जमिन, व्यापार, व्यवसाय, नोकरी आदि बाट घरव्यवहार चलाउन गाऱ्हो नपर्ने हुनाले कामको लागि विदेशिनु पर्ने वाध्यता छैन । उत्तरदातामध्ये कसैको परिवारबाट मात्र घरका सदस्य विदेश गएका छन् । ५० जना मध्ये ५ (१०%) जनाको परिवारबाट विदेश गएको देखिन्छ, ४५ (९०%) जनाको परिवारबाट कोही पनि विदेश नगएको देखिन्छ । यसले के देखाउँछ भने अध्ययन क्षेत्रका तामाङ्गहरुसँग आफ्नै सीप र पेशा छ । बिना काम बरालिएर

हिँड्ने युवा युवती अध्ययन क्षेत्रमा कमै देखिन्छन् कोही पढ्दैछन् भने कोही आफ्नै काममा व्यस्त छन् ।

### ५.२.६ इन्धनका साधन प्रयोगको स्थिती

अध्ययन क्षेत्र शिवपुरी निकुञ्ज सँगै रहेकोले दाउराको लागि तामाङ्ग समुदायलाई दुःख छैन । राष्ट्रिय निकुञ्जबाट सुकेका दाउरा ल्याएर आफ्नो दैनिक जीवनलाई सहज पारिरहेका छन् । तामाङ्ग समुदायका महिलाहरु चाडपर्वहरुमा छ्याङ, रक्सी बनाउन दाउरा नै प्रयोग गर्छन् । कतिपय परिवार निकुञ्ज भित्रबाट दाउरा नल्याई किनेर प्रयोग गर्छन् । जाँड रक्सी बनाउन दाउराको प्रयोग गरे पनि अधिकांश तामाङ्ग समुदाय ग्याँसमा खाना बनाउँछन् । उत्तरदाताले खाना बनाउन प्रयोग गर्ने इन्धनका साधनहरुकोविवरण तलको तालिकाबाट देख्न सकिन्छ ।

**तालिका नं. १९: उत्तरदाताले प्रयोग गर्ने इन्धनका साधनको विवरण**

| क. सं. | इन्धनको नाम | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दाउरा | ३ | ६ |
| २ | ग्याँस | १३ | २६ |
| ३ | दुवै | २७ | ५४ |
| ४ | अन्य | ७ | १४ |
| **जम्मा** | | **५०** | **१००%** |

(स्रोतः स्थलगत अध्ययन, २०७२)

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा खाना बनाउन ग्याँस मात्र प्रयोग गर्नेको संख्या १३ (२६%) जना देखियो भने दाउरा मात्र प्रयोग गर्नेको संख्या ३ (६%) जना र दाउरा र ग्याँस दुवै प्रयोग गर्नेको संख्या २७ (५४%) जना देखियो । अन्य इन्धनका साधन प्रयोग गर्नेको संख्या भने ७ (१४%) जना देखियो । आफ्नै बारीमा रुखहरु हुने र अरुसँग किनेर दाउरा बाल्ने परिवारहरु सजिलोको लागि हतारको बेलामा ग्याँस पनि प्रयोग गर्ने

हुनाले ग्याँस र दाउरा दुवैको प्रयोग गर्ने परिवारको संख्या धेरै भएको हो । अन्य इन्धनका साधनमा हिटर, स्टोभ आदि पर्छन् । हिटर, स्टोभ प्रयोग गर्ने पनि अध्ययन क्षेत्रमा भएको पाइयो ।

### ५.२.७ दाइजो पेवा

महिलाहरुलाई विवाह नहुँदा दाजुभाई, बुबाआमाले पेवा दिन्छन् भने विवाह पछि पनि दाइजो दिने चलन छ । घरका श्रीमान् सासु-ससुराले पनि कतै पेवा दिने गरेको पाइन्छ । तलको तालिकामा उत्तरदाताको दाइजो/पेवाको विवरण प्रस्तुत गरिएको छ ।

**तलिका नं. २०: दाइजो/पेवा सम्बन्धी विवरण**

| क. सं. | दाइजो/पेवाको किसिम | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पशुपन्छी | ९ | १८ |
| २ | घर र जग्गा | - | - |
| ३ | पैसा | २१ | ४२ |
| ४ | सुन | २० | ४० |
| **जम्मा** | | **५०** | **१००** |

(स्रोतः स्थलगत अध्ययन, २०७२)

दाइजो/पेवाका रुपमा आफुसँग पशुपन्छी भएको बताउने उत्तरदाताको संख्या ९ जना (१८%) भएको देखिन्छ। त्यसैगरी दाइजो/पेवाको रुपमा पैसा हुनेको संख्या २१ जना (४२%) र सुन हुनेको संख्या २० जना (४०%) देखिन्छ। धेरै महिलाहरुसँग सुन र पैसा पेवाको रुपमा देखिनुको कारण तामाङ्ग समुदायमा माइती मै हुँदा छोरीलाई सुन बनाइदिने चलनले गर्दा हो भने आज भोलिका महिला आफुले कमाएको पैसाबाट केही बचत गर्छन् र त्यो उनीहरुको पेवाको रुपमा रहन्छ। गाई, भैंसी, बाख्रा, कुखुरा आदि पेवाको रुपमा हुने महिलाको संख्या थोरै हुनुको कारण अचेल गाईवस्तु पाल्न धेरैले छोडिसकेकाले पनि हो।

### ५.२.८ वचत

वचत गर्ने बानीले मानिसलाई अप्ठेरो बेलामा मदत पुऱ्याउँछ। अहिले हरेक व्यक्तिले आफ्नो आम्दानीबाट थोरै भएपनि रकम वचत गर्ने गरेको पाइन्छ। अरु मानिससँगको सम्पर्क, सञ्चार माध्यम, शिक्षा, चेतना आदिका कारण अध्ययन क्षेत्रका महिलाहरु आफ्नो अथवा आफ्नो परिवारको आम्दानीबाट विभिन्न ठाउँको संघसंस्थामा वचत गर्न थालेका छन्। महिलाहरुले आम्दानीबाट बचेको पैसा वचतगरेको ठाउँको विवरण

तलको तालिकामा देखाइएको छ।

तलको तालिका अनुसार ५० जना उत्तरदाता मध्ये २७ जना (५४%) महिलाले महिला/आमा समूहमा १० (२०%) जनाले सहकारी संस्थामा, ६ (१२%) जनाले बैङ्कमा आफ्नो आम्दानी बाट वचत गर्ने गरेको बताए र ७(१४%) जनाले अन्य ठाउँमा वचत गर्ने गरेको बताए।

**तलिका नं. २१: वचत गर्ने उत्तरदाताको विवरण**

| क. सं. | वचत गरेको ठाउँ | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला/आमा समूह | २७ | ५४ |
| २ | सहकारी संस्था | १० | २० |
| ३ | बैङ्क | ६ | १२ |
| ४ | अन्य | ७ | १४% |
| **जम्मा** | | **५०** | **१००** |

(स्रोतः स्थलगत अध्ययन, २०७२)

### ५.२.९ घरको प्रकार

छनोटमा परेका उत्तरदाताहरु मध्ये ३३ जना (६६%) को घर पक्की भएको पाइयो भने १७ जना (३४%) को घर कच्ची भएको पाइयो । गाउँ-गाउँमा भएको विकास, आधुनिकीकरण, आर्थिक अवस्थामा आएको सुधारको

**तलिका नं. २२: उत्तरदाताको घरको प्रकार सम्बन्धी विवरण**

| क. सं. | घरको प्रकार | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कच्ची | १७ | ३४ |
| २ | पक्की | ३३ | ६६ |
| **जम्मा** | | **५०** | **१००** |

(स्रोतः स्थलगत अध्ययन, २०७२)

कारणले गर्दा अध्ययन क्षेत्रका तामाङ्गहरुको घर पक्की बन्दै गइरहेका छन् । पक्की घर हुने महिलाहरुलाई घर लिपपोत गर्ने झन्झट छैन, पक्की घरमा दाउरा नबालिने भएर ग्याँसमा खाना पकाउँछन् जसले गर्दा धुवाँमा बस्नुपर्ने बाध्यता छैन । पक्की घर हुनेहरुले घर भाडामा दिएर मासिक आम्दानी पनि प्राप्त गरिरहेका छन् । भाडामा बस्ने मानिससँगको सम्बन्धले महिलाहरुमा नयाँ कुराको ज्ञान पनि भएको छ ।त्यसैले घरको प्रकारले पनि उत्तरदाताको सामाजिक र आर्थिक स्थितीमा परिवर्तन ल्याएको छ ।

### ५.२.१० धुम्रपान सम्बन्धी विवरण

धुम्रपानले मानिसको स्वास्थ्यमा असर पार्छ भन्ने कुरा थाहा भएर पनि धेरै मानिस धुम्रपान गर्छन् । अध्ययन क्षेत्रका छनोटमा परेका महिलाहरुलाई पनि यो कुरा थाहा छ । उनीहरुलाई टि.भी., रेडियो, विभिन्न खालका जनचेतना मुलक कार्यक्रम, भेला, समारोह, आदिले धुम्रपान गर्न नहुने रहेछ भनेर सिकाएको छ । त्यसैले त ५० जना उत्तरदातामध्ये धुम्रपान नगर्नेको संख्या ४१ जना (८२%) छ । धुम्रपान गर्नेमा पनि अलि उमेर ढल्केका महिलाहरु देखियो ।

उनीहरु पनि धुम्रपान गर्ने बानी छोड्ने तयारीमा छन् । यस बाट के बुझिन्छ भने तामाङ्ग महिलाहरुमा परिवर्तन आएको छ र उनीहरु सचेत भइसकेका छन् ।

### ५.२.११ विवाह भएको किसिम

५० जना उत्तरदाता मध्ये ८ जना (१६%) अविवाहित थिएाविवाहित मध्ये प्रेम विवाह गर्नेको संख्या २१ जना (४२%) देखियो भनेमागी विवाह गर्नेको संख्या १३ जना (२६%) र अन्य किसिमबाट विवाह गर्नेको संख्या ८ जना (१६%) देखियो ।यसबाट तामाङ्ग समुदायका महिलाहरुलाई आफुले मनपराएकोव्यक्तिसँग विवाह गर्ने स्वतन्त्रता छ भन्ने देखिन्छ । तामाङ्ग समुदायमा प्रेम विवाहकै प्रचलन बढी भएकोले मागि विवाह र अन्य किसिमको विवाह गर्ने चलन थोरै मात्रामा मात्रै देखियो ।

**तालिका नं. २३ः उत्तरदाताको विवाह भएको किसिमको विवरण**

| क. सं. | विवाहको किसिम | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अविवाहित | ८ | १६ |
| २ | प्रेम विवाह | २१ | ४२ |
| ३ | मागी विवाह | १३ | २६ |
| ४ | अन्य | ८ | १६ |
| **जम्मा** | | **५०** | **१००** |

(स्रोतः स्थलगत अध्ययन, २०७२)

### ५.३ तामाङ्ग महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थामा परिवतर्न गर्ने पक्षहरु

यो अध्ययन २०७२ सालमा गरिएको छ । क्षेत्रगत अध्ययन गर्दा उत्तरदातासँग अन्तरवार्ता लिंदा २०६९ साल भन्दा पहिला तिनिहरुको अवस्था कस्तो थियो भन्ने प्रश्न गरिएको थियो । तल उल्लेखित कारकत्वहरुले तिनीहरुको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याएको छ ।

### ५.३.१ शिक्षा

शिक्षा परिवर्तनको आधार हो । शिक्षाले गर्दा वर्तमान समय वैज्ञानिक युगमा परिवर्तत भएको छ । विश्व खुम्चिएर सानो भएको छ । प्राचिनको ढुंगे युगबाट मानव समुदाय वैज्ञानिक युगमा प्रवेश गरेको छ । शिक्षा लिनु भनेको विद्यालयमा गएर किताब पढ्नु मात्र होइन, हाम्रा इन्द्रियहरुले हेरेर, छोएर, महशुस गरेर, सुनेर सिकेको ज्ञान पनि शिक्षा हो । विद्यालय गएर नपढेका मानिसहरुमा अन्य माध्यमबाट शिक्षा प्राप्त भइरहेको हुन्छ । मानिसले जति गर्‍यो उती सिक्दै जान्छ, त्यसैले व्यवहारिक शिक्षा बढी प्रभावकारी हुन्छ ।

अध्ययन क्षेत्रका तामाङ्गहरु अहिलेका पुस्ता पहिलेको पुस्ताको तुलनामाशिक्षा क्षेत्रमा निकै अगि बढेको छ । पढ्नुपर्छ, बुरुनुपर्छ, सिक्नुपर्छ भन्ने मान्यताको विकास भएकोले तामाङ्ग समुदायका महिलाहरुको सामाजिक र आर्थिक अवस्थामा परिवर्तन भएको छ । पहिले घाँस, दाउरा र खेतीपातीमा मात्र संलग्न हुने तामाङ्ग महिला अहिले सभा, सम्मेलन, छलफल, आदिमा संलग्न हुन थालेका छन् । पहिलो पुस्ताका आमा/सासुहरुले आफ्ना छोरी बुहारीलाई आफुले जस्तो दुःख भोग्नु नपरोस् भनेर पढाएको भन्ने प्रतिक्रिया दिएका छन् । त्यसैले शिक्षाबाट मानिसले धेरै कुरा सिक्ने र धेरै परिवर्तन हुने मान्यता तामाङ्गहरुले व्यक्त गरेका छन् र शिक्षाले गर्दा सामाजिक, आर्थिक तथा शैक्षिक परिवर्तन भएको छ ।

### ५.३.२ सञ्चार

सञ्चार आधुनिक युगलाई परिवर्तन गर्ने एउटा पक्ष हो । अध्ययन क्षेत्रका तामाङ्ग महिलाहरुको सामाजिक र आर्थिक अवस्थामा परिवर्तन ल्याउने माध्यमको रुपमा सञ्चारलाई पनि लिइन्छ । सञ्चारको सुविधाले गर्दा मानिसको जीवन जीउने तरिकामा परिवर्तन भएको छ । टि.भि, रेडियो, मोबाइल, कम्प्युटर, पत्रपत्रिका आदिका माध्यमबाट मानिसले धेरै कुरा सिक्ने अवसर पाएका छन् । सञ्चारका माध्यमले मानिसहरुको लवाइ खवाई, बोल्ने तरिका आदिमा परिवर्तन भएको छ । आफुले नजानेका कुराहरु सिक्ने अवसर पाएका छन् ।अध्ययन क्षेत्रका तामाङ्ग महिलाहरु टि.भि हेरेर, रेडियो सुनेर, मोबाइल चलाएर आफुले धेरै कुरा सिकेको सत्य व्यक्त गर्दछन् । देशविदेशमा भइरहेका कुरा, आफ्नो समुदायमा भइरहेका कुरा आदिका बारेमा टि.भि, रेडियो, पत्रपत्रिकाबाट थाहा हुने र आफ्नो व्यवहारमा लागु गर्न सकिने कतिपय कुरा सञ्चार माध्यमबाट सिकेर अहिले परिवर्तन आएको कुरा तामाङ्ग महिलाले व्यक्त गरेका छन् ।

तलको तालिका अनुसार सञ्चारका साधन मध्ये सबैभन्दा बढी प्रयोग गरिएको साधन टि.भि. देखिन्छ ।

**तलिका नं. २४:सञ्चारका साधनप्रयोग सम्बन्धी विवरण**

| क. स. | सञ्चारका साधन | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | **रेडियो** | | |
| | भएको | ७ | १४ |
| | नभएको | ४३ | ८६ |
| २ | **टि.भि.** | | |
| | भएको | ५० | १०० |
| | नभएको | - | |
| ३ | **मोबाइल** | | |
| | भएको | ४१ | ८२ |
| | नभएको | ९ | १८ |
| ४ | **कम्प्युटर** | | |
| | भएको | ८ | १६ |
| | नभएको | ४२ | ८४ |
| **जम्मा** | | **५०** | **१००%** |

(स्रोतः स्थलगत अध्ययन, २०७२)

टि.भि. मा संसारमा भइरहेका कुरा सुन्न र देख्न सकिने भएकाले टि.भि. प्रयोग गर्नेको संख्या शत प्रतिशत देखिएको हो । त्यसै गरी मोबाइल फोन प्रयोग गर्नेको संख्या बढी देखिनुमा मोबाइल फोन सजिलो माध्यम भएकोले भन्ने निष्कर्ष पाइएको छ । आजकल विस्तारै कम्प्युटरको प्रयोग पनि बढी रहेको अध्ययनको क्रममा भेटियो । रेडियो प्रयोग गर्ने भने थोरै प्रतिशत मात्र छन् किनकी कतिपयको मोबाइले नै रेडियोको काम गरिरहेको छ । मोबाइल नहुनेहरुले सूचना थाहा पाउन र मनोरञ्जन लिन रेडियो प्रयोग गरेको पाइएको छ । घरमा टि.भि. हुनेको संख्या ५० (१००%) छ भने, मोबाइल हुने ४१ (८२%) जना र नहुने ९ (१८%) जना छन् । त्यसैगरी रेडियो प्रयोग गर्ने ७ (१४%) जना र प्रयोग नगर्ने ४३ ( ८६%) जना भएको पाइयो । घरमा कम्प्युटर हुने ८ (१६%) जना र नहुने ४२ (८४%) जना भएको स्थलगत अध्ययनको क्रममा भेटियो ।

### ५.३.३ बजार

मानिसको जनसंख्या वृद्धि संगसँगै बजारको पनि वृद्धि भइरहेको छ । पहिला मानिसको जीवनका लागि आवश्यक पर्ने सरसामान किन्नको लागि बजार टाढा टाढा हुन्थ्यो । बजार सम्म पुग्ने भनेको घरको मूली अर्थात पुरुष मात्र हुन्थे र महिलाहरुको पहुँच बजार सम्म थिएन । अहिलेको समयमा बजारको वृद्धिले गर्दा महिलाहरु पनि बजार जान सक्छन् । नजिकै बजारको व्यवस्थाले गर्दा आफुलाई चाहिने सरसामान बजारबाट ल्याउन सजिलो

भएको छ । बजारमा राखिने विभिन्न वस्तुहरुको प्रयोगले महिलाहरुको सामाजिक आर्थिक अवस्थामा परिवर्तन आएको छ । बजार बढेपछि विभिन्न संघसंस्था खुलेका छन् । वचत गर्ने र लगानी गर्ने ठाउँ पाएका छन् । पहिले आफ्नो आम्दानीबाट केही वचत गरौंभन्दा वचत गर्न सकिने स्थिती नभएका तामाङ्ग महिलाहरु अहिले बजारको विस्तारसँगै खुलेका विभिन्न संघसंस्थामा वचत गर्न थालेका छन् । बजारमा आएका नयाँ-नयाँ लुगा कपडा, नयाँ-नयाँ, नौलो-नौलो जुत्ता, गरगहना भाँडाकुँडा आदिले तामाङ्ग महिलाको समाजिक र आर्थिक पक्षमा परिवर्तन गरिदिएको छ ।

### ५.३.४ राजनीति

राजनीति एउटा त्यस्तो पक्ष हो जसले सामाजिक र आर्थिक अवस्थामा परिवर्तन गर्न सहयोग गर्छ । वर्तमान समयमा महिलाहरु पनि राजनीतिमा संलग्न हुन थालेका छन् । राजनीतिमा संलग्न हुनाले विभिन्न सभा, सम्मेलन, कार्यक्रमहरुमा सामेल हुन पाउने अवसर महिलाहरुले पाएका छन् जसले गर्दा उनीहरुमा परिवर्तन भएको छ । अध्ययन क्षेत्रका तामाङ्ग युवा महिलाहरु राजनीतितर्फ आकर्षित भएको पाइयो । धेरैजसो उत्तरदाताले भोट हाल्न मात्र जाने भनेको पाइयो भने युवा पुस्ताका महिलाहरु राजनीतिमा चासो राख्ने र केही त सक्रिय भएरै लाग्ने गरेको पाइयो । राजनीतिमा चासो राख्दा आफ्नो गाउँमा कुन पाटीले कस्तो काम गरिरहेको छ; जि.वि.स., गा.वि.स. बाट छुट्टिने बजेट आफ्नो गाउँ र वडामा कति सम्म प्रयोग गरिएको छ; गाउँमा केके कुरामा विकास गर्नु आवश्यक छ सबै कुरा महिलाहरुले पनि बुझ्ने मौका पाउँछन् । यस्ता कुराहरु बुझ्नेले आमा-समूह, महिला-समूहको बैठक हुँदा छलफल गर्ने गरेको र त्यसको असर केही मात्रामा भए पनि सबै उत्तरदातामा परेको पाइयो । पहिले घरका मूलीले जसलाई भन्यो उसलाई भोट खसाल्ने महिलाहरु अहिले आफ्नो इच्छाले भोट खसाल्न सक्ने भएका छन् । त्यसैले राजनीतिक कारणले गर्दा पनि अध्ययन क्षेत्रका तामाङ्गको सामाजिक र आर्थिक अवस्थामा परिवर्तन आएको छ ।

### ५.३.५ चेतना

मनिस जब नयाँ कुरा देख्छ नयाँ कुरा सुन्छ, नयाँ मानिससँग भेट्छ उति उसमा चेतनाको विकास हुन्छ । चेतनाको विकाससँगै मानिसमा परिवर्तन पनि आउँछ । अध्ययन क्षेत्रका तामाङ्ग महिलाहरुमा पनि धेरै कुराहरु देखेर, भोगेर, गरेर चेतनाको विकास भएको छ । कति कुराहरु पहिलेको र अहिलेको समय अनुसार परिवर्तन भएको छ र गर्नुपर्छ भन्ने कुरामा

चेतना आएको छ । चेतनाको विकासले उनीहरुमा परिवर्तन पनि आएको छ । परिवर्तनका असरहरु सामाजिक र आर्थिक पक्षमा परेका छन् । जस्तो पहिले-पहिले जता पायो त्यतै दिशा-पिसाब गर्ने तामाङ्ग महिलाहरु अहिले चर्पीमा दिशा-पिसाब गर्न थालेका छन् । परिवार नियोजनका साधन नअपनाउने महिलाहरु अहिले अपनाउन थालेका छन् । वनबाट दाउरा ल्याएर खाना पकाउने महिलाहरु धुवाँबाट हुने असरको बारेमा बुझेर सुधारिएको चूलो बनाउन थालेका छन् । यी बाहेक पनि उत्तरदाताहरुको चेतनामा भएको विवकासले निकै सकारात्मक परिवर्तन भएको पाइएको छ ।

### ५.३.६ पश्चिमीकरण

तामाङ्ग महिलाहरुको सामाजिक तथा आर्थिक अवस्था परिवर्तन गर्ने पक्षहरुमा पश्चिमीकरणको प्रभाव पनि पर्दछ । पश्चिमीकरण भन्ने वितिकै हामी यूरोपियन संस्कृतिलाई सम्झन्छौं चाहे त्यो भौतिक संस्कृति होस् या अभौतिक संस्कृति । पश्चिमीकरणको प्रभावले गर्दा वर्तमान समयमा अध्ययन क्षेत्रका महिलाहरुको पहिरनमा,गरगहनामा परिवर्तन आएको छ, दाउराको साटो ग्याँसमा खाना बनाउँछन् । अक्षर नचिनेपनि मोबाइल फोनको प्रयोग गर्न थालेका छन् । विभिन्न संघसंस्थामा संलग्न हुन थालेका छन् । पुराना अन्धविश्वासी कुरालाई नयाँ ढंगबाट बुझ्न थालेका छन् । त्यसैले पश्चिमीकरणको प्रभावले गर्दा तामाङ्ग महिलाहरुको सामाजिक र आर्थिक स्थितिमा परिवर्तन आएको छ ।

### ५.३.७ बाह्य मानिससँगको सम्पर्क

अध्ययन क्षेत्रमा बसाइँ सरेर वा भाडामा बस्ने मानिसको संख्या बढ्दो छ । अध्ययनको क्रममा बाहिरबाट आएर बस्ने सबै मानिससँग तामाङ्ग महिलाहरुको सम्बन्ध राम्रोभएको पाइयो । बाह्य मानिससँगको सम्बन्धले गर्दा अध्ययन क्षेत्रका महिलाहरुको रहनसहनमा परिवर्तन आएको छ । उनीहरुले लगाउने कपडा, बजार जाने बानी, बोल्ने शैली, आदिमा बाह्य मानिससँगका सम्बन्धको कारणले परिवर्तन आएको पाइयो ।

### ५.३.८ विश्वव्यापीकरण

विश्वव्यापीकरणले विश्वभरि रहेका विभिन्न समाजहरुको बढ्दो अन्तर सम्पर्कपना र अन्तर निर्भरतालाई जनाउने गर्छ । विभिन्न राष्ट्रहरु अर्थतन्त्र र सामाजिक सांस्कृतिक रीतिरिवाज आदिबाट अन्तर सम्बन्धित छन् । दुइ वटा महत्वपूर्ण विश्वव्यापीकरणका उदाहरणमा सञ्चार माध्यम र पूँजीको परिवहनलाई बुझ्न सकिन्छ । नेपाल पनि अर्थतन्त्र र सामाजिक सांस्कृतिक रीतिरिवाज आदिबाट विश्वका विभिन्न राष्ट्रसँग अन्तर सम्बन्धित छ । विश्वका

राष्ट्रका सामाजिक-सांस्कृतिक रीतिरिवाज, आर्थिक क्रियाकलाप आदिको अवलोकन विभिन्न सञ्चार माध्यमबाट गरेर परिवर्तन भएको छ र अध्ययन क्षेत्रका महिलाहरुको पनि सामाजिक, आर्थिक अवस्थामा परिवर्तन भएको छ ।

### ५.३.९ आधुनिकीकरण

सन् १९४० को दशक पछि एसिया, अफ्रिका र कैयौं ल्याटिन अमेरिका जस्ता देशमा देखिएको परम्परागत अवस्थालाई विश्लेषण गरेर ती देशमा परम्परागत स्थितीमा परिवर्तन ल्याएर त्यहाँको सामाजिक, राजनितिक, आर्थिक र धार्मिक लगायत हरेक क्षेत्रमा नवीनतम विकासको गति ल्याउन आएको परिवर्तित अवस्थालाई आधुनिकीकरण भनिन्छ । आधुनिकीकरणलाई पहिले युरोपीकरण, अमेरीकीकरण र पश्चिमीकरण जस्तै
प्रकियाकोरुपमा समान अर्थमा लिएको पाइन्छ । संक्षेपमा भन्दा आधुनिकीकरण एक प्रकिया हो जसका माध्यमबाट समाज सरलबाट जटिल र परम्परागततबाट आधुनिकता तर्फ बदलिन्छ ।

अध्ययन क्षेत्र पनि परम्परागत स्थितीबाट आधुनिकता तर्फ लम्किरहेको अवस्थामा छ । कच्ची घरको सट्टा पक्कि घर बन्न थालेका छन्, गोरेटो बाटोको ठाउँमा पक्की बाटो बनेको छ । घरको कामले नभ्याएर विद्यालय पढ्न नपाएकाका छोरा छोरी बोर्डिङ स्कूल पढ्न थालेका छन् । पहिले टि.भि. नहुलेको घर-घरमा अहिले टि.भि हेर्न थालिएको छ, महिलाले घर बाहिरको  काम गर्न हुन्न भन्ने मान्यता बोकेको समाज अहिले महिलालाई पनि अवसर दिनुपर्छ भन्न थालेका छन् । अध्ययन क्षेत्रका समुदाय पनि सरलताबाट जटिलतातिर बदलिएको छ । यसरी बदलिंदा महिलाहरुको सामाजिक र आर्थिक अवस्थामा पनि परिवर्तन आएको छ । आधुनिकीकरणको प्रभाव तामाङ महिलाहरुलाई पनि परेको छ ।

## ५.४ तामाङ्ग महिलाको सामाजिक स्थितीमा आएको परिवर्तन

मानिस चेतनशील प्राणी हो । यसकारण उ समाजमा एक आपसमा मिलेर बसेको हुन्छ । एउटा समाजमा विभिन्न खालको सामाजिक परम्परा रहेका हुन्छन् । ती सामाजिक परम्पराको अनुसरण गर्दै जानु मानवको मानवीय गुण हो । कुनै पनि जातिका सामाजिक परम्परा अरु जातिका भन्दा भिन्दै खालका हुन्छन् । तामाङ्ग जनजातिको पनि आफ्नै खाले परम्परा रही आएको छ । तर वर्तमान समयमा विभिन्न कारणले गर्दा तामाङ्ग जातिको परम्परागत मान्यतामा परिवर्तन आउन थालेको छ । परिवारको किसिम, विवाह परम्परा, शिक्षा लिने तरिका, संस्कारहरु मान्ने चलन आदिमा क्रमशः परिवर्तन हुँदै आएको छ ।

तामाङ्ग जातिभित्र आएको परिवर्तनले महिलाको स्थितीमा पनि परिवर्तन ल्याउने भएकोले यहाँ तामाङ्ग जातिकै सामाजिक स्थितीको बारेमा अध्ययन गर्नु प्रथमत उत्तम हुन जान्छ ।

### ५.४.१ तामाङ्ग महिलाको पारिवारिक अवस्था

परम्परागत मान्यता अनुसार तामाङ्ग समुदायमा परिवारहरु प्रायजसो संयुक्त परिवारमा बस्दथे ।संयुक्त परिवारमा बसेपछि घरायसी काम र परिवारको रेखदेखमै महिलाहरुको समय बित्थ्यो । वर्तमान समयमा

शिक्षा, संचार, चेतना, आधुनिकीकरण, पश्चिमीकरण आदिको प्रभावले संयुक्त परिवारभन्दा एकल परिवारमा बस्ने महिलाहरुको संख्या बढेको छ । संयुक्त परिवारमा बस्दा महिलाहरु स्वतन्त्र भएर आफ्नो इच्छा र आकांक्षालाई प्रकट गर्न सक्दैनथे । एकल परिवारमा बसेपछि आफु स्वतन्त्र भएको महशुस गर्ने तामाङ्ग महिलाहरुको स्थिती राम्रो भएको पाइन्छ । घरको काममा मात्र सिमित भएर बस्नु नपर्ने, बाहिरी वातावरणसँग पनि घुलमिल हुन पाइने हुनाले महिलाहरु पहिलेको तुलनामा परिवर्तित छन् ।

### ५.४.२ तामाङ्ग महिलाको सामाजिक अवस्था

अध्ययनको क्रममा तामाङ्ग समुदायको सामाजिक स्थितीमा परिवर्तन आएको पाइएको छ । अध्ययन क्षेत्रका तामाङ्ग समुदाय भित्रका महिलाहरुको स्थिती पहिलेको तुलनामा सुध्रिएको छ भने आसपासका तामाङ्ग समुदाय बाहिरका समुदायहरु पनि परिवर्तित भएका छन् । छोरा-छोरी दुवैलाई शिक्षा दिने, महिलालाई पनि घर बाहिरका काममा पठाउने, परम्परागत अन्धविश्वासी मान्यतालाई त्यागेर स्वास्थ्य क्षेत्रमा सचेत हुने, महिलालाई पनि सामजिक निर्णय गर्ने कार्यमा अधिकार दिने जस्ता कार्यहरुमा तामाङ्ग समुदाय बाहिरका भन्दा तामाङ्ग समुदाय भित्रका व्यक्तिहरु सचेत भएको खेखिन्छ । तर अझै पनि सोचे जस्तो र पाउनुपर्ने हक र अधिकार तामाङ्ग महिलाले प्राप्त गर्न सकेको देखिदैन ।

### ५.४.३ सामाजिक सम्बन्ध

अध्ययन क्षेत्रका तामाङ्गहरु बीच राम्रो सम्बन्ध भएपनि कहिलेकाही चाडवाडमा जाँड-रक्सी खाएर झगडा गर्ने कारणले कुनै परिवारको सम्बन्ध छिमेकी सँग नराम्रो हुने गरेको पाइन्छ । एक अर्कालाई पर्दा सहयोग गर्ने, एउटा गाउँलाई पर्दा अर्को गाउँकाले सहयोग गर्ने गर्छन् । गाउँ विकासका कार्यहरु गर्नुपरे सबै मिलेर छलफल गरी गाउँको विकासका लागि आएका बजेट सदुपयोग गर्छन् । आफ्नो समुदाय बाहेक वरपरका अन्य समुदायसँग पनि तामाङ्ग समुदायको राम्रो सम्बन्ध रहेको देखिन्छ ।

### ५.४.४ पारिवारिक संरचना

व्यक्ति-व्यक्ति मिलेर परिवार र परिवार-परिवार मिलेर समाज बन्दछ । समाज मानिसहरुको एउटा समूह हो । तर समाज हुनलाई त्यस भित्रका व्यक्तिहरु बीच एकआपसमा मेलमिलाप र सहयोगको आवश्यकता पर्दछ ।

परिवार भित्र संयुक्त परिवार, एकल परिवार, सानो परिवार, आदि हुन्छन् । एउटा घरमा बुबा, आमा, छोरा, छोरी, हजुरबुबा, हजुरआमा, नाति, नातिनी, आदि मिलेर परिवार बनेको हुन्छ । लोग्ने र स्वास्नी मात्र भएको परिवारलाई पनि परिवार भनिन्छ तर त्यो परिवारलाई पूर्ण परिवार मान्न सकिँदैन, त्यहाँभित्र सरसहयोगको लागि केबल एकजना मात्र हुन्छन् । पूर्ण परिवारमा हजुरबुवा, हजुरआमा, आमा, बुवा, छोरा, छोरी, नाति, नातिनी, आदि हुन्छन् जहाँ सरसयोगको लागि धेरैजना हुन्छन् एउटै परिवारमा बसेर पनि त्यस भित्र मेलमिलाप र सरसहयोग हुँदैन भने त्यो परिवार हुन सक्दैन ।

अध्ययन क्षेत्रका तामाङ्ग समुदायमा फरक-फरक पारिवारीक संरचना भएका परिवारहरु भेटिएको छ । कुनै परिवार ठूला छन्, कुनै परिवार साना छन्, कुनै एकल परिवार छन् भने कुनै संयुक्त छन् । परिवार भित्र सबै मिलेर आफ्नो-आफ्नो काम गर्छन् । आफ्नो परिवारको लागि घरका सबै सदस्यबीच एक आपसमा अन्तरक्रिया र सरसहयोग भावना रहेको पाइयो । कुनै कुनै परिवारमासबै सदस्यबीच सरसल्लाह र मेलमिलाप हुने गरेको पाइएन । यस्तो किसिमको वातावरण खासगरी ठूला परिवारमा हुने गरेको पनि अध्ययनको क्रममा भेटियो ।

### ५.४.५ पारिवारिक बनोट

परिवार भित्र एउटै लिङ्ग र उमेरका सदस्यहरु बस्दैनन् । भिन्न उमेर र लिङ्गका सदस्यहरुबाट परिवार बनेको हुन्छ । कुनै परिवारमा महिलाको र कुनैमा पुरुषको संख्या बढी हुन्छ । त्यसैगरी कुनै परिवारमा साना उमेरका व्यक्ति बढी हुन्छन् । अध्ययन क्षेत्रका तामाङ्गहरुको पारिवारीक बनोट पनि फरक-फरक किसिमको छ र महिलाहरुको पारिवारीक बनोट बारेमा अध्ययन गर्दा १ वर्ष भन्दा मुनिका बालबालिका देखि ५० वर्षभन्दा माथिका सदस्यहरु रहेका परिवार पनि भेटियो, बच्चा-बच्ची रपाका उमेरका सदस्य नभएका परिवार पनि भेटियो । कुनै परिवारमा महिलाको संख्या बढी देखियो र कुनैपरिवारमा पुरुषको संख्या बढी देखियो ।

### ५.४.६ धर्म

अध्ययन क्षेत्रका तामाङ्गहरुको सामाजिक र आर्थिक अवस्थामा परिवर्तन भए पनि धर्म भने परिवर्तन भएको पाइँदैन । पहिला पनि बौद्ध धर्म मान्थे । हिन्दू धर्म अनुसार मनाइने

चाडपर्वहरु पनि मनाउँथे अहिले पनि बौद्ध धर्म र हिन्दू धर्म दुवैलाई आत्मसाथ गर्ने तामाङ्ग समुदाय छन् । धर्म मान्ने सोचाइमा भने परिवर्तन भएको देख्न सकिन्छ । धर्मको नाममा हुने अन्धविश्वासी कुराहरु तामाङ्ग समुदाय र महिलाहरुले विश्वास गर्न छोडका छन् भने कति पयले भने त्यस्ता कुरा अझै मान्दै आएको पाइन्छ ।

### ५.४.७ संस्कृति

अध्ययन क्षेत्रका तामाङ्ग जातिका भेषभूषा, भाषा, धर्म, परम्परागत संस्कार, रहनसहन, रीतिरिवाज, चाडपर्व, उत्सव आदि उनीहरुको संस्कृति हो । तामाङ्ग महिलाहरुले आफ्नो संस्कृतिलाई छोडेका छैनन् तर भेषभूषामा परिवर्तन आएको छ । पहिलेका तामाङ्ग बालबालिका तामाङ्ग भाषा बाहेक अन्य भाषा बोल्न जान्दैनथे अहिले नेपाली भाषा बढी बोल्ने भएका छन् । महिलाहरु सभा, सम्मेलन, बैठक, आदिमा नेपाली भाषा नै प्रयोग गर्छन् । परम्परागत संस्कारमा पनि परिवर्तन आएको पाउन सकिन्छ । पास्नी, व्रतवन्ध, विवाह, आदि संस्कारमा परिवर्तन आएको छ । यस्ता संस्कारहरु परम्परागत तरीकाले नगरी आधुनिक तरिकाले मनाउने चलन आएको छ । रहन सहनमा पनि परिवर्तन भएको पाउन सकिन्छ । बस्ने घर, शौचालय, खाना पकाउने साधन, खाने कुराहरु प्राय परिवर्तन भएको छ । चाडपर्व, उत्सव पनि नयाँ तरिकाले मनाउन थालिएको छ । यसरी तामाङ्ग समुदायको सामाजिक संस्कार र संस्कृतिमा परिवर्तन भएको अध्ययनले देखाएको छ ।

### ५.४.८ तामाङ्ग महिलाको वैवाहिक अवस्था

समुदाय, समाज, परम्परा उस्तै भएपनि परम्परा देखि नै अन्य जातिका महिलालाई भन्दा बढी स्वतन्त्रता तामाङ्ग महिलालाई भएको पाइन्छ । मागी विवाह भन्दा पनि बढी प्रेम विवाहको प्रचलन रहेको तामाङ्ग जातिमा पहिले थोरै मात्रामा प्रेम विवाह हुने गरेको पाइएता पनि वर्तमान समयमा त्यसले अझै मौलाउने मौका पाएको छ । क्षेत्री, बाहुन समुदायमा जस्तो छोरीलाई कर गरेर विवाह गरेर पठाउने, छोरी चेलीले आफुले मन पराएको केटासँग जान गाऱ्हो हुने स्थिती तामाङ्ग महिलाहरुमा कमै देखियो । उत्तरदाताहरुलाई सोध्दा पनि प्रायजसोले मनमिलेर विवाह गरेको भन्ने उत्तर दिएको पाइयो ।

### ५.४.९ तामाङ्ग महिलाको शैक्षिक स्थिती

अध्ययन क्षेत्रका महिलाहरु पहिले त्यति पढेलेखेका हुँदैनथे । खेतीपाती, घाँस-दाउरा र सानै उमेरमा विवाह गर्ने चलनले गर्दा पढ्न नपाएको उत्तरदाता मध्येका वृद्धा महिलाहरुले बताए । पढ्ने मन भएपनि पढ्न पाइँदैन थियो, विद्यालय थिएन, पढ्ने पैसा हुँदैनथ्यो भन्ने

उत्तर अघिल्ला पुस्ताका तामाङ्ग महिलाहरुबाट पाइयो । वर्तमान समयमा भने पढ्नुपर्छ भन्ने चेतना सबैलाई आएको छ । केही वर्षयता तामाङ्ग महिलाको शैक्षिक स्थिती पनि राम्रो हुँदै आएको छ । आफुले पढ्न नपाएपनि छोरीलाई त पढाउनुपर्छ भन्ने मान्यता तामाङ्ग महिलाहरु राख्छन् । विभिन्न कारणले पढ्न नपाएका र पढाई छुटेका महिलाहरु पनि प्रौढशिक्षा र अन्य अनौपचारिक शिक्षा लिएर शिक्षित हुन थालेका छन् ।

### ५.४.१० स्वास्थ्यको अवस्था

स्वास्थ्य नै धन भन्ने कुरा पहिले देखि नै मानिसहरुले आफ्नो बोलीचालीमा प्रयोग गर्ने गर्थे । जव मानिसआफू निरोगी र स्वस्थ रहन्छ तब मात्र उसले अरु कुरा सोच्न सक्छ र धन कमाउन पनि सक्छ तर आफू नै रोगी भएपछि केही गर्न सक्दैन । तामाङ्ग समुदायमा पहिले-पहिले यो भनाइलाई उययोगमा ल्याएको पाइन्न । अहिले पनि कति तामाङ्ग समुदायमा जाने हो भने त्यहाँको स्वास्थ्य स्थिती सन्तोषजनक देखिन्न । गरिबी, अशिक्षा, चेतनाको अभाव आदि कारणले तामाङ्ग समुदाय अझै पनि पिछडीएको छ । अध्ययन क्षेत्रको तामाङ्ग महिलाहरुको पनि स्वास्थ्य स्थिती पहिले राम्रो थिएन । घरधन्दा, मेलापात, घाँसदाउरा आदिमै समय बित्थ्यो । बच्चाबच्ची जन्माउँदा पनि उमेरको अन्तराल नराखी जन्माइने चलनले धेरै बच्चाबच्ची हुन्थे । कतिको अकालमा ज्यान जान्थ्यो । सरसफाइको अभावले र अज्ञानताले कतिपय स-साना रोगबाट पनि तामाङ्ग महिलाको मृत्यु हुन्थ्यो । जाँड, रक्सीको अत्याधिक सेवन, धुम्रपान आदिले धेरै सताउँथ्यो । तर वर्तमान समयमा शिक्षा, रोजगारी, संचार, चेतना आदि कारणले गर्दा तामाङ्ग महिला मात्र नभएर तामाङ्ग समुदायकै स्वास्थ्य स्थितीमा सुधार ल्याएको छ । परिवार नियोजन साधनको प्रयोगले बच्चाबच्ची कम जन्माउन थालेका छन् । जाँडरक्सी सेवन गर्दा हुने असरबारे जानकार हुन थालेका छन् । अध्ययन क्षेत्रका महिलाको स्वास्थ्य स्थितीमा पहिलेको तुलनामा निकै सुधार आएको छ ।

### ५.४.११ तामाङ्ग महिलाको संघसंस्थामा संलग्नताको अवस्था

अध्ययन क्षेत्रका तामाङ्गहरु विभिन्नसंघसंस्थाहरुमा आवद्ध हुन थालेका छन् । पहिले अशिक्षा, अभाव, गरिबी जस्ता कारणले पछि परेका तामाङ्ग समुदाय वर्तमान समयमा अन्य समुदायसँग प्रतिस्पर्धा गर्न सक्ने स्थितीमा आएको छ । पुरुषको तुलनामा महिला पछि परेपनि अहिले महिलाविभिन्न संघसंस्थामा आवद्ध छन् । आमासमूह, सहकारी संस्था, गरैसरकारी संस्था, राजनितिक दल, सरकारी संस्था आदिमा तामाङ्ग महिलाहरुको संलग्नता पहिलेको तुलनामा निकै बढेको छ । पहिले पुरुष मात्र विभिन्न संस्थासँग आवद्ध हुन्थे भने

अहिले महिला पनि आवद्ध हुन थालेका छन् । यस्ता परिवर्तन देखा पर्नुमा शिक्षा, आधुनिकीकरण, संचार, पश्चिमीकरण, आदिको भूमिका रहेको छ ।

### ५.४.१२ तामाङ्ग महिलाको निर्णयात्मक भूमिका

घर व्यवहार चलाउने देखि लिएर, छोराछोरी जन्माउने, पढाउने, पैसा खर्च गर्ने, लगानी गर्ने आदि क्षेत्रमा तामाङ्ग महिलाको निर्णयगर्ने भूमिका पहिलेको तुलनामा बढ्दै गएको पाइएको छ । घरको महिलाहरु शिक्षामा पछाडी नै छन् । सबै कुरामा निर्णयलिने अधिकार महिलालाई नभएपनि प्रायकुरामा तामाङ्ग महिलाको पनि निर्णयात्मक भूमिका रहेको पाइएको छ । शिक्षा, संचार बाह्य मानिसँगको सम्पर्क, चेतना आदि कारणले तामाङ्ग महिलाहरुको निर्णय गर्ने भूमिकामा पनि परिवर्तन आएको छ । घर सल्लाह हुनुपर्छ भन्ने मान्यताको विकास विस्तारै हुँदै आएकोले निर्णय गर्ने कार्य महिलाले पनि गर्ने चलनको विकास वर्तमान समयमा तामाङ्ग समुदायमा भएको छ । यी बाहेक पनि तामाङ्ग महिलाको सामाजिक अवस्था भित्र पर्ने विविध पक्ष भित्र परिवर्तन देखिएका छन् । वितेका १०-२० वर्षयता देशमा भएका राजनितिक परिवर्तनले गर्दा पनि तामाङ्ग महिलाहरुको सामाजिक स्थितीमा परिवर्तन आएको हो । गाउँघरमा विकासका कार्यहरु हुँदै जाँदा महिलाको सामाजिक स्थितीमा पनि परिवर्तन भएको छ ।

### ५.५तामाङ्ग महिलाको आर्थिक स्थितीमा आएको परिवर्तन

तामाङ्ग महिलाको आर्थिक स्थितीमा पहिलेको तुलनामा निकै परिवर्तन आएको छ । परम्परागत मान्यतालाई मात्र प्रोत्साहन नदिई आजको युगमा आधुनिकिकरणको मान्यतामा आधारित रहेर आफ्नो जीवन निर्वाह गर्दा सहज हुने देखिएपछि अध्ययन क्षेत्रका तामाङ्गहरु परम्परागत कार्यमा तल्लीन हुन छोडेका छन् । परम्परागत पेशा छोडी आजका तामाङ्ग समुदाय नयाँ पेशातिर आकर्षित भएका छन् । शिक्षा र चेतानाको कारणले गर्दा पनि आर्थिक उपार्जन हुने पेशामा परिवर्तन आएको छ । परम्परागत कृषि प्रणाली छाडेर नयाँ पेशा अपनाएका तामाङ्ग समुदायले आफ्ना आम्दानीबाट आर्थिक अवस्था सुधारेका छन् । छोरा-छोरीको विवाह गर्दा दाइजो लिने दिने चलन भए पनि ती चलनमा पनि परिवर्तन देखिएको छ । आफ्नो आम्दानीबाट बचत गर्न थालेका छन्  र लगानी पनि गर्न थालेका छन् । संचारका साधनको बढी भन्दा बढी प्रयोग हुन थालेको छ ।

### ५.५.१ तामाङ्ग महिलाको पेशा/व्यवसाय

तामाङ्ग महिलाहरु परम्परागत पेशाहरु छाडेर अहिले नयाँ पेशा व्यवसायतिर आकर्षित हुन थालेका छन्। पहिले कृषि र पशुपालन तामाङ्ग समुदायको पेशा हुन्थ्यो भने वर्तमान समयमा तामाङ्ग समुदायमा सरकारी, गैरसरकारी संस्था आदिमा काम गर्ने, आधुनिक तरकारी खेती गर्ने, विभिन्न व्यवसाय सञ्चालन गर्ने कार्यको विकास भएको छ । अहिलेका तामाङ्ग महिला घर, खेत, मेलापात, वनजङ्गल आदिमा मात्र सिमित छैनन् । कोही, विद्यालयमा शिक्षिका, कोही सहकारीमा, कोही बैङ्कमा, कोही अन्य संघसंस्थामा कार्यरत छन् । घरमै बस्ने महिलाहरु कसैको किराना पसल, कसैको होटल छ, कसैको ब्यूटी पार्लर, कसैको कपडा सिलाउने पसल छ । यी बाहेक तामाङ्गमहिलाको सामाजिक अवस्था भित्र पर्ने विविध पक्षहरमा पनि परिवर्तन देखिएका छन् ।वितेका केही वर्षयताराजनितिक परिवर्तनले गर्दा तामाङ्ग महिलाहरुको सामाजिक स्थितीमा परिवर्तन आएको हो । गाउँघरमा विकासका कार्यहरु हुँदै जाँदा महिलाको सामाजिक स्थितीमा पनि परिवर्तन भएको छ ।

### ५.५.२ तामाङ्ग महिला र बजार

तामाङ्ग महिला पहिले बढी जसो समय घरमै बिताउँथे, खेतीपाती, घरव्यवहार, बच्चाबच्ची भन्दैमा फुर्सद हुँदैनथ्यो । घरबाट बाहिरिएर बजार घुम्ने, डुल्ने, बाहिरको परिवेश बुझ्ने फुर्सद नै हुँदैनथ्यो । कहिलेकाहीँ फुर्सद मिलेर बजार गए पनि अहिले जस्तो ठूला बजार थिएनन् । अहिले तामाङ्ग महिलाहरुको जीवनमा परिवर्तन आएको छ । महिनौं लाग्ने खेतीपातीको काम आधुनिक मेसिन प्रणाली, काम गर्ने मानिसको सहजता आदिको सहयोगले २-४ दिनमै सम्पन्न गर्न सकिन्छ । गाइवस्तुलाई खुवाउने घाँसपातको लागि दिनहुँ वनपात गर्नु पर्दैन, नयाँ कृषि प्रणालीको सुविधाले घाँसपात पनि उमार्न सकिन्छ । यसले गर्दा समयको वचत हुन्छ र फुर्सदको समयमा बजार जान सक्छन् । पहिलेको तुलनामा अहिलेका तामाङ्ग महिलाको आर्थिक स्थिती राम्रो भएकोले बजारमा पाइने सरसामान खरिद गर्न उनीहरु सक्षम हुन्छन् ।

### ५.५.३ तामाङ्ग महिला र रोजगारी

अध्ययन क्षेत्रका तामाङ्ग महिलाहरु रोजगारको सिलसिलामा विभिन्न कार्यमा संलग्न छन् । रोजगारीले गर्दा तामाङ्ग महिलाको आर्थिक स्थितीमा परिवर्तन आएको छ । आफैले कमाउने भएपछि उनीहरुलाई आफ्नो लागि आवश्यक पर्ने सरसामान किन्न र घरव्यवहार चलाउन पनि सजिलो भएको छ । बाहिरी परिवेशमा घुलमिल हुने मौका पाएका छन् । त्यसैले

रोजगारले महिलाहरुको आर्थिक स्थिती सुध्रिएको छ । शिक्षा, चेतना, तालिम आदिले महिलालाई रोजगार हुन सहयोग पुऱ्योएको छ ।

### ५.५.४ तामाङ्ग महिला र दाइजो/पेवा

तामाङ्ग समुदायमा दाइजो दिने/पेवा पठाउने चलनमा परिवर्तन आएको छ । पहिले आफ्नो छोरीको विवाहमा गाई, बाख्रा, जग्गा, भाँडाकुँडा, जस्ता दाइजो/पेवा दिने चलन थियो । अहिलेको पुस्तामा छोरीलाई गाईवस्तु, जग्गाको सट्टा सुन, पैसा दाइजो दिने चलन छ । तामाङ्ग समुदायमा दाइजो दिएको सामानमा चेलीको हक लाग्छ । अझै पेवा भनेर दिइने सरसामान त महिलाले कसैलाई दिनु पर्दैन । तामाङ्ग महिलाहरुमा 'पेवा' एकदमै महत्वपूर्ण हुन्छ तर पहिलेको तुलनामा वर्तमान समयमा दाइजो र पेवा दिने चलनमा परिवर्तन आएको छ । आफ्नो छोरीलाई दिइएको पेवा छोरीको अनुमति विना कसैले प्रयोग गर्न पाउँदैन ।

### ५.५.५ तामाङ्ग महिला र कृषि

तामाङ्ग महिलाहरु बिहानदेखि साँझनपरेसम्मआफ्नो खेतीबारीमा खटिनुपर्थ्यो र यो सिलसिला महिनौसम्म चल्थ्यो तर वर्तमान समयमा महिनौँसम्म एउटै कामको लागि खटिनुपर्ने अवस्थामा कमि आएको छ। अहिले खेतबारीमा धान, गहुँ, कोदो, मकै मात्र नभएर तरकारी र व्यवस्थित पशुपालन पनि हुन थालेको छ । गहुँ,

धान चुट्नको लागि र कुट्नका लागि विधुतिय मेसिन प्रयोग गर्न थालिएको । यसरी आधुनिकीकरणले तामाङ्ग महिलाहरुको कृषि क्षेत्रमा परिवर्तन ल्याइदिएको छ ।

### ५.५.६ जीविको पार्जनका रणनीतिहरु

अध्ययन क्षेत्र अर्ध ग्रामिण क्षेत्र भएकोले जनसंख्याको चाप बढ्दै गइरहेको छ । उत्तरी भन्दा दक्षिणी भागमा जनसंख्या बढ्ने क्रम जारी छ । खेतीपाती हुने जग्गा जमिनमा धमाधम घरहरु बनिरहेका छन् । जनसंख्या वृद्धिको कारण बेरोजगारी समस्या बढ्ने क्रममा छ । यस्तो अवस्थामा आफ्नो जिविको पार्जनका लागि तामाङ्ग समुदाय पनि आफुले जाने बुझेका काम बाहेक अन्य नयाँ रोजगारीमा पनि संलग्न छन् । घरमा बस्ने महिलाहरु जाँड-रक्सी बनाएर बेच्ने, होटल, पसलहरु चलाउने, खेतबारीमा उत्पादित अन्नहरु बेच्ने, पशुपन्छी बेच्ने आदि गरेर आफु र आफ्नो परिवारलाई आवश्यक पर्ने सरसामान जुटाउँछन् भने सरकारी र गैरसरकारी संस्थामा नोकरी गर्ने र जिविको पार्जनका लागि आम्दानी जुटाउने महिलाहरु पनि छन् । पुरुषहरु आधुनिक तरकारी खेतीगर्ने, घरका महिलाहरुलाई खेतबारीको काममा सहयोग गर्ने, सरकारी र गैरसरकारी संस्थामा रोजगारी गरेर आम्दानी गर्ने र जीविको

पार्जनका लागि सहयोग गर्ने गर्दछन् । कतिपय पुरुषहरु भने जग्गा-जमिन दलाली गर्ने, राजनितिक दलका नेताहरुसँग काम गर्ने गरेर पनि आम्दानी गर्छन् ।

### ५.५.७ तामाङ्ग महिला र आम्दानी

अध्ययन क्षेत्रका तामाङ्ग महिलाहरु शिक्षित हुन थालेपछि घरभित्रका आयआर्जन नहुने र उत्पादनशील कामको रुपमा नलिइने काम बाहेकका आयआर्जन हुने र उत्पादनशिल कामको रुपमा हेरिने कामका क्षेत्रतिर लागेका छन् । खेतीपाती, गाईवस्तु र वनजंगल धाउन बाध्य महिलाहरु अहिले त्यसका साथै व्यापार/व्यवसाय, उद्योगधन्दा र नोकरी जस्ता कामका क्षेत्रमा संलग्न हुन थालेका छन् । साना होटल, किराना पसल, कपडा सिलाइ बुनाइका पसल, व्यूटिपार्लर जस्ता व्यापारिक काम र विभिन्न सरकारी र गैरसरकारी संस्थामा नोकरी गर्ने काम गरेर आम्दानी गर्न थालेका छन् । केही महिलाहरु घरमै बसी गाइ वस्तुको दूध बेच्ने, जाँड रक्सी बनाएर बेच्ने गरेको पाइएको छ । महिलाहरु यस्ता किसिमका आम्दानीबाट आफ्नो लागि आवश्यक पर्ने सामान किन्ने गर्दछन् । पहिले जस्तो पैसाको अभावमा आफुलाई आवश्यक पर्ने सामान किन्नबाट बञ्चित हुन नपरेकोले तामाङ्ग महिलाहरुको स्थिती परिवर्तन भएको छ ।

### ५.५.८ महिला र वचत

तामाङ्ग महिलाहरु आफ्नो परिवारको आम्दानीबाट वचत गर्न थालेका छन् । पहिले आम्दानीका स्रोत कम थिए, आम्दानी गरेका रकम घर व्यवहारको खर्चमा नै सिमित हुन्थ्यो । अहिले आम्दानीका स्रोत बढेका छन्, एउटै घरमा पनि एकभन्दा बढी व्यक्ति रोजगार छन्, महिलाहरु स्वयं पहिलेको तुलनामा आम्दानी गर्न सक्ने भएका छन् । बचत गर्नुपर्छ भन्ने चेतना महिलामा वृद्धि भएको छ । वचत गर्नाले आफुलाई चाहिएको समयमा वचत गरेको रकमबाट खर्च गर्न सकिन्छ भन्ने बुझेर महिलाहरु विभिन्न आमा/महिलासमूह, सहकारी संस्था, बैङ्क, आदिमा वचत गर्न थालेका छन् ।

### ५.५.९ महिला र लगानी

तामाङ्ग महिलाहरु क्रमशः आम्दानी हुने पेशातिर लागेको पाइन्छ । आफ्नो आम्दानीबाट थोरै-थोरै रकम सहकारी संस्था र आमा/महिला समूह जस्ता संस्थामा बचत गदर्छन् भने लगानी गर्न सक्ने क्षमता उनीहरुमा छैन । कहिलेकाहीँ घरछिमेकीलाई गाह्रो सारो पर्दा सरसापट दिने बाहेक घरका श्रीमान्को कमाई राम्रो भएका एक दुइ महिलाले मात्र आफ्नो परिवारको आम्दानीबाट लगानी गरेको पाइएको छ । आफ्नो जमिन बेचेर आएको पैसाबाट

पनि कसै-कसैले संस्थागत विद्यालय, सहकारी संस्था जस्ता संस्थामा लगानी गरेको अध्ययनको क्रममा भेटिएको छ । समग्रमा हेर्दा सामाजिक र आर्थिक पक्षका अन्य क्षेत्रमा परिवर्तन आए पनि अझैसम्म तामाङ्ग महिलाहरु आफ्नो आम्दानीबाट लगानी गर्न सक्ने स्थितीमा पुग्न सकेका छैनन् ।

### ५.५.१० महिला र ऋण

अध्ययन क्षेत्रका तामाङ्ग परिवार मध्येम वर्गीय परिवार भित्र पर्दछन् । आफ्ना आधारभूत आवश्यकताका लागि आवश्यक वस्तु उनीहरुसँग छ । उच्च वर्गीय परिवारको जस्तो सुख सयल र मोजमस्ती भने उनीहरुको पहुँचमा छैन । सामान्य जीवन विताइरहेका तामाङ्ग समुदायका महिलाहरु शिक्षा र चेतनाका कारण आम्दानी हुने खालका कामहरु गर्न थालेको पाइएको छ । त्यस्ता खालका कामहरु गर्न धेरैजसोले कसैसँग ऋण नलिएको बताएका छन् । आफ्नो आम्दानीबाट जति पुग्छ त्यतिले स-साना कामहरु गरेका  छन् । कसै-कसैले भने सहकारी, महिला समूहबाट ऋण लिएर आफ्नो व्यापार/व्यवसाय सञ्चालन गरेको पाइएको छ । सहकारी संस्थाहरुले ऋण दिए पनि चर्को ब्याज लिने गरेकोले आमा/महिला समूह जस्ता आफ्नै गाउँघरका संस्थाहरुबाट ऋण लिन सजिलो भएको महिलाहरु बताउँछन् ।

## ५.६ सामाजिक/आर्थिक संघसंस्था र त्यसकोप्रभाव

अध्ययन क्षेत्रका तामाङ्ग समुदायमा सामाजिक संघसंस्था र आर्थिक संघसंस्थाले निकै प्रभाव पारेको देखिन्छ । सामाजिक संघसंस्थाका रुपमा महिला/आमा समूह, गूठी, क्लब, आदिले विभिन्न बैठक, सम्मेलन, तालिम, चेतना मूलक कार्यक्रमहरु गर्ने भएकोले त्यस्ता कार्यक्रमहरुबाट तामाङ्ग समुदायमा चेतना अभिवृद्धि, आत्मविश्वास, उत्साह, आदिको प्रभाव परेको देखिन्छ । पढ्नुपर्छ, बाहिरी वातावरण बुझ्नुपर्छ, स्वस्थ रहनुपर्छ, आफ्नो घरव्यवहार चलाउन घरमै बसेर सानातिना व्यापार व्यवसाय सन्चालन गर्न सकिन्छ भन्ने कुरा सामाजिक संघसंस्थाका माध्यमबाट तामाङ्ग समुदायले सिकेका छन् र त्यही अनुसार गरिरहेका छन् । आर्थिक संघसंस्थाका रुपमा सञ्चालित सहकारी संस्था, बैङ्क आदिमा पैसा वचत गर्ने बानी आजकलका तामाङ्ग समुदायले बसालेका हुनाले त्यहाँबाट उनीहरु ऋणलिन सक्ने भएका छन् । लिएको ऋणबाट स-साना व्यापार सञ्चालन गर्ने पनि भएका छन् । आफुले कमाएको पैसा वचत गर्नु पर्छ भन्ने चेतना अभिवृद्धि भएको छ ।

# अध्याय छ
# सारांश तथा निष्कर्ष

## ६.१ सारांश

यो शोध अध्ययन स्थलगत सर्वेक्षण को माध्यमबाट काठमाडौं जिल्लाको गोकर्णश्वर नगरपालिका अर्न्तगत वार्ड ३, ४, ५ गरिएको थियो । सबै उत्तरदाताहरू यस ठाउँका बासिन्दा हुन् । त्यहाँका स्थानिय तामाङ्ग महिलाहरूको सामाजिक तथा आर्थिक  अवस्था माथि केन्द्रीत रहेर तथ्यांकको विश्लेषण गरिएको छ । अध्ययनको मूख्य विषयमा प्रवेश गर्नु अघि अध्ययन क्षेत्रका जम्मा घरधुरीहरूको सामाजिक-आर्थिक तथा जनसंख्यासँग सम्बन्धी विशेषताहरू लाई समेटिएको छ ।

यस अध्ययनको विशिष्ट उद्देश्य चाहि अध्ययन क्षेत्रका तामाङ्ग महिलाहरूको सामाजिक तथा आर्थिक पृष्ठभुमीको बारेमा जानकारी लिनु रहेको छ । उद्देश्य पुरा गर्नका निम्ती अध्ययन क्षेत्रका रूपमा काठमाडौं जिल्लाको गोकर्णेश्वर गरपालिका भित्रको रहेका वार्ड न ३, ४ र ५ मा रहेका जम्मा १४४ घरधुरीमध्ये ५० घर परिवारका ५० जना महिलाहरुबाट मात्र तथ्यांक संकलन गरिएको छ ।

यो अध्ययन अन्वेषणात्मक अनुसन्धान ढाँचा मा आधारित भएर गरिएको छ । तथ्यांकको स्रोतको रूपमा प्राथमीक तथा द्धितीय स्रोतलाई प्रयोग गरिएको छ । अवलोकन, अन्तरवार्ता, विशीष्ट जानकार व्यक्तिहरूसँग छलफल, संरचित तथा असंरचित प्रश्नावली जस्ता विधिहरूबाट परिणात्मक तथा गुणात्मक तथ्यहरू संकलन गरिएको छ । अध्ययनका लागी चाहिने तथ्यांकहरू प्राथमीक श्रोत अन्तर्गत घरधुरी सर्वेक्षण, स्थलगत अवलोकन मुख्य सुचनादाताको अन्तरवार्ता जस्ता माध्यमहरू प्रयोग गरिएका छन् । त्यस्तैगरि द्धितिय श्रोत अन्तरगत  तामाङ्ग महिलाका विभिन्न पक्षका सम्बन्धमा लेखिएका लेख, पुस्तक, तथ्यांक विभागमा प्रकाशीत तथा अप्रकासीत लेख, साहित्यीक पत्रीका, प्रतिवेदन विभिन्न संस्थाहरूको प्रतिवेदन आदिबाट पनि आवश्यक सुचनाहरू संकलन गरिएका छन् । यसरी संकलन गरिएका तथ्यांकलाई तालिका बनाई प्रस्तुत गरि आवश्यकता अनुसार व्याख्या एवं विश्लेषण गरिएको छ ।

यस शोध अध्ययनको क्रममा ५० जना उत्तरदातामध्ये सबैभन्दा बढी (३०%) २५-३४ वर्ष उमेर समुहका छन् । ५४ वर्ष भन्दा माथिका उत्तरदाता सबैभन्दा कम १४% रहेको छ । त्यसैगरी ६०% उत्तरदाता एकल परिवारमा बसेका छन् भने ४०% उत्तरदाता संयुक्त परिवारमा बसेका छन् । जम्मा उत्तरदातामध्ये १६% अविवाहित छन् भने७८% विवाहित, ४% विधुवा र २% छुट्टिएर बसेका महिला छन् ।

उत्तरदातामध्ये सवैभन्दा बढी ५ देखि १० सम्मको शैक्षिक योग्यता भएका ३०%, निरक्षर २४% र सबैभन्दा कम स्नातकोत्तर तह सम्मको योग्यता भएका २% छन् । विवाहित उत्तरदातामध्ये सबैभन्दा बढी ६४.३% महिलाले परिवार नियोजनका अस्थायी साधन प्रयोग गर्ने गरेका छन् भने कुनै पनि साधन प्रयोग नगर्ने १६.७% छन् । जम्मा उत्तरदातामध्ये सबैभन्दा बढी ४०.५% महिला आमा/महिला समूहमा आवद्ध छन् भने सबैभन्दा कम ७.१% महिला सरकारी संस्थामा आवद्ध छन् ।

तथ्याङ्क अनुसार ३०% उत्तरदाताको आम्दानीको स्रोत कृषि तथा पशुपालन देखिएको छ भने १०% उत्तरदाताको मात्र आम्दानीको स्रोत ज्याला मजदुरी रहेको छ । मासिक आम्दानी २०००० भन्दा माथि हुने उत्तरदाता १८% मात्र छन् र १५०००-२०००० हुने सबै भन्दा बढी ३०% छन् ।त्यसैगरी भूमिको विवरण हेर्दा १-२ रोपनी जग्गा जमिन भएका ३०% र ५ रोपनी भन्दा माथि जग्गा जमिन भएका २४% छन् ।

५० जना उत्तरदातामध्ये सबैभन्दा बढी ५४% उत्तरदाता खाना पकाउन ग्याँस र दाउरा दुवै प्रयोग गर्छन् भने दाउरा मात्र प्रयोग गर्ने ६% मात्र छन् । जम्मा उत्तरदातामा पेवा/दाइजोको रुपमा पैसा हुने सबैभन्दा बढी ४२% छन् भने सुन हुने ४०% छन् । विवाहित उत्तरदातामध्ये प्रेम विवाह गर्ने उत्तरदाताको बाहुल्यता पाइन्छ । प्रेम विवाह पछि मागि विवाह गर्ने ३०% छन् ।

५० जना उत्तरदातामा १००% उत्तरदाताकै घरमा टि.भि भएको पाइयो भने मोबाइल प्रयोग गर्ने ८२% रघरमा कम्प्युटर हुने जम्मा १६% मात्र पाइयो ।

यस अध्ययनलाई प्रभावकारी निचोडमा पुऱ्याउन महिलाहरुको सहभागिताका क्षेत्रहरु घर गृहस्थीमा संलग्नता तथा हैसियत त्यस्तै सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक, राजनैतिक तथा स्वास्थ्य क्षेत्रमा कस्तो अवस्था रहेको छ भन्ने सन्दर्भमा अध्ययन गर्दा पहिलेको तुलनामा हाल तामाङ्ग महिलाहरुको अवस्थामा निकै सुधार र परिवर्तन आएको पाइयो ।

स्वास्थ्य तथा प्रजनन्को सन्दर्भमा अध्ययन गर्दा अध्ययन स्थलका महिलाहरु सबैको घरमा चर्पी भएको, बिरामी हुँदा अस्पताल लैजाने, सफा खानेपानीको प्रयोग गर्ने, धुम्रपानको असरबारे थाहापाएर कतिले धुम्रपान गर्न छोडेको आदि तथ्य पाइयो भने प्रजनन् सम्बन्धी पनि सचेत भएको पाइयो । पहिलेका पुस्तामा कसै-कसैले मात्र परिवार नियोजनका साधन प्रयोग गरेको र वच्चा पनि छोरा-छोरी जे भए पनि थोरै जन्माउनु पर्छ भन्ने विचार व्यक्त गरेको पाइयो ।

शिक्षा, संचार, बजार, राजनीति, पश्चिमीकरण, आधुनिकीकरण, बाह्य मानिससँगको सम्पर्क विश्वव्यापीकरण आदिले अध्ययन क्षेत्रका महिलाको सामाजिक तथा आर्थिक जीवनमा प्रभाव पारेको र परिवर्तन भएको कुरा स्थलगत अध्ययनको क्रममा अन्तर्वार्ता, असहभागिमूलक अवलोकन, सामुहिक छलफल, जानकार व्यक्तिसँगको अन्तर्वार्ताआदिबाट थाहा हुन आएको छ । परिवर्तन गर्ने पक्षहरुका प्रभावले सामाजिक तथा आर्थिक जीवनमा सकारात्मक असर बढी पारेको भए पनि परम्परागत संयुक्त परिवार भन्दा एकल परिवारको संख्या बढी हुनु, पश्चिमी र शहरी संस्कृति अनुसारका गरगहना र पहिरहन प्रयोग गर्नु, अर्काको देखासिकीगर्नु, बढी खर्च गर्नु जस्ता व्यवहारले नकारात्मक असर पारेको हो की भन्ने अनुमान गर्न सकिन्छ ।

## ६.२ निष्कर्ष

यस अध्ययनबाट प्राप्त निष्कर्षलाई निम्नानुसारका बुँदाहरुमा प्रस्तुत गरिएको छ :

शैक्षिक स्थिती र बाहिरी कामको क्षेत्रमा पहुँचको कमीले अरु समुदायका महिलाभन्दा पिछडीएका भएपनि हालको अवस्थामा सञ्चार, चेतना, पश्चिमीकरण, आदिको कारण शैक्षिक स्थिती र बाहिरी क्षेत्रका काममा संलग्तना बढेको छ । तामाङ्ग महिलाहरु घरको काम, खेतीपाती मात्र नभई जागिर, व्यापार/व्यवसाय, उद्योगधन्दा आदिमा संलग्न हुन थालेका छन् । तामाङ्ग महिलाहरुमा प्रेम विवाहको प्रचलन बढी देखिन्छ र कम उमेरमा विवाह गर्नेको संख्या पनि बढी देखिन्छ तर यसले कुनै असर पारेको भने पाइँदैन ।

विभिन्न समूह, संस्था स्थापना गरी त्यसमा संलग्न हुन थालेका छन् र वचत पनि गर्न थालेका छन् । तामाङ्ग महिलाहरु राजनितिक रुपमा जागरुक र सक्रिय हुन थालेका छन् । राजनितिक छलफल, भेलाहरुमा पनि आफ्नो विचार व्यक्त गर्न सक्ने भएका छन् । आफ्नो गाउँ र महिलाको उत्थानको लागि योगदान गर्ने मानिसलाई मात्र मत दिनुपर्छ भन्ने मान्यताको विकास भएको छ । सञ्चारका साधनमा टि.भि., मोबाइल प्रयोग गर्नेको संख्या

बढेको छ भने पहिलेको तुलनामा तामाङ्ग महिलाले लगाउने गरगहना र पोशाकमा पनि परिवर्तन भएको छ । तामाङ्ग महिलाहरको पेवाको रुपमा आफ्नो व्यक्तिगत सम्पति पनि रहने गरेको छ। तामाङ्ग महिलाहरु सरकारी स्तरका कार्यालयहरुमा पनि संलग्न हुन थालेका छन् । तामाङ्ग महिलाहरुको जग्गामा स्वामित्व भने कम छ, पुरुषहरुको नाममा नै जग्गाको स्वामित्व रहने हुनाले महिलाहरु यस कुरामा पछाडी नै छन् । तामाङ्ग परिवारका महिलालाई परिवारको आर्थिक निर्णयहरुमा सहभागी बनाउने प्रवृति अरु जातजातिमा भन्दा बढी पाइएको छ । पूजाआजा, चाडपर्व, भेला, र अन्य विविध कार्यक्रमहरुमा तामाङ्ग महिलाको सक्रियता पुरुष सरह नै देखिन्छ । सामाजिक तथा आर्थिक परिवर्तन पछि अध्ययन क्षेत्रका उत्तरदाताको जीवनमा परेका प्रभाव नकारात्मक भन्दा सकारात्मक बढी देखिएको छ ।

अन्य जातजातिभन्दा पिछडीएका तामाङ्ग महिलाहरु हाल आएर परिवर्तित भएका छन् । अन्य जातका महिलाहरुको तुलनामा पुऱ्याउनको लागि तामाङ्ग महिलाहरुलाई पनि शिक्षा र चेतनाको माध्यमबाट अगाडी बढाउनु पर्ने देखिन्छ । सरकारी निकाय, राजनितिक दल, निजी क्षेत्र, दातृ निकाय, NGO, INGO, नागरिक समाज आदि हरेकक्षेत्रबाट सार्थक प्रयास थालिएमा अध्ययन क्षेत्रका मात्र होइन अन्य क्षेत्रका तामाङ्ग महिलाहरुको पनि उत्थानमा सहयोग पुग्ने देखिन्छ ।

## सन्दर्भग्रन्थ


अधिकारी, श्याम, (२०५७), *नेपालका जनजातिहरु,* राष्ट्रिय जनजाति विकास समिति, काठमाडौंः नेपाल ।

आचार्य, सुरेश, (२०५६), *भोजपुर जिल्ला, याङपाङ गा. वि. स. का तामाङहरुको सामाजिक, आर्थिक र राजनैतिक सम्बन्धी अध्ययन (शोध पत्र), समाजशास्त्र/मानवशास्त्र* काठमाडौंः विभाग, त्रिचन्द्र बहुमुखी क्याम्पस, घण्टाघर, नेपाल ।

आचार्य, बलराम, (२०६८) *लैङ्गिक र महिलावादी अध्ययन,* काठमाडौंः नेशनल बुक सेन्टर, भोटाहिटी, नेपाल ।

केन्द्रिय तथ्याङ्क विभाग, (२०६८), *राष्ट्रिय जनगणना* काठमाडौंः थापाथली, नेपाल ।

छार, म्हेन्दो, (२०६९), *नेपाल तामाङ्ग घेदुङ्ग, मासिक पत्रिका* ललितपुरः ख्युङ्बा प्रकाशन पुल्चोक, नेपाल ।

तामाङ्ग परशुराम, (२०५५), *तामाङ्ग संस्कार, नेपाल तामाङ्ग घेदुङ्ग,* काठमाडौंः पुतलीसडक नेपाल ।

तामाङ्ग, अजितमान, (२०६९), *तामाङ्ग जातिको चिनारी,* ललितपुरः जावलाखेल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

तामाङ्ग परशुराम, (२०६३), *तामाङ्ग जाति नयाँ सहश्राब्दी विकास एजेण्डा,* पुतलीसडकः तामाङ्ग घेदुङ्ग, नेपाल ।

तामाङ्ग, सिङमान, (२०६८), *तामाङ्ग जाति इतिहासदेखि वर्तमानसम्म,* ललितपुरः ख्युङ्बा चौथो संस्करण, प्रकाशन पुल्चोक ।

तामाङ्ग, परशुराम, (२०५१), *तामाङ्ग जाति,* पुतलीसडकः ने.रा.प्र.प्रतिष्ठान ।

राष्ट्रिय योजना आयोग, (२०५५), *नवौं पञ्चवर्षीय योजना* काठमाडौंः सिंहदरवार नेपाल ।

राष्ट्रिय योजना आयोग (२००२-२००७) *दशौं पञ्चवर्षीय योजना* काठमाडौंः सिंहदरवार नेपाल ।

विष्ट,डोर बहादुर, (२०६४), *सबै जातको फूलबारी,* पुलचोकः ललितपुर आठौं संस्करण, साझा प्रकाशन, नेपाल ।

सूचना विभाग, (२०३१), *मेचीदेखि महाकाली* संहदरवार काठमाडौंः नेपाल ।

शर्मा, जनकलाल, (२०४९), *हाम्रो समाज एक अध्ययन,* काठमाडौंः साझा प्रकाशन ।

Acharya, M. &Lynn, B. (1981): *The Rural Women of Nepal: an aggregate analysis and summary of 8 village studies* . Kathmandu: T.U. Kirtipur.

Acharya, M. (1979): *Status of Women,* Tribhuvan University, Kathmandu: Centre for economic development and administration (CEDA).

Cedon, D. (1987): *A state of Poverty*, Oxford University Press, New Delhi.

March, Kathryan S. (2002): *If Each Comes Halfway Meeting Tamang Women in Nepal* London, UK. : Cornell University Press,

Thomas E. Fricke (1986). *Himalayan Household: Tamang Demography and Domestic process* Michigan: UMI Research Press.

# अन्तरवार्ता सूचि

**प्रश्नावली**

उत्तरदाताको नामः घरमुलीसँगको सम्बन्धः

उमेर :लिङ्ग : धर्म :

भाषा : वैवाहिक स्थिति :

शिक्षा : पेशा :नागरिकता :

***सामाजिक पक्षः***

१. तपाईंको निम्न पारिवारिक विवरण दिनुहोस् :

| **क्र.सं.** | **विवरण** | **महिला** | **पुरुष** | **जम्मा** |
|---|---|---|---|---|
| १. | १ वर्ष भन्दा मुनिका | | | |
| २. | १ वर्ष देखि ५ वर्षसम्मका | | | |
| ३. | ६ वर्ष देखि १४ वर्षसम्मका | | | |
| ४. | १५ वर्ष देखि ४९ वर्षसम्मका | | | |
| ५. | ५० वर्ष देखि माथिका | | | |
| **जम्मा** | | | | |

२. तपाइँको परिवार कस्तो किसिमको छ?

(क) एकल (ख) संयुक्त

३. तपाईको घरको किसिम कस्तो छ ?

(क) छाप्रो (ख) कच्ची (ग) पक्की (घ) अन्य

४. तपाईले कहाबाट शिक्षा पाउनु भएको हा ?

(क) औपचारिक (ख) अनौपचारिक

५. तपाईले कति पढ्नु भएको छ ? (पढेको भए)

(क) १-५ (ख) ६-१० (ग) एस. एल. सी (घ)प्रविणता प्रमाणपत्र तह

(ङ) स्नातक तह (च) स्नातकोत्तर तह

६. तपाईको गाउँमा स्वास्थ्य चौकी छ कि छैन ?

(क) छ (ख) छैन

७. तपाईँको परिवारको कुनै सदस्य बिरामी भएमा कहाँ लैजानुहुन्छ ?

(क) धामी (ख) झाक्री (ग) डाक्टर (घ) वैद्य

८. तपाईको आफ्नो बच्चाहरु कहाँ जन्माउनु भयो ?

(क) अस्पतालमा (ख) घरमा (ग) दुबै ठाउँमा

९. तपाईले परिवार नियोजनका साधन प्रयोग गर्नु भएको छ ?

(क) छ (ख) छैन

१०. कुन साधन प्रयोग गर्नु भएको छ ? (यदि प्रयोग गरेमा)

(क) अस्थायी साधन (ख)स्थायीसाधन

११. तपाई धुम्रपान गर्नुहुन्छ ?

(क) गर्छु (ख) गर्दिन

१२. तपाईको घरमा चर्पी छ कि छैन?

(क) छ (ख) छैन

१३. कस्तो चर्पी छ ?

(क) कच्ची (ख) पक्की

१४. तपाईको परिवारको लागि खानेपानीका मुख्यश्रोत कुन हो ?

(क) धारा (ख) इनार (ग) कुवा (घ) अन्य

१५. तपाईको विवाह कस्तो किसिमबाट भएको हो ? (विवाहित भए)

(क) प्रेम विवाह (ख) मागि विवाह (ग) अन्य

१६. घर व्यवहारको निर्णय गर्ने कुरामा तपाईको परिवारलेसल्लाह गर्छ कि गर्दैन ?

(क) गर्छ (ख) गर्दैन (ग) पहिल गर्दैनथ्यो अहिले गर्छ

१७. घरका कामहरु (खाना पकाउने, सफा गर्ने, भाँडा माझ्ने आदि) मा को सहभागी हुन्छ ?

(क) महिला (ख) पुरुष (ग) दुवै

***आर्थिक पक्ष***

१८. तपाईको आम्दानीकोश्रोत के हो ?

(क) कृषि (ख) व्यापार (ग) जागिर (घ) ज्याला

१९. तपाईको आफ्नो जमिन छ कि छैन ?

(क) छ (ख) छैन

२०. कति जग्गा जमिन छ ? (छ भने)

(क) ०-१ रोपनी (ख) १-२ रोपनी (ग) २-४ रोपनी (घ)

५ रोपनी भन्दा माथि

२१. तपाईको घरमा कस्ता घरपालुवा जनावर पाल्नुभएको छ ?

(क) गाई (ख) भैंसी (ग) बाख्रा (घ) हाँस (ङ) कुखुरा

(च) छैन

२२. तपाईको परिवारको मासिक आम्दानी कति छ ?

(क) ५०००-१०००० (ख) १००००-१५००० (ग) १५०००-२००००

२३. तपाईको आफ्नो पेवा सम्पत्ति छ कि छैन ?

(क) छ (ख) छैन

२४. कस्तो किसिमको पेवा सम्पत्ति छ ? (छ भने)

(क) जमिन (ख) घर (ग) पैसा (घ) जनावर (ङ) अन्य

२५. तपाईको परिवारबाट कोही विदेश गएका छन् ?

(क) छन् (ख)

छैनन्

२६. विदेश के गर्न गएका ? (छन् भने)

(क) काम गर्न (ख) पढ्न (ग) अन्य

२७. आफ्नो आम्दानीबाट बचत गर्नुभएको छ ?

(क) छ (ख) छैन

२८. कहाँ बचत गर्नुभएको छ ? (छ भने)

(क) बैङ्कमा (ख) फाइनान्समा (ग) महिला/आमा समूह

***सामाजिक तथा आर्थिक अवस्थामा परिवर्तन गर्ने पक्षहरु***

२९. तपाईको घरमा टि.भी., रेडियो छ कि छैन ?

(क) छ (ख) छैन

३०. मोबाइल प्रयोग गर्नुहुन्छ कि गर्नुहुन्न ?

(क) प्रयोग गर्छु (ख) प्रयोग गर्दिन

३१. तपाईलाई कम्प्युटर चलाउन आउँछ ?

(क) आउँछ (ख) आउँदैन

३२. तपाई खाना के मा पकाउनुहुन्छ ?

(क) दाउरामा (ख) ग्याँसमा (ग) मट्टितेलमा (घ) अन्यमा

३३. तपाईले लगाउने पोशाक तथा गरगहनामा परिवर्तन भएको छ ?

(क) छ (ख) छैन (ग) अलिअलि आएको छ

३४. तपाईले कति वर्षको उमेरमा विवाह गर्नु भएको हो?

(क) १०- १५ (ख) १६-२० (ग) २१-२५

३५. तपाई कुनै संस्था वा समूहमा संलग्न हुनुहुन्छ ?

(क) संलग्न छु (ख) संलग्न छैन

३६. तपाई कस्ता संस्था वा समूहमा संलग्न हुनुहुन्छ?

(क) महिला समूह (ख) आमा समूह (ग)सहकारी संस्था (घ) यूवा क्लव

३७. तपाई राजनीतिमा कति चासो राख्नु हुन्छ ?

(क) सक्रिय भएर लाग्छु (ख) भोट हाल्न मात्र जान्छु (ग) चासो छैन

३८. तपाईको बाहिरबाट बसाई सरेर आएका मानिससँग सम्बन्ध कस्तो छ ?

(क) राम्रो (क) नराम्रो